अध्याय : एक

# अनुसन्धान परिचय

## १.१ पृष्ठभूमि

नेपाल बहुभाषिक, बहुजातीय, बहुसांस्कृतिक अवस्था भएको दक्षिण-पूर्वी एसियामा अवस्थित भूपरिवेष्ठित राष्ट्र हो । नेपाल भूमि सधैं स्वतन्त्र राष्ट्रको रूपमा कहिले विशाल क्षेत्रमा र कहिले साँघुरो भूभागमा खुम्चिन पुग्यो । बहादुर शाहको नायवीकालमा नेपालको सिमाना पूर्वमा टिष्टादेखि पश्चिममा काँगडासम्म विस्तार भएको थियो (के.सी., २०५९ ६) । नेपाल-अङ्ग्रेज युद्ध (वि.सं. १८७१-७२) पछि नेपाल राष्ट्रको सिमाना पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म सीमित हुन पुग्यो । भारतमा अङ्ग्रेजविरुद्धको सैनिक विद्रोहमा जङ्गबहादुरले अङ्ग्रेजलाई सघाएवापत सुगौली सन्धिमा गुमेको पश्चिम तराई- बाँके, बर्दिया, कैलाली र कञ्चनपुर (नयाँ नेपाल) फिर्ता पाएपछि नेपालको कुल क्षेत्रफल १,४७,१८१ वर्ग कि.मी. कायम भएको छ । यो क्षेत्रफल विश्वभूमिको ०.०३ प्रतिशत र एसिया भूमिको ०.३ प्रतिशत भूभाग हो (निरौला, २०५३ : १६) । नेपालको पूर्व-पश्चिम लम्बाइ लगभग ८८५ कि.मी. र उत्तर-दक्षिण चौडाइ औसत १९३ कि.मी छ ।

नेपाल राष्ट्रको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म तथा उत्तर हिमाली खण्डदेखि दक्षिण तराईको दशगजासम्म बसोबास गर्ने सबै जातजाति सिङ्गो नेपाली संस्कृतिको अभिन्न अङ्गको रूपमा रहेका छन् । सिङ्गो संस्कृतिभित्रका हरेक जातजातिका आ-आफ्नै सांस्कृतिक वैशिष्ठ्यता रहेका छन् । यी सबै जातजातिहरूको समुचित अध्ययनविना नेपाली समाजको बनोट र यसको इतिहास पहिचान हुन सक्दैन । नेपालका विभिन्न क्षेत्रमा बसोबास गर्ने जाति-जनजातिहरूको खोज-अनुसन्धान गरी उनीहरूको पहिचान गर्नु आजको महत्त्वपूर्ण दायित्व हो । नेपाली भूमिमा अगाडिदेखि बसोबास गर्दै यस भूमिमा पसिना मात्र होइन, आवश्यक पर्दा रगत बगाउनसमेत तत्पर जाति वा समुदाय नेपाली राष्ट्रियताका अभिन्न अङ्ग हुन् र उनीहरूलाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्दै जानु आजको आवश्यकता हो ।

नेपालको हिमाली प्रदेशमा शेर्पा, हुम्ली, भोटे, थकाली आदि जातिको बसोबास रहेको छ । पहाडी प्रदेशमा क्षत्री, बाहुन, गुरुङ, मगर, तामाङ, राई, लिम्बू, कामी, दमाई, सार्की,

चेपाङ, नेवार, दरै, माझी, गाइने, धिमाल आदि जातिहरूको बाहुल्यता छ । तराई प्रदेशमा थारु, राजवंशी, यादव, राजपुत, मुसलमान, सतार, चमार, दनुवार, तेली, सुडी, कुर्मी आदि जातिहरूको बसोबास छ । यिनीहरूको आफ्नै संस्कार, भाषा तथा भेषभूषा रहेको छ जसले नेपालीपनको पहिचान गराउँदछ । त्यसैले नेपालका विभिन्न जातजातिबीच एकआपसमा समानता र असमानता दुवै पक्ष रहेको हुँदा यी जातजातिहरूको अध्ययन-अनुसन्धान समय समयमा हुँदै आएको पाइन्छ । नेपालमा भाषिक, सांस्कृतिक र जातीय विविधता हुनुमा यहाँको परिवेश नै प्रमुख रूपमा देखापर्दछ । भौगोलिक अनुकूलता र सुरक्षित क्षेत्र महसुस भएकै कारण यस भूमिमा परापूर्वकालदेखि दक्षिण-पश्चिमतिरबाट आर्यहरू र उत्तरपूर्वतिरबाट मङ्गोल मूलका मानिसहरू आई बसोबास गर्ने संगमस्थल बन्न पुग्यो । भौगोलिक सुगमताका कारणले दक्षिणतर्फको सम्बन्ध निकट देखिए तापनि नेपालको सम्बन्ध परापूर्वकालदेखि नै उत्तर-दक्षिणतर्फ समदूरीको रहेको तथ्य इतिहास साक्षी छ । स्वतन्त्र र अविभाज्यता नेपालको पहिचान हो भने वीरता नेपाली जातिको 'शान' हो ।

नेपालमा लिच्छविहरूको प्रवेशसँगै वर्णव्यवस्था सुरु भएको मानिन्छ । मगधका सम्राट अजातशत्रुबाट परास्त भएर लिच्छविहरू वैशालीबाट नेपाल प्रवेश गरेका थिए । इ.पू. पाँचौं शताब्दीमा किराँती राजा गस्तीलाई युद्धमा हराई सुपुष्पदेवले लिच्छवि राजवंशको स्थापना गरे (उपाध्याय, २०६२:५) । सुपुष्पदेवको समयबाट नेपाली समाजमा वर्णव्यवस्थाको सूत्रपात भएको मानिन्छ । १५ औं शताब्दी अर्थात् पछिल्लो अवधिमा जयस्थिति मल्लको समयपछि जातअनुसारको कर्मले प्रश्रय पायो । यसरी नेपाल भूमिमा विविध जातीय बनोट मात्र तयार भएन, त्यसले विभेदकारी घेरा समेत तयार पाऱ्यो । वर्णव्यवस्थाअनुसार ब्राह्मण, क्षत्री, वैश्य र शूद्र गरी चार वर्णमा नेपाली समाज विभाजित हुन पुग्यो भने शूद्रलाई सबैभन्दा तल्लो र पानी नचल्ने जातिमा गणना गरियो । शूद्र वर्णअन्तर्गत पहाडीया जातिमा कामी, सार्की, दमाई, पोडे, च्यामे आदि जाति पर्दछन् । यी अछूत बनाइएका जातिहरूको अवस्था दयनीय छ । समाजमा यिनीहरू विशेष गरी गैरदलितहरूबाट शोषित, पीडित बन्न पुगेका छन् ।

नेपालमा बसोबास गर्ने पहाडीया जातिमध्ये सार्की पनि एउटा दलित जाति हो । परम्परागत रूपमा यिनीहरू हिन्दू धर्मावलम्बी हुन् । परम्परागत रूपमा छालाको काम गर्ने हुनाले यस जातिलाई चर्माकार पनि भनिन्छ । यो एक अल्पसङ्ख्यक जाति हो । यसको उत्पत्ति र नामाकरणका सम्बन्धमा किटान साथ भन्न सकिँदैन । सार्की जाति नेपालका

प्रायजसो सबै ठाउँमा पाइन्छन् तर यिनीहरूको घना बस्ती चाहिँ कहीँ पनि छैन (पाण्डेय, २०६४:५५)। सार्की जातिभित्र पनि विभिन्न थरहरू पाइन्छन् तर पनि उनीहरूका बीच भेदभाव भने त्यति भएको पाइँदैन। नेपालमा सूचीकृत १०१ जातिमध्ये सङ्ख्यात्मक रूपमा ठूलोबाट हेर्दा यो जाति १५ औं स्थानमा पर्दछ। नेपालको कुल जनसङ्ख्यामध्ये १.४ प्रतिशत जनसङ्ख्या सार्की जातिको रहेको छ (पपुलेसन सेन्सस, २००१:७२)।

नेपाली समाजमा कलङ्कको रूपमा रहेको जातीय छुवाछूत र यसले सिर्जना गरेको असरबाट पिल्सिएका सार्की जातिको सामाजिक न्यायका पक्षमा वकालत गर्नु साथै सामाजिक रूपमा भएका अन्याय सप्रमाण पुष्टि गर्दै उनीहरूको पहिचान स्थापित गर्नुका साथै उनीहरूभित्र रहेका कमीकमजोरीहरूलाई उजागर गर्दै त्यस्ता कमीकमजोरीबाट माथि उठ्न प्रेरित गर्नु आजको सचेत वर्गको कर्तव्य हो भन्ने सोचाइले गर्दा कास्की जिल्ला माझठाना गा.वि.स. अन्तर्गत प्रमुख रूपमा वडा नं. १ मा बसोबास गर्ने गहुँगोरो वर्ण भएका कर्मयोगी सार्की जातिको बारेमा खोज-अनुसन्धान गर्न लागिएको छ।

## १.२. समस्या कथन

नेपाल राष्ट्र नै एउटा त्यस्तो विषमताको राष्ट्र हो, जहाँ घुमन्ते (फिरन्ते) जीवन बिताउँदै कन्दमुल र शिकारको भरमा जङ्गल र ओढारमा बाँच्दै आएका लोपोन्मुख कुसुण्डा, चेपाङ, राउटेदेखि लिएर ठूला सुविधासम्पन्न महलमा बस्ने उद्योगपति, व्यापारी, भूमिपति र राजनीतिक नेतासमेत यहाँ रहेका छन्। यसबाट स्पष्ट हुन्छ यहाँ हुनेखाने र हुँदा खानेको बीचमा कति गहिरो खाडल छ। नेपाल राष्ट्रलाई 'चार वर्ण, छत्तीस जातको साझा फूलबारी' भनिन्छ तापनि यहाँ ठूला फूलका वृक्षले साना वृक्षलाई यति सेप गरिरहेको छ कि यी साना वृक्षरूपी मानव लोपोन्मुख अवस्थामा भयग्रस्त छन्। देशभरि १६० जना मात्र सङ्ख्या भएका कुसुण्डा जाति भोलि यस भूमिमा नहुन पनि सक्दछन्। यहाँ विरामी पर्दा उपचार गरेर निको हुन्छ भन्ने चेतनासम्म नभएका र जीवनमा एक ट्याब्लेट सिटामोलसम्म नपाएका मानिसदेखि दुःख के हो भन्ने अनुभवसमेत गर्न नपरेका मानिस छन्। सकल जीवनमा एक जोडी चप्पल नभएका मानिससम्मको बसोबासको क्षेत्र हो नेपाल। यस राष्ट्रको स्रोत साधनमा सधैं सम्भ्रान्त परिवारमा जन्मे-हुर्केका ठूलाठालुहरूको हालिमुहाली रहँदै आयो भने तल्लो वर्गका ठानिएका कारणले सधैं उपेक्षा, शोषण, दमन र अपहेलना खेप्दै आएका नेपाली जातिको अवस्थामा कहिल्यै घाम लागेन। देशको स्रोत साधनमा

सबैको समान पहुँच हुनुपर्दछ भन्ने नीतिगत सोच कहिल्यै बनेन ।

सामाजिक एवं जातीय उच-नीचका कारण विभेदमा परेका र अछूतका रूपमा राखिएका सार्की जाति सामाजिक, आर्थिक एवं शैक्षिक रूपमा पछाडि परेको समुदायमध्ये एक हो । प्रस्तुत अध्ययनमा माझठाना गा.वि.स. वडा नं. १ मा बसोबास गर्ने सार्की जातिको सामाजिक अवस्था कस्तो छ ? उनीहरूको आर्थिक र शैक्षिक अवस्था कस्तो छ ? उनीहरूसँग अन्य जातिको सम्बन्ध कस्तो छ ? आदिका बारेमा यस शोधपत्रमा अध्ययन गरिएको छ ।

## १.३. अध्ययनको उद्देश्य

कुनै पनि विषयको अध्ययन कार्यमा उद्देश्यहरूको निर्धारण गर्दा विशेष ध्यान पुऱ्याउन आवश्यक हुन्छ । प्रस्तुत अध्ययनका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

- माझठाना गा.वि.स. का सार्की जातिको सामाजिक अवस्थाको अध्ययन गर्नु,
- माझठाना गा.वि.स. का सार्की जातिको आर्थिक अवस्थाको विश्लेषण गर्नु,
- माझठाना गा.वि.स. का सार्की जातिको शैक्षिक अवस्थाको बारेमा प्रकाश पार्नु,
- माझठाना गा.वि.स. का सार्की जातिको राजनीतिक अवस्थाको बारेमा विश्लेषण गर्नु ।

## १.४. अध्ययनको महत्व

नेपाल विभिन्न जातिको लागि एउटा खुला सङ्ग्रहालयको रूपमा विविध सांस्कृतिक पक्षहरू बोकेर विश्वसामु उभिएको छ । यहाँ बसोबास गर्ने विभिन्न जातजातिले आफ्नै जातीय समुदायको सांस्कृतिक पक्ष, रीतिरिवाज, चालचलन, सामाजिक संरचना तथा आर्थिक पक्षसहितको आफ्नै जातिगत चिनारी दिन सफल भएका छन् । विविधतामा एकता हाम्रो विशेषता हो । यो एकतालाई मजबुत पार्न प्रयास हुनु जरुरी छ । यो एकता टुट्यो भने धैर्यताको बाँध फुट्न सक्छ । यसका निम्ति विभेदको दूरी घटाउन आवश्यक छ ।

राष्ट्र निर्माणमा त्यहाँका जनताको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । सिङ्गो राष्ट्रले त्यहाँका जनताको योगदानको अपेक्षा गरिरहेको हुन्छ । कुनै एउटा व्यक्ति वा जातिको एकल प्रयास अपूरो र अधुरो हुन सक्दछ । त्यसैले सामूहिक प्रयास नै देश निर्माणको मूल आधार

हो भन्ने मान्यतालाई आत्मसात गर्दै सबै जातजातिहरूलाई विकासको मूलधारमा समाहित गर्नु राष्ट्रिय दायित्व हो । सम्बन्धित क्षेत्रमा पुगेर गरिएको अध्ययनले मात्र त्यहाँका जातजातिहरूको सामाजिक, आर्थिक, सांस्कृतिकलगायत विविध पक्षहरूको अवस्थाबारे सत्यतथ्य थाहा हुन सक्छ । यस कार्यबाट मात्र राष्ट्रले पछि परेका जातजातिको उत्थानमा ध्यान दिन सक्छ । हरेक जातजातिको सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक क्षेत्रमा विकास हुनु भनेको समग्र राष्ट्रको विकास हुनु हो ।

यस अध्ययनले कास्की जिल्ला, माझठाना गा.वि.स. वडा नं. १ मा बसोबास गर्ने सार्की जातिको सामाजिक, आर्थिक एवं शैक्षिक पक्षको चित्रण गरेको छ । यस जातिको बारेमा यसभन्दा अगाडि खासै अध्ययन भएको छैन । जसले गर्दा आगामी दिनहरूमा यस जातिको सामाजिक, आर्थिक, शैक्षिक एवं सांस्कृतिक पक्षका बारेमा जान्न चाहनेहरूका लागि यो अध्ययन कार्यले मार्ग निर्देशन गर्नेछ भने स्वयं सार्की जातिलाई पनि आफ्नो पहिचान र जातीय उत्थानमा सहयोग पुग्नेछ । यसका अलावा विभिन्न अनुसन्धानकर्ता, योजना निर्माणसम्बन्धी कार्य गर्न स्थानीय निकायहरूलाई समेत यस कार्यबाट सहयोग पुग्नेछ भन्ने सामाजिक विज्ञान विषयको अध्ययनमा समेत सहयोग पुग्नेछ भन्ने अपेक्षा लिइएको छ ।

## १.५. अध्ययनको सीमा र क्षेत्र

कुनै पनि क्षेत्रको अध्ययन गर्नेक्रममा सीमाहरूको निर्धारण गर्नु अपरिहार्य हुन्छ । मूलतः शोधकार्य भनेको कुनै एउटा निश्चित समस्याको पहिचान गरी, एउटा निश्चित विषयमा केन्द्रित रही, निश्चित अवधिमा, निश्चित क्षेत्रका, निश्चित उद्देश्य प्राप्त गर्नका लाग गरिने कार्य हो । यो शोधकार्य त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत पृथ्वीनारायण क्याम्पस पोखराको इतिहास तथा संस्कृति विभाग स्नातकोत्तर तह द्वितीय वर्षको छैटौं पत्रका लागि तयार गर्न लागिएको हो ।

प्रस्तुत अध्ययन कास्की जिल्ला माझठाना गा.वि.स. वडा नं. १ मा बसोबास गर्ने ३९ घरधुरीका सार्की जातिको सामाजिक, आर्थिक एवं शैक्षिक अवस्थाका बारेमा केन्द्रित रहेको छ ।

## १.६. पूर्वकार्यको समीक्षा

नेपालमा जातीय व्यवस्थाका बारेमा विभिन्न विद्वान्हरूका पुस्तक, लेखरचनाहरू प्रकाशित भएका छन्, जसमध्ये दलित उत्पीडित जातिका बारेमा लेखिएका केही महत्त्वपूर्ण रचनाहरूलाई निम्नानुसार उल्लेख गरिएको छ :

(क) पाण्डेय, मधुसूदन (२०६४), नेपालका दलितहरू, काठमाडौं: पैरवी प्रकाशन ।

यस पुस्तकमा लेखकले नेपालमा पहाडदेखि तराईसम्मका दलित जातिको किसिम र उनीहरूको संस्कार तथा वर्तमान अवस्थाका बारेमा उल्लेख गरेका छन् । दलितहरूको आर्थिक, सामाजिक, राजनीतिक अवस्थाका बारेमा लेखकले विस्तृत रूपमा यसमा वर्णन गरेका छन् ।

(ख) प्याकुरेल, सुशील (सं.), नेपालमा जातीय छुवाछूत (२०५३), काठमाडौं: अनौपचारिक सेवा केन्द्र (इन्सेक) ।

यस रचनामार्फत नेपालमा जातीय छुवाछूतको अवस्था, जातीय छुवाछूतविरुद्ध मुक्तिका निमित्त विभिन्न क्षेत्रबाट भएका प्रयासहरू, दलितहरूले भोग्नुपरेका उत्पीडनहरू, नेपालमा को को अछूत, आदिका बारेमा प्रकाश पारेको पाइन्छ ।

(ग) कार्की, ज्ञानबहादुर (२०६६), "नेपाली समाजमा विद्यमान जातीय सहिष्णुतामा चुनौती", सामीप्य समाज विशेषाङ्क, पोखरा : सामीप्य समाज नेपाल ।

यस लेखमा नेपाली समाजको निर्माण, नेपाली समाजमा रहेका जातीय सहिष्णुता, वर्तमानमा देखा परेका नेपाली समाजका चुनौतीहरू आदिका बारेमा उल्लेख गरिएको छ ।

(घ) क्षत्री, दिलबहादुर (२०६२), प्राचीन तथा पूर्वमध्यकालीन नेपाल, काठमाडौं: निरन्तर प्रकाशन, बागबजार ।

नेपाली समाजमा जातीय विभाजन प्राचीनकालदेखि नै थियो तापनि मध्यकालमा आएर यसले व्यापक रूप धारण गर्न पुग्यो । जातीय विभाजनको प्रभावले नेपाली समाजको सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा समेत प्रभाव पर्‍यो । वैदिक कालमा वर्णभेद नभएको तर इसाको तेस्रो शताब्दीको आर्य समाजमा विविध कट्टर सामाजिक नियम प्रतिपादन भएका र यही नियमअनुसार वर्णभेदको सुरुआत भएको उल्लेख गरिएका कुराहरू यसमा रहेका छन् ।

(ङ) आहुति (२०६७), नेपालमा वर्णव्यवस्था र वर्गसङ्घर्ष, ललितपुरः समता प्रकाशन ।

यस रचनामार्फत लेखकले नेपाली समाजमा दलित शब्दबारे भ्रम र वास्तविकता, हिन्दु समाजमा दलित मुक्तिको प्रश्न, हिन्दु सामन्तवाद, राज्य पुनर्संरचना र दलित, संविधानसभा र दलित पहल, दलितका लागि आरक्षण अधिकार, सङ्घीय शासन-प्रणाली र दलित समुदाय, दलित महिलाको राजनीति, नयाँ संविधान र दलित आन्दोलनका कार्यभार, मधेसी दलित मुक्तिको प्रश्न, नेपाली दलित आन्दोलनको भविष्यका बारेमा गहिरो विश्लेषण गरेका छन् ।

(च) उप्रेती, प्रेमरमण र कृष्णबहादुर थापा (२०५३), नेपालको संक्षिप्त सामाजिक, आर्थिक तथा कुटनीतिक इतिहास, काठमाडौं : साझा प्रकाशन ।

यस रचनामार्फत लिच्छविकालपूर्व नेपाली समाजको बनोट कस्तो थियो र लिच्छविकालमा आएर नेपाली समाजको बनोटमा कसरी परिवर्तन आयो, मध्यकालीन नेपालको सामाजिक, आर्थिक अवस्था कस्तो थियो आदि जानकारीका साथै यसमा आधुनिककालको सामाजिक तथा आर्थिक अवस्थाका बारेमा पनि उल्लेख पाइन्छ । हिन्दु समाजमा जस्तो जातीय उचनीचको विभेद र कट्टरता बौद्ध धर्मावलम्बी समुदायमा थिएन । अछूत जाति बौद्ध सम्प्रदायमा छैनन् तापनि कामको आधारमा ठूलो सानाको विभेद भने रहेका छन् भन्ने जस्ता कुराहरू यसमा उल्लेख पाइन्छ ।

(छ) उपाध्याय, श्रीरामप्रसाद (२०६२) नेपालको सामाजिक, आर्थिक तथा प्रशासनिक इतिहास, काठमाडौं : रत्न पुस्तक भण्डार ।

वर्णव्यवस्थाबाट विभाजित नेपाली समाजमा कामको आधारमा जात र त्यसैलाई कडाइका साथ लागू गर्नुपर्ने अन्यथा समाजमा धर्मशङ्कर र वर्णशङ्कर आउँछ भनी तत्कालीन समाज त्यो संरचनालाई पालना गर्न अनिवार्य रहेको, अछूत जातिलाई शूद्र वा तल्लो जातिका रूपमा समाजले लिएको उल्लेख गरिनुका साथै सामाजिक, आर्थिक तथा प्रशासनिक रूपले पनि उनीहरूलाई उत्पीडनमा राखेको कुराहरू लेखकले उल्लेख गरेका छन् ।

(ज) विश्वकर्मा, प्रेम (२०६५), 'नेपालको उत्पीडित आन्दोलनः विगत र वर्तमान', उत्पीडित सन्देश, नेपाल उत्पीडित जातीय मुक्ति समाज, कास्की ।

हिन्दु समाजमा जातीय भेदभाव र छुवाछूत प्रथा देखा पर्दै आएपछि यसका विरुद्ध आवाज नउठेका होइनन् । विरोध र आन्दोलनहरू पनि भए । यस कार्यमा कवीर, महावीर

जैन, गौतम बुद्ध आदिले महत्त्वपूर्ण भूमिका निर्वाह गरे । नेपाल र भारतमा यस जातीय विभेदविरुद्धको आन्दोलनले वर्णव्यवस्थालाई ठूलै चुनौती दिएर समानता र मानवताको पक्षमा आन्दोलित गरायो । महावीर र गौतम बुद्धका ठूला भिक्षु संघहरूमा जातीय भेदभाव र छुवाछूत प्रथालाई अस्वीकार गरियो र भिक्षु संघमा जुनसुकै जात र समुदायका मानिसहरू पनि समान रूपमा सहभागी हुन पाउँथे, भेदभाव कुनै पनि रूपमा थिएन भन्ने जस्ता कुराहरू लेखकले उल्लेख गरेका छन् ।

(झ) विश्वकर्मा, पदमलाल र अन्य (२०६३), नेपाली दलित आन्दोलनको संक्षिप्त इतिहास, काठमाडौं: जनउत्थान प्रतिष्ठान नेपाल ।

यस रचनामार्फत लेखकहरूले नेपाली समाजमा छुवाछूत र जातीय विभेद कहिलेदेखि सुरुआत भयो भन्ने जिज्ञासालाई मेटाउने प्रयास गरेका छन् । महाभारतमा उल्लेख भएअनुसार मानिस-मानिसबीच भेदभाव र असमानताको व्यवहार थिएन । लिङ्गपुराणका अनुसार त्रेतायुगमा वर्णाश्रम व्यवस्था दक्षिण भारतबाट सुरु भएको उल्लेख छ । द्वापर युगमा कृष्णले 'गीतामा 'विद्या नै छ महाशक्ति कर्ममै छ सुपुजन' भनेर कर्मवादलाई बढी विश्वास दिलाएको पाइन्छ । त्यस्तै पुराणकालमा आएर जातको आधारमा आचरणलाई देखाइएको उल्लेख छ । यदि खराब आचरण गर्दछ भने ब्राह्मण पनि शूद्र दर्जामा गिर्दछ भनी यसमा उल्लेख गरेको पाइन्छ । तर मनुस्मृतिले त शूद्र जातिलाई अपमानित गर्न पुगेको छ । यसरी वर्तमानमा रहेको जातीय विभेद र छुवाछूतप्रथा आर्य समाजमा पछि आएर सुरु भएको र यस प्रथाले समाजलाई अधोगतितर्फ उन्मुख गराएको उल्लेख गरेका छन् ।

यसरी विभिन्न लेख-रचनामार्फत अनेकौं लेखकहरूले नेपालका दलित उत्पीडित जातिका बारेमा प्रशस्त उल्लेख गरेको पाइए तापनि कास्की जिल्ला माझठाना गा.वि.स. मा विगत लामो समयदेखि बसोबास गर्दै आएका सार्की जातिका बारेमा कुनै खोज-अनुसन्धान नभएकाले उनीहरूको सामाजिक, आर्थिक तथा शैक्षिक अवस्थाका बारेमा अध्ययन गर्ने प्रयास गरिएको छ ।

## १.७. शोध-विधि

यो शोध कार्य विवरणात्मक तथा वर्णनात्मक रहेको छ। प्रस्तुत अध्ययनको शोधविधि मूलतः निम्न विधिमा आधारित छ।

**(क) प्राथमिक स्रोत अर्थात् मौलिक स्रोतहरू**

यस अध्ययनमा कास्की जिल्ला माझठाना गा.वि.स. वडा नं. १ मा पर्ने ३५ घरधुरीका सार्की समुदायको स्थलगत अध्ययन गरिएको छ। तथ्याङ्क सङ्कलन गर्ने कार्यका लागि स्वयं प्रत्यक्ष रूपमा देखेका प्रमाणहरू र स्थानीय मानिसहरूसँग प्रत्यक्ष वा अप्रत्यक्ष कुराकानीका माध्यमबाट पनि तथ्याङ्क सङ्कलनको प्रयास गरिएको छ। यस प्रयोजनका लागि दलित समुदायका पाँच जना पुरानो पुस्तासँग, १२ जना युवायुवतीसँग र दुई जना स्थानीय दलित बुद्धिजीवीसँग प्रत्यक्ष अन्तरवार्ता लिइएको छ भने सात जना गैरदलित समुदायका महिला र पुरुषसँग पनि दलितप्रति उनीहरूको धारणा बुझ्न अन्तरवार्ता लिइएको छ। यसरी औपचारिक र अनौपचारिक कुराकानीका क्रममा पाइएका तथ्याङ्कहरूलाई स्रोतका रूपमा ग्रहण गरी लेखन कार्यलाई अगाडि बढाइएको छ।

**(ख) सहायक स्रोतहरू :**

विभिन्न विद्वान्हरूले लेखेका पुस्तकहरू, विभिन्न पत्रपत्रिकामा प्रकाशित लेखरचना आदिलाई सहायक स्रोतका रूपमा लिइएको छ। यसरी प्रस्तुत अध्ययनको लेखन कार्यलाई अगाडि बढाइएको छ।

## १.८. अध्ययनको संगठनात्मक ढाँचा

प्रस्तुत अध्ययनको संगठनात्मक ढाँचा निम्नानुसार रहेको छ।

अध्याय एकमा अनुसन्धानको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य र महत्व, अध्ययनको सीमा, पूर्वकार्यको समीक्षा र शोधविधि रहेका छन्।

अध्याय दुईमा नेपाली समाजको निर्माण, नेपाली समाजमा वर्णव्यवस्था र जातीय छुवाछूत तथा नेपाली समाजमा सार्की जातिका बारेमा उल्लेख रहेको छ।

अध्याय तीनमा कास्की जिल्लाको परिचय, कास्कीको नामकरण, कास्कीको

ऐतिहासिक तथा भौगोलिक अवस्थाको संक्षिप्त वर्णन रहेको छ साथै अध्ययनको क्षेत्र रहेको माझ्ठाना गा.वि.स. को परिचय, यसको भौगोलिक, सामाजिक, आर्थिक एवं शैक्षिक अवस्थाको सङ्क्षिप्त परिचय रहेको छ ।

अध्याय चारमा माझ्ठाना गा.वि.स. वडा नं. १ का सार्की जातिको आर्थिक अवस्था, सामाजिक अवस्था र शैक्षिक अवस्थाका बारेमा उल्लेख गरिएको छ ।

अध्याय पाँचमा निष्कर्ष तथा सुझावहरू, सन्दर्भ सामग्रीहरू, परिशिष्ट तथा तस्विरहरू रहेका छन् ।

# अध्याय : दुई

# नेपाली समाजको निर्माण, दलित र सार्की जाति

## २.१. नेपाली समाजको निर्माण

प्राग्ऐतिहासिक कालदेखि नै नेपाल भूमिमा मानव जातिको बसोबास भएको देखिन्छ। बुटवलको तिनाउ खोलामा डा.जे.एच. हट्चिसनले एक करोड, दश लाख वर्ष पुरानो रामनरवानरको दाँत पत्ता लगाएका थिए (उपाध्याय, २०६२:३)। विभिन्न भौगोलिक अन्वेषणबाट प्राप्त प्रमाणहरूका आधारमा नेपाल मानवजातिको उद्गमस्थलको रूपमा विकसित थियो भन्ने सिद्ध हुन्छ। अनुकूल हावापानी र भूबनोटले गर्दा यस भूमिमा आर्य र मङ्गोल मूलका मानिसहरूको प्रवेशसमेत भएको थियो। त्यसक्रममा मङ्गोलहरू उत्तर-पूर्वतर्फबाट र आर्यहरू दक्षिण-पश्चिमतिरबाट प्रवेश गरेको देखिन्छ। यी जातिको नेपाल प्रवेश मुख्यतः दुई कारणबाट भएको देखिन्छ। पहिलो कारण स्वाभाविक प्रचलन थियो कि जति बेला मानिस आफ्नो आवश्यकता पूर्तिका निम्ति एक ठाउँबाट अर्को ठाउँमा सर्ने गर्दथे। उनीहरू जता अनुकूल हुन्छ त्यस क्षेत्रतर्फ जाने र बसाई सर्ने गर्दथे जुन त्यति बेलाको स्वाभाविक प्रचलन थियो। दोस्रो कारण चाहिँ प्राकृतिक प्रकोप र युद्ध आदिको असर थियो। यस्ता प्रकोप जब नेपालका छिमेकी भूभागमा भए, त्यसको असरले त्यहाँबाट मानिसहरू नेपाल भूमिमा प्रवेश गरेर कालान्तरमा नेपाली समाजकै एक अभिन्न अङ्ग बनेर रहे।

प्रारम्भमा दुई विपरीत दिशाबाट प्रवेश गरेका र भिन्न जातीयता र संस्कृति भएका यी जातिको आ-आफ्नै रहन-सहन र संस्कृति थियो। समय बित्दै जाँदा उनीहरूमा एकअर्काको संस्कृतिको प्रभाव पर्दै गयो। यसैको परिणामस्वरूप एउटा समन्वय भएको बेग्लै मौलिक संस्कृतिको जन्म हुन पुग्यो (उप्रेती र थापा, २०५३:१)। यहाँ समन्वयमा आधारित संस्कृतिले नै नेपाली संस्कृतिको रूप लियो, जुन वर्तमानमा हाम्रो संस्कृति हो। प्राचीनकालमा नेपालमा दुई भिन्न जातिको आगमन मात्र भएन हिन्दु तथा बुद्ध धर्मको प्रवेश पनि हुन पुग्यो। यो दुई धर्मको प्रवेश हुनुभन्दा पहिला नेपाली समाज साधारण र प्राकृतिक थियो। त्यस बेलाको समाजमा वर्णव्यवस्था थिएन। बौद्ध धर्मको प्रवेश हुँदासम्म पनि

समाजमा वर्णभेदको सिर्जना भएको थिएन । मूलतः लिच्छविहरूको प्रवेशसँगै हिन्दू धर्मको प्रवेश भयो त्यसपछि नेपाली समाजमा वर्णभेदको सिर्जना भयो तर यो वर्णभेदको अवस्था धेरै समयसम्म हिन्दू जातिमा मात्रै सीमित थियो (उप्रेती र थापा, २०५३:३) । जातीय भेदभावलाई नियाल्ने हो भने हिन्दु धर्मावलम्बीमा जस्तो कट्टरपना बुद्ध धर्मावलम्बीमा अहिले पनि पाइँदैन ।

ऐतिहासिक दृष्टिले हेर्दा लिच्छविकालभन्दा पूर्व नेपालको सामाजिक बनोट 'कविला' किसिमको थियो । ती कविलाहरू मुख्यतः आदिवासी तथा आर्य रक्तवंशसँग सम्बन्धित र मङ्गोल रक्तवंशसँग सम्बन्धित गरी दुई समूहमा विभाजित भएको देखिन्छ (उप्रेती र थापा, २०५३:३) । साधारणतः त्यहाँ विशेष वर्ग र वर्ण थिएन । शोषण र अत्याचार पनि ज्यादै कम थियो । समाज आत्मनिर्भर र आफैमा पूर्ण थियो । बाह्य प्रभाव ज्यादै न्यून थियो । लिच्छविकालपूर्व किराँतकालमा आएर उक्त 'कविला' नेपाली समाजमा छिटो छिटो परिवर्तन आउने आधार तयार हुन थाल्यो । त्यसै कालमा आएर शरणार्थी र आप्रवासीहरूको प्रवेश यस भूमिमा प्रसस्त मात्रामा हुन पुगेको देखिन्छ । लिच्छवि, शाक्य, कोलीय, मल्लहरू कट्टर हिन्दु धर्मावलम्बी थिए । यी जातिको प्रवेश र त्यसपछि लिच्छविहरूको शासन व्यवस्थाको स्थापनाले नेपालको समाजलाई परिवर्तन र संगठित गर्न ठूलो भूमिका खेल्यो । गोपालवंशावलीले काठमाडौं उपत्यकामा सर्वप्रथम शासन गर्ने वंश गोपाल महिषपाल साधारणतः हिन्दू धर्मावलम्बी थिए भनिए तापनि त्यस समयको समाज कस्तो थियो स्पष्ट भने छैन (उप्रेती र थापा, २०५३:३) । यी वंशहरूको नाम पेशागत रूपमा जेडिएकाले त्यस बेलाका मानिसहरूको मुख्य पशा पशुपालन थियो भन्ने स्पष्ट हुन्छ ।

ऐतिहासिक स्रोतले प्रमाणित गरेको नेपाली इतिहासको पहिलो युग लिच्छवि युग हो । यस युगका बारेमा इतिहासमा प्रामाणिक अनेक सामग्रीहरू प्राप्त छन् । यस युगले कविला शासन पद्धतिलाई समाप्त पाऱ्यो र मजबुत केन्द्रीय शासन पद्धतिको स्थापना गऱ्यो । यसै बेलादेखि नेपाली समाजमा वर्णव्यवस्थाले व्यापकता ग्रहण गर्न थाल्यो । राज्य शक्तिको प्रभावले गर्दा हिन्दू समाजदेखि बाहेकका समाजमा पनि वर्णव्यवस्थाको प्रभाव पर्न थाल्यो ।

वर्णव्यवस्था वैदिककालको उपज हो । ऋग्वेदमा वर्णलाई रङ्ग अथवा उज्यालो भनिएको छ । वर्ण र जातलाई एउटै शब्द पर्यायवाची पनि ठानिएको छ । तैत्तिरीय ब्राह्मणमा ब्राह्मणलाई दैवी वर्ण र शूद्रलाई आसुर्य वर्ण भनिएको छ । वर्णव्यवस्थाअनुसार समाजलाई ब्राह्मण, क्षत्री, वैश्य र शूद्र गरी चार वर्णमा विभाजित गरिएको छ । ऋग्वेदको

पुरुषसूक्तमा उल्लेख गरिएअनुसार विराट पुरुषको मुखबाट सर्वोच्च वर्ग ब्राह्मण, पाखुराबाट क्षत्रिय, कम्मरबाट वैश्य र पाउबाट शूद्र उत्पन्न भए भनी उल्लेख छ। यी चारै वर्णका जन्मदाता एक विराट पुरुष नै हुन् भन्ने धार्मिक मान्यता रहेको पाइन्छ। केही धर्मशास्त्रमा सत्व, रज, तम आदि गुणका आधारमा पनि वर्ण विभाजन गरिएको उल्लेख पाइन्छ। यस अनुसार सत्व गुण हुनाले ब्राह्मण, रजगुण हुनाले क्षत्रिय र तमगुण हुनाले वैश्य वा शूद्र भएको उल्लेख पाइन्छ। गुण र क्षमताको आधार महत्त्वको कमवेश हुनु अन्याय पनि होइन। आज पनि गुणहरू र क्षमतावान्हरू महान् नै ठानिन्छन्। गुणहीन र क्षमताहीनहरू कमजोर नै ठानिन्छन्। यो मूल्याङ्कन आफैमा कमजोर होइन बरु त्यसैको आडमा पुस्तौं मूल्याङ्कन गर्ने दृष्टिकोण कमजोर हो। शरीरका सबै अङ्गको आ-आफ्नै महत्त्व हुन्छ। एउटा शरीरबाट जन्मेका मानव हुन् भने आपसमा विभेदको घेरा कोर्नुपर्ने कुनै आवश्यकता पनि छैन। तसर्थ यो विभेद शास्त्रले होइन व्याख्याताले फैलाएको अफवाह मात्र हो भन्ने पुष्टि हुन्छ। गीताका अनुसार राम्रो कर्म गर्ने उच्च वर्ग अर्थात् ब्राह्मण र कर्म राम्रो नगरेमा निम्न वर्गमा जन्मने कुराको उल्लेख पाइन्छ (उपाध्याय, २०६२:१६)। वर्तमान अवस्थामा देखिएको जति राम्रो काम गरे तापनि शूद्र सधैं नीच मानिने र उच्च जाति भनाउँदाहरू जति नीच कर्म गर्दा पनि उच्च रहने हाम्रो संस्कार नै विडम्वनापूर्ण छ। यस्तो संरचनाको अन्त्य हुनु नितान्त आवश्यक छ।

लिच्छवि राजा सुपुष्पदेवले सबैभन्दा पहिला वर्णव्यवस्था लागू गरेका थिए। राजा सुपुष्पदेवले मानिसलाई चार वर्णमा विभाजन गरी आर्य मर्यादाअनुसार न्यायपूर्ण ढङ्गबाट शासन सञ्चालन सुरु गरे भन्ने कुरा ऐतिहासिक स्रोतमा उल्लेख पाइन्छ। उनले व्यवस्थित राज्य सञ्चालन तथा अनार्यहरूबाट हिन्दुहरूको सुरक्षा गर्न नै वर्णव्यवस्था लागू गरेका थिए। यस बखत नेपाल उपत्यकामा अनार्यहरूको सङ्ख्या प्रसस्त थियो। आर्य मर्यादाअनुसार नगरे वा वर्णव्यवस्था पालना नगरेमा धर्मशंकर हुने चेतावनी दिने गर्दथे। धर्मशंकर गर्नेलाई दण्ड दिने कानुनी प्रावधान थियो। उनले हिन्दु धर्ममा यति जोड दिनुका पछाडि उनीहरू गैरहिन्दुबाट परास्त भई वैशाली (भारत) तिरबाट खेदिएकाले पनि अब त्यस्तो स्थिति नआओस् भन्ने हुन सक्दछ। वर्णव्यवस्थालाई निरन्तरता दिन अंशुवर्माले जनताका नाममा आदेश जारी गर्दै धर्मशंकरसम्बन्धी मुद्दा सोझै दरबारबाट राजाले हेर्ने कुरा जानकारी गराएका थिए। यसै गरी अथर्ववेद र तैत्तिरीय संहितामा व्यवसायमा आधारित विभिन्न जातिको बारेमा उल्लेख गरिएको छ। यसमा पानी चल्ने र नचल्ने गरी दुई भागमा

मानिसलाई विभाजन गरियो । यस प्रकारको भावना फैलाउनुमा स्मृति ग्रन्थलाई नै दोषी मानिन्छ । गोपालराज वंशावलीमा उल्लेख भएअनुसार चार वर्ण र छत्तीस जातको व्यवस्था जयस्थिति मल्लले मिलाए भन्ने उल्लेख छ ।

वर्तमान नेपालमा वर्णव्यवस्था तीनतिरबाट फैलिन थालेको देख्न सकिन्छ । एक, तत्कालीन नेपालको बागमती उपत्यकामा लिच्छवि शासनको थालनीसँगै वर्णव्यवस्था लागू गरियो र छुवाछूतसमेत कायम गरियो । त्यसपछि राजा जयस्थिति मल्लले आफ्नो शासनकाल (सन् १३६०-१३९५) मा बागमती उपत्यकामा वर्णव्यवस्थालाई झनै कठोर पारे । दुई, ईसाको पन्ध्रौं शताब्दीपछि प्रवेश गरेका हिन्दु शासकहरूले पश्चिम नेपालदेखि गण्डकी क्षेत्रसम्म वर्णव्यवस्थालाई सुदृढ गरे । त्यस क्रममा गोरखाका राजा राम शाह (सन् १६०५-१६३६) ले चार वर्ण छत्तीस जातको व्यवस्था कायम गरे । तीन, नेपालको मैथिली, अवधीलगायतका भाषा बोल्ने तराईका मधेश समुदायमा वर्णव्यवस्था जन्मिएको केन्द्रीय थलो भारतबाट विस्तार हुँदै आइपुगेको थियो । तराई क्षेत्रमा इसाको छैटौं शताब्दीसम्म वर्णव्यवस्थाका आधारमा शासन-प्रणालीलाई बलियो पार्ने काम सम्पन्न भइसकेको थियो ( आहुति, २०६७:१८) । यसरी वर्णव्यवस्थाको प्रभाव सम्पूर्ण नेपाल भूमिमा विस्तार हुँदै जाँदा नेपाल एकीकरण अभियानले पूर्णता पाएपछि नेपालको सम्पूर्ण भूभागमा वर्णव्यवस्थामा आधारित समाजको निर्माण हुन गई नेपाली समाज विविध जातीय बनोट र विभेदकारी दृष्टिकोणबाट ग्रसित समाजको रूपमा तयार हुन पुग्यो ।

नेपाली समाजमा वर्णव्यवस्थाले निरन्तरता पाउँदै आयो । नेपाल निर्माता पृथ्वीनारायण शाहले पनि "जयस्थिति मल्लले बांध्याको स्थिति हेरी सक्याँ र राम शाहले बाँध्याको स्थिति पनि हेरी सक्याँ" भन्ने विचार व्यक्त गरेबाट त्यस समयको समाज पनि वर्णव्यवस्थाको निन्तरताको एक अङ्ग भएको बुझिन्छ । नेपाल एक बहुभाषिक, बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक फाँटका सुन्दर फूलहरूले सजिएको स्वतन्त्र मुलुक हो । नेपाल राष्ट्रका निर्माता पृथ्वीनारायण शाहले 'नेपाल चार वर्ण छत्तीस जातको फूलबारी हो' भनेर दिव्य उपदेशमार्फत स्पष्ट गरेका छन् । तर ती फूलहरूको सुगन्धले भरिएको राष्ट्ररूपी बगैंचामा निर्दयी मालीहरूको क्रुर प्रहारबाट गोडमेलको क्रममा कतिपय फूलहरूको जरा उखेलियो, थोरै फूल मात्र दरबारको विशालतामा सजाउने प्रयत्न गरियो । रछ्यानरूपी आहालमा फ्याँकिएका ती उपेक्षित फूलहरूको पनि अस्तित्व बिलाएन बरु सुगन्धलाई आफूमा सुरक्षित गरी समय-समयमा आफ्नै प्रकारले राष्ट्र निर्माणको बलिबेदीमा समर्पित

गर्दै अगाडि बढिरहेको इतिहास हाम्रो सामु छ (इन्सेक, २०५३)। नेपालको रक्तरञ्जित इतिहासमा यो सबै खाले फूलहरूको योगदानको खोजीनीति र सही मूल्याङ्कन वर्तमानको आवश्यकता महसुस गर्नुपर्ने बेला आएको छ, जसबाट नेपाली समाजमा जीत-जीतको आभाष हुन सकोस्।

वि.सं. १९१० मा जङ्गबहादुर राणाले नेपालको मुलुकी ऐन बनाई राजा सुरेन्द्रबाट यस ऐनको घोषणा गर्न लगाए। यस मुलुकी ऐनले नेपाली समाजलाई व्यवस्थित गर्ने नाममा विभेद बढायो। परम्परादेखि चलिआएको जातीय विभेदलाई निरन्तरता दिने कार्य मात्र होइन अझै कठोर रूपमा लागू गर्ने र अन्याय गर्नेतर्फ अगाडिको समयलाई समेत उछिन्ने कार्य भयो। १०४ वर्ष लामो राणा शासनकाल यही बनोटको समाजको निरन्तरता थियो। वि.सं. २००७ सालमा प्रजातन्त्र आयो। नेपाली समाजमा राजनीतिक स्वतन्त्रता प्राप्त भयो तर लामो समयदेखि अन्धविश्वासले गहिराइसम्म जरा गाडेको नेपाली समाजको सामन्तवादी दृष्टिकोणमा परिवर्तन आउन निकै ढिलो भयो। यसैको परिणाम आज एक्काईसौं शताब्दीको नेपाली समाज पनि तेह्रौं शताब्दीको मानसिकताबाट ग्रसित छ। हाम्रा बीच आर्थिक, सामाजिक विषमता कायम छन्। यसरी नेपाली समाजको बनोट यसको निर्माण कालदेखि भएको विभेदकारी सोचबाट मुक्त हुन नसकेको समाजको अवशेषको रूपमा आज पनि कायम छ। जातपात र छुवाछूत हाम्रो परम्परा हो। आफ्नो संस्कार सबैले पालन गर्नुपर्छ भन्छन् स्थानीय पण्डित दयाचन्द्र बास्तोला (भेटर्वार्ता)। यसबाट स्पष्ट हुन आउँछ कि नेपाली समाजमा परिवर्तनको खाँचो पूरा गर्न ठूलो अठोटको जरुरी छ, जुन व्यक्ति, समाज र राष्ट्र सबै क्षेत्रको प्रयत्नबाट मात्र सम्भव हुन सक्छ।

## २.२. नेपाली समाजमा जातीय छुवाछूत र वर्णव्यवस्था

नेपाली समाजमा वर्णव्यवस्थाको सूत्रपातपश्चात् बागमती उपत्यकामा बसोबास गर्ने समाजमा छुवाछूत समेत कायम गरियो (आहुति, २०६७ : १८)। उपत्यकादेखि बाहिर छुवाछूत प्रथाको सूत्रपात कहिलेदेखि भयो, प्रमाण पाउन कठिन छ। महाभारत शान्तिपर्व १०६/३० मा उल्लेख भए अनुसार मानिस मानिसबीच भेदभाव र असमानताको व्यवहार थिएन (उद्धृत, विश्वकर्मा र अन्य २०६३ : १)। लिङ्ग पुराणका अनुसार त्रेतायुगमा वर्णाश्रम व्यवस्था दक्षिण भारतबाट शुरु हुन गयो। त्यसो भए तापनि जातीय भेदभाव थिएन। उत्तरवैदिक कालमा पूषा नामका ऋषि शूद्र भए तापनि अन्य ऋषिसरह सम्मान र कदर थियो। द्वापर युगमा कृष्णले पनि

गीतामा “विद्या मै छ महाशक्ति कर्म नै छ सुपूजन भनेर कर्मवादमा बढी विश्वास दिलाएका छन् । ऋग्वेदको दशौं मण्डलमा चार वर्णको उल्लेख गरिएको छ (उद्धृत, विश्वकर्मा र अन्य २०६३: १) । पुराण कालमा आएर जातको आधारमा आचरणलाई देखाइएको छ । यदि खराब आचरण गर्दछ भने ब्राह्मण पनि शूद्रको दर्जामा गिर्दछ, तर मनुस्मृति त शुद्रलाई जातिगत रूपमा अपमानित गर्न पुगेको छ । पछि आएर वर्णव्यवस्थाको आधार रङ्ग, जात र श्रमलाई बनाएको पाइन्छ । सभ्यताका विभिन्न कालखण्डमा छुवाछूत र जातीय विभेद प्रथा घृणित रूपमा जटिल बन्दै आएकोमा विशिष्ट चिन्तक, सुधारक र विचारकले यसको खिलाफमा जोडदार आवाज उठाउँदै आएको तथ्य सर्वविदितै छ । महामानव गौतम बुद्ध, महावीर जैनले सुधारवादी आन्दोलन चलाए । सम्राट अशोकले पनि बुद्ध धर्मदर्शनबाट प्रभावित भई छुवाछूतको विरोध गरे (विश्वकर्मा र अन्य, २०६३:२) ।

वेद, पुराण, गीता, रामायण, चाणक्यनीति, मनुस्मृतिलाई आफ्नो धार्मिक ग्रन्थ मान्ने नेपालका कट्टर हिन्दु पण्डितहरूले राज्य सञ्चालनको क्रममा कानूनको प्रभावमा सल्लाहकार भएर राजामार्फत् दलितको जीवन पशुसरह कष्टकर बनाइदिए । वैशाली (भारत) तिरबाट प्रवेश गरेका लिच्छवि राजा सुपुष्पदेवले वर्णव्यवस्थाअनुसार नेपाली समाजलाई व्यवस्थित गर्ने क्रममा, धर्मशंकर तथा वर्णशंकर नहोस् भन्ने अभिप्रायका साथ वर्णव्यवस्थालाई लागू गर्ने प्रयास गरे भने पछिका शासक जयस्थिति मल्लले यस प्रथालाई निरन्तरता मात्र दिएनन् कडाइका साथ लागू गर्ने प्रयास गरे । राजा रामशाहले पनि यसै आधारमा न्याय सम्पादन गर्दै समाजलाई परिचालन गर्ने प्रयास गरे । पृथ्वीनारायण शाहले पनि यिनै स्थितिहरूलाई ध्यानमा राखेर समाज व्यवस्थापन र परिचालन कार्य अगाडि बढाए । नेपाल एकीकरणका क्रममा उनलाई ठूलो सहयोग गर्ने विषे नगर्ची, कानु सार्की, मणिराम गन्धर्व, भिखमजङ्ग विश्वकर्मा, बेखसिंह विश्वकर्मा पनि अछूत नै रहे । वि.सं. १९१० मा मुलुकी ऐन तयार पारेर जङ्गबहादुर राणाले राजा सुरेन्द्रलाई लालमोहर लगाउन लगाई जयस्थिति मल्लको भन्दा पनि झन् कष्टकर जीवन बिताउन बाध्य तुल्याए तर आफ्नो चाकडी गर्ने र मन परेकालाई जात उठाई दिने र पानी चलाई दिने कदम चलाए । यो प्रचलन राम्रो होइन ( खिमबहादुर थापा, भेटवार्ता) । यसरी आदिम कालदेखि वर्तमानसम्म नेपाली समाजमा छुवाछूत प्रथाले जरो गाडेर रहनुको कारणहरूमा यहाँका सामाजिक, आर्थिक, राजनीतिक अवस्थाहरू नै बढी जिम्मेवार देखिन्छन् ।

## २.३. नेपाली समाजमा दलित जाति

नेपाली समाज विकासको दृष्टिकोणले गति लिन नसकेर अल्पविकसित मुलुकको रूपमा आज पनि चित्रित छ। विकासको दृष्टिले समाज जति पछाडि पर्दछ, त्यति नै त्यहाँको सामाजिक तथा राजनीतिक अवस्था पनि अस्तव्यस्त र दयनीय बन्न पुग्दछ। नेपाली समाजमा विद्यमान विभेदको एउटा कारण यही पछौटेपन पनि हो। नेपाली समाज विभेदकारी घेराबाट माथि उठ्न सकिरहेको छैन। यहाँ उचनिच र दलित, गैरदलितको विभेद कायमै छ। छुवाछूत र दलित नेपाली समाजमा पर्यायवाची शब्दझैं बनेका छन्। यहाँ जसलाई दलित भनिन्छ उनीहरूलाई छुवाछूत पनि गरिन्छ। तसर्थ दलितको परिभाषा के हो ? यस सन्दर्भमा केही परिभाषा निम्नानुसार रहेका छन् -

"विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा दलित भन्नाले समाजमा छुवाछूतको भेदभावबाट पीडित भई आर्थिक रूपमा शोषित राजनीतिक रूपमा उपेक्षित, शिक्षामा पछाडि परेका, धार्मिक र संस्कारगत व्यवहारमा अपहेलित भइरहेका जातिका व्यक्तिलाई सम्झनुपर्दछ" (दलित उत्थान र संरक्षणसम्बन्धी विधेयक २०५९)।

"दलित समुदाय भन्नाले जातीय भेदभाव र छुवाछूतको मारमा परी सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक एवम् धार्मिक क्षेत्रमा समाजको सबैभन्दा पछाडि पारिएको र मानवीय सम्मान एवम् सामाजिक न्याय पाउन नसकेको जात र समुदायलाई जनाउने छ" (राष्ट्रिय दलित आयोगको स्थापना गर्न बनेको विधेयक २०५९)।

"उपेक्षित उत्पीडित र दलित वर्ग भन्नाले परम्परागत रूपमा व्यवसाय सञ्चालन गरी जीविकोपार्जन गरिरहेका, आर्थिक, सामाजिक वा अन्य कुनै पनि कारणले उपेक्षित, उत्पीडित र दलित हुन पुगेका, श्री ५ को सरकारले समय-समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिएका जाति वा वर्गलाई सम्झनुपर्दछ" (उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति गठन आदेश २०५४)।

हिन्दु समाजले वर्णव्यवस्थाभित्रको चौथो वर्ण शूद्र जातिलाई परम्परादेखि नै 'अछूत' भन्दै आएको छ। तिनै अछूत भनिएकाहरूलाई वि.सं. २०२४ सालदेखि दलित भन्न थालियो। बृहत् नेपाली बृहत् शब्दकोशमा दलित शब्दको अर्थ- 'दलिएका, पिछडिएका, थिचिएका, हेपिएका, पिसिएका' भनेर लगाइएको छ। यिनै अछूतहरूलाई दलित शब्दले सम्बोधन गर्ने प्रथम व्यक्ति भारतीय प्रसिद्ध विद्वान् तल्लो वर्गका उच्च नेता समाजशास्त्री, समाजसुधारक,

अर्थशास्त्री, कानूनविद् एवम् भारतीय संविधानका निर्माता डा. भीमराव अम्वेडकर हुन् । उनले दलित मुक्तिका लागि संघर्ष गर्ने क्रममा भारतका अछूतहरूलाई सन् १९२७ मा दलित शब्दद्वारा सम्बोधन गरेका थिए । त्यतिबेलासम्म गान्धीजी अछूतलाई 'हरिजन' शब्दले सम्बोधन गर्ने गर्थे तर गान्धीजी र अम्वेडकरका बीचमा असहमति बढ्दै गएपछि उनले 'दलित' शब्द चयन गरे । त्यतिबेलादेखि नै अछूतलाई दलित भन्न थालियो र यो शब्दले भारत तथा नेपालमा साझा नाम प्राप्त गरायो । दलितहरूलाई अर्को शब्दमा 'अछूत' 'हरिजन' 'परिगठित' 'पञ्चम' अन्त्यज र तल्लो जाति पनि भनिन्छ (पाण्डेय, २०६४:६५) ।

नेपाली समाजमा दलित जातिमा कसलाई र कतिलाई गणना गरिन्छ भन्ने बारेमा पनि ऐक्यबद्धता देखिँदैन । मुलुकी ऐन १९१० ले आठ वटा जातिलाई दलित मानेको थियो । जसमा (१) खड्गी-कपाली, (२) कामी (२) रजक (धोवी) (४) चर्माकार (५) धौला (६) च्यामखला (७) सार्की (८) दमाई (पाण्डेय, २०६४: ६६) । नेपाली परम्परागत समाजमा चार वर्ण व्यवस्था पाइन्छ । ती हुन्- ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र । त्यस्तै मुलुकी ऐन १९१० ले नेपाली समाजलाई तागाधारी, मतवाली र शूद्र गरी तीन वर्गमा राख्यो । शूद्र जातिलाई पनि पानी नचल्ने तर छोइछिटो हाल्नु नपर्ने (जस्तै कसाई र वादी) तथा पानी नचल्ने छोइछिटो हाल्नु पर्ने (दमाई, कामी, सार्की, गाइने आदि) दुई भागमा राखेको छ । शुरुमा कर्मको आधारमा मानिसहरूको विभाजन भएको थियो भने पछि गएर पेशा नै जाति व्यवस्था बनायो । निरङ्कुश र अतिवादी हिन्दू व्यवस्थाले त्यसलाई झनै मलजल गऱ्यो ।

केन्द्रीय तथ्याङ्क विभाग सन् १९९१ को तथ्याङ्कअनुसार ११ वटा जातिलाई मात्र दलित मानिएको छ । जसमा (१) चमार (२) खत्वे (३) मुसहर (४) धोवी (५) गाइने (६) दमाई (७) सार्की (९) वादी (१०) दुसाध (११) कानू (पाण्डेय, २०६४: ६७) । यस तथ्याङ्कमा अलग गणना गरिएका मधेशमा चमार र पहाडमा सार्की एउटै जाति मानिन्छन् जुन वर्तमानमा मिजार जातिका नामले परिचित छन् ।

जातीय छुवाछूत र विभेद दलित तथा गैरदलित बीचको विभेद मात्र नभई यसप्रकारको विभेद दलित-दलितबीचमा पनि कायम छ । सार्कीले छोएको कामीले खाँदैनन् भने कामीले छोएको सार्कीले पनि खाँदैनन् । सार्की, गाइने वादीले छोएको दमाईले खाँदैनन् । दमाईले छोएको सार्कीले खाँदैनन् । पोडे र वादीले छोएको गाइनेले खाँदैनन् । हल्लखोरले छोएको डुमले खाँदैनन् भने डुमले छोएको हल्खोरले पनि खाँदैनन् । डुम र हल्खोरले छोएको खत्वे मुसहर र पासवानले खाँदैनन् । च्यामेले छोएको वादीले खाँदैनन् । मुसहर र खत्वेहरू

चमार र डोमसँग छुवाछूत गर्दछन् (पाण्डेय, २०६४: ६७)। अशिक्षा, आर्थिक दरिद्रताले व्याप्त दलित समुदायमा यो विभेद हुनु कुनै नौलो कुरा होइन। सभ्यताको उज्यालोमा आउँदै गर्दा यो भेदभाव घटेर जानेछ भन्छन् इमानबहादुर गुरुङ (भेटवार्ता)।

नेपाली समाजमा जातीय छुवाछूत र विभेदलाई हेर्दा यो समस्या एउटा अहंकार, अशिक्षा, गरिबी सामाजिक पछौटेपनको उपज हो। यो भेदभाव समाज जति पछौटे छ त्यति नै बढी छ। सामाजिक चेतना प्रवाहबाट टाढा छोडिएका दलितहरूमा पनि यो समस्या झनै चर्को रूपमा छ। यसको उदाहरण हो - सार्कीको केटाले दमाई वा कामीकी छोरीबाट जन्माएको बच्चालाई 'कँडारो' भन्ने र दमाई वा कामीको छोराको सार्कीकी छोरीबाट जन्माएको बच्चालाई 'विटालु' भन्ने प्रथा कायम छ। कामी केटा र दमिनी केटीबाट जन्मेको सन्तान पनि तल्लो जातमा खस्ने प्रथा आज पनि छँदै छ। दलित-दलितका बीच पनि ठूलो सानोको भेदभाव, भातभान्सा र बिहेबारीमा पनि आनाकानी गर्ने कथित माथिल्लो दर्जाको दलितले तल्लो भनिने दलितलाई घरभित्र पस्न नदिने चलन आज पनि हाम्रो समाजमा कायमै छ (पाण्डेय, २०६४: ६८)। यसको दोष पनि वर्णाश्रम व्यवस्थालाई दिइन्छ तर वर्णाश्रम व्यवस्थाको विरोध गरेर नथाक्ने दलितहरू आफूभित्रको जातीय विभेद अन्त्य गर्न भने सक्दैनन्। दोष दिन जति सजिलो छ आफूभित्रको छुवाछूतको अन्त्य गर्न त्यत्तिकै गाह्रो छ। ब्राह्मण क्षत्रीका बीचबाट छुवाछूत हराएर जाला र दलित-दलित बीचको आन्तरिक छुवाछूत कदापि हट्ने छैन, किनभने उनीहरूभित्र अशिक्षाले जरो गाडेर बसेको छ। शिक्षित समुदायका बीचबाट यस्ता विभेद हटाउन जति सजिलो हुन्छ, अशिक्षित समुदायका बीचबाट हटाउन अत्यन्त गाह्रो हुन्छ। यही परिस्थितिमा छन् दलितहरू।

नेपाली समाजमा ठूलो जाति र सानो जाति अझ त्यसमाथि पनि छूत र अछूत जातिको एउटा ठूलो समूह विद्यमान छ। विडम्वनाको कुरा ठूलो जाति र सानो जातिको बीचमा मात्र होइन स्वयं अछूत भनिएका जातिहरूबीचमै पनि ठूलो र सानो अछूतकै अवस्था विद्यमान छ। नेपाली समाजमा प्रचलित ठूलो र सानो जातिका बीचमा सामाजिक असमानता व्यापक छ साथै छुवाछूतको अवस्था पनि अद्यावधि जीवित नै छ। मानिस-मानिस बीचको यस्तो कुप्रथालाई कदापि राम्रो मान्न सकिँदैन र यसको यथाशीघ्र अन्त्य हुनु जरुरी छ (कार्की, २०६८:७७)। यो वास्तविकता पनि हो, जबसम्म दलितहरू आपसी समानताको व्यवहार गर्न तयार हुँदैनन् तबसम्म उनीहरूको उत्पीडनविरुद्धको आवाज बलियो बन्न सक्दैन। यसमा उनीहरू सर्वप्रथम गम्भीर हुन जरुरी छ।

## २.४. नेपाली समाजमा सार्की जाति

नेपालमा जातपात र छुवाछूत प्रथा यही भूमिमा जन्मेको नभई भारततर्फबाट सर्दै आएको प्रचलन हो । शुरु-शुरुमा यो प्रचलन नेपालको पहाडी भूभागमा थिएन । जब इसाको आसपासमा लिच्छवि, मल्ल, कोलीय आदि जातिहरू भारततिरबाट नेपालको पहाडी भूभागतर्फ सुरक्षार्थ प्रवेश गरे तब उनीहरूसँग यसप्रकारको जातीय बनोटसहितको संस्कार पनि भित्रियो, किनभने यी आर्यहरूमा जातीय विभेदको प्रचलन थियो । त्यही विभेदकारी संरचनाले मध्यकालमा आएर व्यापकता लियो । विशेष गरेर पन्ध्रौ-सोह्रौं शताब्दीतिर उत्तर भारतमा मुसलमानी आक्रमणमा पराजित हिन्दुधर्मी राजा, रजौटा र सर्वसाधारणसमेत शरणार्थीका रूपमा नेपालको पहाडी भूभागतर्फ आएर बसोबास गर्न थाले । नेपालको यो भूमि सुरक्षाका दृष्टिले अनुकूल थियो । जुन समय लिच्छविहरू वैशालीतिरबाट नेपाल प्रवेश गरे त्यसबखत नेपालमा किराँतवंशको शासन चल्दै थियो । यतिबेलासम्म नेपाली समाजमा जातीय भेदभाव खासै थिएन । जातीय विभेद नभएका मुस्लिम र इशाई धर्मले पनि प्रभाव पार्दै गयो । धर्मको आडमा विदेशी प्रभुत्व र साम्राज्यवाद तथा उपनिवेशवादले फिजाएको जालोलाई सबैले अनुभव गरेका छन् । यस्ता आक्रमण र जाल विस्तारलाई हिन्दु धर्मको जातपात र छुवाछूतको फुटले बलियो बनाउन मलजल पुऱ्यायो । किनभने समाजमा एकता र बल कमजोर बन्न पुगेको थियो । अहिले पनि नेपाल तथा भारतमा लाखौं, करोडौं मानिसहरू छुवाछूत प्रथाको कठोर उत्पीडन भोगिरहेका छन् ।

नेपाली भूभागमा बुद्धकालदेखि हालसम्म नै जातपात र छुवाछूत विरुद्ध अनेकौं सुधारवादी विचार र संघर्ष देखा पर्दै आएका छन् । फलस्वरूप जातपात र छुवाछूत प्रथालाई संवैधानिक बाटोबाट निषेध गर्ने चरणमा हामी पुगेका छौं तैपनि ऐन कानूनले मात्र निषेध गर्दैमा हजारौं वर्षको कुसंस्कारको दलदलमा फसेको समाजका लागि अचुक औषधि हुन सक्दैन । जबसम्म हामी समाजबाट छुवाछूतको कलङ्क जातपातको अमानवीय विभाजन र जातीय भेदभावलाई पूर्ण रूपले उन्मूलन गर्न सक्दैनौं तबसम्म हाम्रो समाज एकताबद्ध भएर प्रगतिको बाटोमा अघि बढ्न पनि सक्दैन (प्रश्रित, २०५८: ६५) ।

नेपाली समाजको पौराणिकतालाई ध्यान दिँदा विभिन्न प्राचीन मानव एवम् जीवजन्तुका अवशेष एवम् ढुङ्गे हतियारहरूका आधारमा विचार गर्दा नेपाली आदिम मानवको जैविक विकास यही भूमिमा भएको हो र तिनकै वंशनिरन्तरतामा यहाँ

प्रागऐतिहासिक सभ्यताको निर्माण भएको बुझिन आउँछ (श्रेष्ठ, २०५३: ४३)। यो आधारतर्फ दृष्टि दिँदा नेपाली समाजको निर्माण ईसापूर्व हजारौं वर्ष अगाडिदेखि नै भएको थियो। त्यति मात्र होइन इतिहासको उषाकालदेखि नै नेपालको उत्तरी क्षेत्र तथा दक्षिण क्षेत्रबाट मानिसहरू यहाँ आउने क्रम अद्यावधि जारी नै छ नश्लका आधारमा यिनीहरू फरक छन्। मानवशास्त्र विषयका ज्ञाता जनकलाल शर्माको मत छ- आजको वैज्ञानिक अनुसन्धानबाट यस प्रायद्वीपमा देखापरेका समस्त जातिका पुर्खा बाहिरबाटै आएका हुन्। उनी थप्दछन् कि, आजको नेपाली समाजमा सुक्ष्म रूपले अध्ययन गर्दा ६ प्रकारका मानव जातिको अस्तित्व पाइन्छ। तिनीहरू हुन् - नेग्रिटो, आग्नेय, मंगोल, किराँत, द्रविड, पश्चिमवृत्तमुण्ड आर्य वा नार्डिक (शर्मा, २०४९: ३९)।

नेपालको पहाडी क्षेत्रमा प्राचीन कालबाटै उत्तर र दक्षिण भागका मानिसहरू आई बसोबास गर्ने सुरक्षित गन्तव्यस्थल बनेकाले हिन्दु तथा बौद्ध धर्म दर्शनको पनि प्रवेश र विस्तार हुँदै गयो। काठमाडौं उपत्यका त्यस्तो आकर्षक र अनुकूल क्षेत्र थियो जहाँ आगमन गरेका मानिस चाहे ती व्यापारी, कृषक वा पशुपालक नै किन नहुन् उनीहरू कमै फर्के। उपत्यका अत्यन्त मनमोहक, उर्वर र स्वस्थ क्षेत्र हुनुका साथै प्रशस्त नदीनाला र हरियाली वनपाखाले वरिपरि भराभराउ क्षेत्र थियो। न्यानो वा शीतल हावापानीका प्रदेशबाट आएकाहरू दुवैलाई अनुकूल नै महसुस हुन सक्थ्यो। तसर्थ यो एउटा धातु पगाल्ने भाँडो जस्तो थियो। जो कोही यहीँ घोलमेल हुन सक्थ्यो। यसरी बनेको समाज हो नेपाली समाज। नेपाली समाजको बनोटलाई हेर्दा कोही आदिवासी र कोही आप्रवासी भनेर छुट्याउनु पर्ने जरुरत छैन, मात्र नेपाली जातिको समग्र विकासको खाँचो छ। समाज र मुलुक विकसित भएपछि यस्ता कुराहरूले सायद त्यति फरक राख्ने छैनन् (कार्की, २०६६:२९)।

नेपाली समाजमा जातीय बनोटले लिच्छविकालदेखि निरन्तरता पाउँदै आयो। शाहकालीन समय पनि यसको अपवाद बन्न सकेन। राजा राम शाह र राजा पृथ्वीनारायण शाहले पनि जातिअनुसारको जीवनशैली वा ढाँचालाई कायमै राख्ने प्रयास गरे। पृथ्वीनारायण शाहको उपदेश थियो- “मेरा साना दुषले आर्ज्याको मुलुक होइन सबै जातको फूलबारी हो, सबैलाई चेतना भया। यो फूलबारीको छोटाबडा चारै जात, छत्तिसै वर्णले यो असिल हिन्दुस्थान हो आफ्ना कुलाधर्म नछोड्नु।” यस भनाइबाट स्पष्ट हुन्छ कि उनले समाजको रीतिस्थितिलाई कायम रहन दिएका थिए। प्राचीनकालदेखि चल्दै आइरहेको

जातीय भेदभावले निरन्तरता पायो । यो प्रचलन समाजको बाधक रहेको धारणा राख्छन् शिक्षक कुलप्रसाद तिमिल्सिना (भेटवार्ता) ।

गान्धीजीको विचारमा छुवाछूतको मूल उद्‌गम धर्म होइन । उच्चताको अहङ्कारले नै छुवाछूतको जन्म भएको हो । एउटा समय यस्तो थियो कि एकथरीले गाईको मासु खान्थे भने अर्काथरीले गाईलाई माता मान्दै पूजा गर्ने र गौरक्षाका लागि आवाज उठाउन थाले । गौरक्षका लागि कठोर नियम बनाउँदै गोमांस भक्षकहरूलाई समाजबाट बहिष्कार गरियो । यही परम्परा पिँढी दरपिँढी चल्दै गयो । यसले परम्पराको रूप धारण गऱ्यो । त्यसबाट कटुता उत्पन्न भयो । विषवृक्षझैं मौलाउँदै गयो र छुवाछूतको रूप धारण गऱ्यो (पाण्डेय, २०६४: १०७) । गान्धीजीको यस विचारलाई मध्यनजर गर्दा हिन्दु धर्मावलम्बीहरूमध्ये गोमांस उपभोग गर्ने एउटै मात्र जाति सार्की हुन् । गोमांस भक्षक भएकै कारण सामाजिक वहिष्कारमा परेका जाति सार्की जाति हुन् कि भन्ने देखिन्छ । वि.सं. १८९९ मा सार्की जातिको भातपानी आदि सम्बन्धी परम्परागत नियम पालना गराउन धोबीखोलादेखि पूर्व र मेचीदेखि पश्चिममा जसे सार्कीसहित १५ जना मिजारलाई नियुक्त गरेको पाइन्छ । यसबाट के बुझिन्छ भने त्यसबेला पनि समाजमा प्रचलित परम्परालाई कायम राख्न पर्याप्त कोशिश भइरहेको थियो (कार्की, २०५३: ६७) ।

पि. कप्लान (सन् १९७२) ले नेपाली हिन्दु समाजमा उच्च जात मानिने पश्चिम नेपालका बाहुन र अछूत मानिने सार्की जातिबीचको सामाजिक तथा आर्थिक सम्बन्धलाई देखाउन खोजेका छन् । जसमा सामाजिक रूपमा अछूत रहेका सार्कीहरू वा अछूतहरूलाई राजनीतिमा आफ्नो पक्षमा ल्याउन बाहुन जातका मानिसले खेलेको भूमिकाको उल्लेख पाइन्छ (उद्धृत अधिकारी, २०६६: १५) । आफ्नो स्वार्थपूर्तिका लागि उपयोग गर्ने तर दलितको स्तरोन्नतिमा ख्याल नगर्ने स्थिति आज पनि नेपाली समाजमा कायमै छ ।

आज पनि दक्षिण एशियाका नेपाल, भारत तथा हिन्दु जनसङ्ख्या भएका देशहरूमा सबैभन्दा गरिब र सबैभन्दा बढी उत्पीडनमा दलितहरू छन् । आज पनि दलितहरूका बस्तीमा आगो लगाउनु, दलित महिलालाई सामूहिक बलात्कार गर्नु, त्यसको कुनै पुर्पक्ष नहुनु सामान्य कुरा हो । अहिले पनि दलितहरू पेशा परिवर्तन गर्न स्वतन्त्र छैनन् । कानूनी रूपमा उपलब्ध स्वतन्त्रता सांस्कृतिक बन्देजका कारणले समाजको आधारभूत तहसम्म लागू हुन सकेको छैन । उच्च जातका घरमा मरेका जनावरको सिनु फाल्नुपर्ने, सुत्केरीको सालनाल काट्नुपर्ने, लासको कपडा स्याहार्नुपर्ने, नङ काटिदिनुपर्ने लगायतका सयौं

बाध्यताहरू ज्यूँका त्यूँ छन् । अहिले पनि दलितसँग बसेर अधिकांश उच्च जातका मानिसले खाना खाँदैनन् । उसले छोएको पानी खाँदैनन्, उसलाई घरभित्र पस्न दिँदैनन् । अहिले पनि दलितले उत्पादन गरेको दूध धेरै ठाउँमा बिक्दैन । दलितलाई गाली गर्ने अर्कै शब्द छ । रूपवती दलित महिला 'बाहुनी जस्ती' भनिन्छे भने खराब बानीको ब्राह्मणलाई 'अछुतजस्तो' भनिन्छ । यसरी आज पनि समस्त सुन्दरतासम्बन्धी मनोविज्ञान अरूको भागमा पारिन्छ भने कुरूपता जति दलितको भागमा पारिन्छ (आहुति, २००४: ४७६) । यसरी नेपाली समाजमा दलितहरू शोषित बनाइएका छन् । उनीहरू पनि गुणवान् र क्षमतावान् हुन्छन् भन्ने सोचिएकोसम्म छैन ।

साहित्यमा नेपाल र भारतका (नेपाली मूलका) गरी मुस्किलले एक दर्जन जाति स्थापित छन् । नेपाली समाजको कलाक्षेत्र मात्र एउटा क्षेत्र छ, जहाँ दलितहरूको उपस्थिति सामान्यतया ठीकै छ, त्यो हो गायन र संगीतको क्षेत्र । नेपालको रेडियोमा गायन र संगीतमा मूलतः दलितको ठीकठीकै उपस्थिति छ । फिल्म क्षेत्रमा नेपालभित्रका एकजना पनि निर्देशक छैनन् । दुईजना दलित निर्देशक जो नेपाली मूलका भारतीय नागरिक हुन् । रोचक त के छ भने, दार्जिलिङतिरबाट भित्रिएका दलित फिल्म निर्देशक तुलसी घिमिरे, गायिका देवीका प्रधान, सङ्गीतकारहरू रञ्जित गजमेर, सचिन सिंहजस्ता प्रतिभाहरूले जात नलेखी थर मात्र लेखेकाले धेरैलाई उनीहरू दलित हुन् भन्ने पनि थाहा छैन (आहुति, २००४: ४९१) । यसबाट स्पष्ट हुन्छ कि दलितहरूको पहिचानमा उनीहरू पनि जिम्मेवार कमै देखिन्छन् । आफ्नो पहिचान स्थापित गर्न उनीहरूमा पनि कटिबद्धता आवश्यक छ, आत्महीनता त्याग्न जरुरी छ ।

नेपाली समाजमा दलित जातिको अवस्था र समाजबाट उनीहरूले भोग्नुपरेका पीडा तथा उत्पीडन वर्तमान अवस्थासम्म आइपुग्दा पनि कायमै छ । विभिन्न समयमा उनीहरूमाथि भएका अमानवीय व्यवहार विभेदका उदाहरण असङ्ख्य छन् । नेपालको वर्तमान कानूनले यस्ता विभेद दण्डनीय घोषणा गरे पनि अझै समाजबाट यस्ता कुरीतिको समूल अन्त्य भएको छैन । यस्ता विभेदकारी दृष्टिकोणबाट दलितहरू उपेक्षित बनेका त छँदैछन्, उनीहरूभित्र पनि ठूलो सानो र छुवाछूतको विभेदकारी घेरा कायम छ । अझै एउटा दलित बनाइएको दमाई र अर्को दलित बनाइको सार्कीबीच लेनदेन हुँदैन भने कामी आफूलाई अझ माथिल्लो दाबी गर्दछन् । सामाजिक विभेदले पिल्सिएका यी जातिबीच आपसमा यस्ता विभेद नहुनुपर्ने हो, तर नेपाली समाजको विभेदकारी बनोटको प्रभावबाट यी जाति पनि मुक्त हुने कुरै भएन । अझ अशिक्षा र पछौटेपनले पेलिएका जातिमा यस्ता विभेद

हुनु स्वाभाविक जस्तै देखिन्छ । अवसरबाट वञ्चित पारिएकाले पछौटे अवस्थामा चेपिएका यी दलित जातिबीचको असमानताको घेरा तोड्दै अन्य उपल्लो जाति ठानिएकाबाट हुने उत्पीडनलाई चिर्न पनि दलितहरूमा आपसी समानता, सद्भाव र एकता हुनु जरुरी छ, अन्यथा उनीहरूको मुक्तिको आवाज झिनो रूपमा मात्र देखिने छ ।

दलित तथा उत्पीडित जातिमा पर्ने एउटा जाति सार्की पनि हो । यो जाति नेपालको पूर्वदेखि पश्चिमसम्म नै बसोबास गर्दै आएको अल्पसङ्ख्यक जाति हो । प्रसिद्ध भारतीय विद्वान् डा. भीमराव रामजी अम्वेडकर (भी.आर. अम्वेडकर) का अनुसार आज अछूत पारिएका जातिहरू कुनै बेला सूर्यवंशी आर्य थिए । इण्डो-आर्यन समाजमा यिनीहरूलाई क्षत्रिय मानिन्थ्यो । एक बेला त्यस इण्डो-आर्यन समाजमा ब्राह्मण, क्षत्री र वैश्य गरी तीन वर्ण मात्र थियो । राजा र ब्राह्मणको आपसी झगडाको परिणाम 'शूद्र' को जन्म भयो । जनैबाट वञ्चित गराएपछि क्रमशः यिनीहरू वर्ण अत्याचारका शिकार बन्दै गए । इ. ५०० को आसपासमा आइपुग्दा हिन्दु समाजमा 'अछूत' घोषित गरिए । त्यति मात्र होइन पुराना संस्कृतग्रन्थहरूमा कुमाउ र गढवाल जहाँबाट खसहरू नेपाल प्रवेश गरे त्यहाँ पनि खस भन्नाले तल्लो जाति मानिन्थ्यो । नेपाल प्रवेश गरेपछि खसहरूको सत्तामा प्रभाव बढ्दै गयो । आर्थिक एवम् सामाजिक स्थिति उठाउँदै लगेपछि उनीहरूको जातीय पदोन्नति भएको हो । क्रमशः उनीहरूले जनै धारण गर्न थाले र आफूलाई उच्च वर्गमा पेश गर्न थाले । यसको स्पष्ट उदाहरण के छ भने पश्चिम नेपालमा अझै पनि जनै नलगाउने मतवाली क्षत्रीहरू छँदैछन् (इन्सेक, २०५२: ११) ।

सार्की जाति तराई तथा पहाडमा बसोबास गर्ने एक अल्पसङ्ख्यक जाति हो । यसको उत्पत्ति र नामाकरणका सम्बन्धमा किटान साथ भन्न सकिँदैन र कुनै आधिकारिक स्रोतसमेत फेला परेका छैनन् । सार्की जाति नेपालका प्रायःजसो सबै ठाउँमा पाइन्छन् तर यिनीहरूको घना बस्तीचाहिँ कमै छ । यस जातिका पनि अन्य जातिमाझैं विभिन्न प्रकारका थरहरू पाइन्छ तर पनि उनीहरूका बीच भेदभाव भने त्यति पाइँदैन । जुन विसुङ्खे, रम्तेल, मगराती, मालनुल, रोकाया, बोगटी, ब्रह्मशाखा, सूर्खेती, वयलकोटी, वसेल, पुरकोटी, दुधमगराँती, धूरमगराँती, दुलाल, तोलाङ्वे, पहेल, अछामी, भुके, रोक्का, हेजुवाल, दानकुटी, गौरीपिपले आदि (पाण्डेय, २०६४:५५) सार्की जातिमा पाइने थरहरू हुन् । स्थलगत अध्ययन गर्ने क्रममा यस अध्ययन क्षेत्र कास्की जिल्ला माझठाना गा.वि.स. वडा नं. १ मा तीन वटा थर भएका सार्की रहेका छन् जसमा मालनुङ्गे, गौरीपिपले र धौलाकोटे । यहाँ सबैभन्दा धेरै सङ्ख्या धौलाकोटे सार्की परिवारको रहेको छ ।

नेपालको दशौं जनगणना (२०५८) अनुसार कुल जनसङ्ख्या २,३१,५१,४२३ मध्ये दलितहरूको जनसङ्ख्या २९,४६,६५२ थियो। सार्की जातिको जनसङ्ख्या ३,१८,९८९ रहेको थियो, जुन दलितहरूमध्येमा तेस्रो स्थानमा पर्दछ भने यो कुल जनसङ्ख्याको १.४०% हो। यो जनसङ्ख्यामध्ये पुरुष १,५३,६८१ र महिला १,६५,३०८ रहेको थियो (पपुलेसन सेन्सस २००१)।

सार्की जातिको शैक्षिक अवस्था राम्रो छैन। प्रायःजसो सार्कीहरू सानै उमेरदेखि नै कुनै न कुनै काममा लागिहाल्ने अथवा बरालिएर बस्ने हुँदा शिक्षाको क्षेत्रमा अत्यन्त पछाडि छन्। सामान्य हस्ताक्षर गर्न जान्नेसम्मका मान्छे पाउन कठिन छ। महिलाहरूको अवस्था झनै दयनीय छ। निशुल्क शिक्षाको व्यवस्थाले समेत यिनीहरूलाई असर पारेको छैन ( पाण्डेय, २०६४:५५)। सार्की जाति धर्मसंस्कृतिका दृष्टिले हिन्दु धर्मप्रति आस्थावान् जाति हुन्। आर्थिक विपन्नताका कारण केही सार्की जातिले पैसाको प्रलोभनमा परेर ईसाई धर्म अँगालेको पनि पाइन्छ। सार्की जातिको आफ्नो मातृभाषा नेपाली नै हो। घरको बनावट, खानपान तथा वस्त्र आभूषणलाई नियाल्दा अन्य आर्य हिन्दु जातिसँग कुनै भिन्नता देखिँदैन। यस जातिले अँगालेको पुर्ख्यौली पेशा छालामा आधारित जुत्ता बनाउनु भए तापनि उनीहरू कृषि तथा मजदुरीमा पनि प्रशस्त संलग्न रहेको देखिन्छ। पशुपालन सबै सार्की जातिको सहायक पेशाको रूपमा रहेको पाइन्छ।

हरेक जातिले आफ्नो जीवन मर्यादित, संगठित र जीवन्त राख्न विभिन्न संस्कारहरू गर्दछन्। जुन हरेक जातिको परिचय पनि हो। त्यस्ता संस्कारहरू जन्मदेखि मृत्युसम्म अनेक पटक गरिन्छ। सार्की जातिमा पनि जन्म (न्वारन), पास्नी, ब्रतबन्ध, विवाह र अत्येष्टि संस्कारको प्रचलन छ। सार्की जातिले आफ्नो संस्कारको रूपमा कुलपूजा पनि गर्ने गर्दछन्। यस जातिका अधिकांश मानिसहरूले ईश्वरीय शक्तिमा विश्वास गर्दछन्। त्यसैले विभिन्न देवदेवीको पूजा गर्ने प्रचलन छ। वर्षको एक पटक कुलपूजा गर्ने प्रचलन सार्की जातिमा छ। विसुङ्खे थर भएका सार्कीहरूले गौरी भीमसेनलाई आफ्नो कुलदेवता मान्दछन्। रम्तेल थर भएका सार्कीहरूले 'भुइफट खुदाइ' लाई कुलदेवता मान्दछन्। ब्रह्मशाखा थर भएका सार्की जातिले रुमालखुदाईलाई कुलदेवता मान्दछन्। वयलकोटी र मगराँती थर हुनेहरूले 'सेतो मस्टो' लाई कुलदेवता मान्दछन्। कुलदेवताको पूजा गर्दा बलि दिने प्रचलन छैन। सेतो रङको कुखुराको भालेलाई कुलदेवताको नाममा छाड्दछन्। यदि त्यो भाले हरायो भने दाह्री जुङ्गा खौरेर एक छाक खाना छाड्दछन् (पाण्डेय, २०६४:५७)।

बालकको जन्मपछि नै सामाजिक जीवनको सुरुवात हुन्छ। तसर्थ सार्की जातिमा पनि जन्मसंस्कारलाई महत्वका साथ पालना गर्ने प्रचलन छ। सार्की जातिमा महिला गर्भवती भएदेखि नै उसको गाह्रो-साह्रोमा विशेष ध्यान दिने गरिन्छ। बालक जन्मेपछि यिनीहरूमा दश दिनसम्म सुतक बार्ने चलन छ। एघारौं दिनमा न्वारन गरिन्छ। न्वारनका दिनमा आमा र बच्चा दुवैलाई स्नान गराइन्छ र पुरोहित बोलाएर न्वारन गराई सुत्केरी चोख्याइन्छ। संस्कार सम्पन्न गर्नका लागि ज्वाइँ अथवा भान्जालाई पुरोहितका रूपमा बोलाइन्छ। यिनीहरूको संस्कारमा जाँडरक्सीको प्रयोग बढी हुने गर्दछ। यस जातिमा पास्नी अर्थात् अन्नप्राशन संस्कार गर्ने परम्परा छ। यस संस्कारमा छोरी भए पाँच महिनामा र छोरा भए ६ महिनामा पास्नी गर्ने प्रचलन छ। पास्नीको साइत पुरोहितले निकाल्दछन्। पास्नीमा बालकलाई भात खुवाउनेहरूले आफूसक्दो उपहार दिने प्रचलन छ। भात खुवाउँदा घरको सबैभन्दा जेष्ठ सदस्यबाट खुवाउने प्रचलन छ। अरूले खुवाउने चलन छैन। निम्तामा आउने आफन्त दाजुभाइहरूले उपहारभाव दिन्छन्।

सार्की जातिमा पनि तागाधारी समुदायमा झैँ ब्रतबन्ध संस्कार गर्ने चलन छ। ब्रतबन्ध गर्दा बालकलाई दाम्लोमा बाँधेर कानमा दुईवटा रोटी झुण्डाई कपाल खौरने चलन छ। कपाल खौरने काम मामाबाट हुन्छ। त्यसपछि जग्गे बनाएर ब्रतबन्ध गरिन्छ। ब्रतबन्धमा मामाले भान्जालाई शिरदेखि पाउसम्म पूर्णरूपमा सफा गरिनुपर्दछ। दाम्लोले बाँध्नुको कारण बच्चा नभागोस् भन्ने हो। ब्रतबन्ध संस्कार सकिएपछि भोज गर्ने प्रचलन छ। भोजमा जाँडरक्सी प्रयोग हुने गर्दछ। सार्की जातिमा विवाह संस्कार सम्पन्न गर्दा हिन्दुसंस्कारअनुसार नै गर्दछन्। उनीहरूभित्र पनि अन्य हिन्दुमा जस्तै मागी विवाह, प्रेम विवाह र जारी विवाह प्रचलनमा छन्। मागी विवाह गर्दा आफ्नो जातिभित्रबाट गोत्र छलेर विवाह गर्ने प्रचलन छ। विवाहको रीति र तरिका हिन्दू संस्कारअनुसार हुन्छ।

सार्की जातिमा विद्यमान अन्त्येष्टि संस्कार अन्य धर्मावलम्बीहरू सरह नै छ। हिन्दूहरू पूर्वजन्ममा विश्वास गर्दछन्। त्यसैले हिन्दू धर्ममा विश्वास गर्ने सार्की जाति पनि अन्त्येष्टि कर्मलाई निकै महत्व दिन्छन्। यो संस्कार राम्रोसँग सम्पन्न नगरे मृतआत्मा प्रेत बनेर भड्किरहन्छ र दुःख दिन्छ भन्ने विश्वास राख्दछन्। सार्कीहरू ११ दिनसम्म किरिया बस्दछन् र पुरोहित बोलाएर शुद्ध हुन्छन्। शुद्धिका दिन सबैलाई खाना खुवाउने चलन छ। पुरोहितलाई कपडा, छाता, जुत्ता र नगद दान दिएर बिदा गर्दछन्। उनीहरूमा १५ दिन, १ महिना, ४५ दिन, ६ महिना, १ वर्ष बरखी बार्ने प्रचलन छ। बरखीपछि श्राद्ध गर्ने चलन छ।

वर्षको एक पटक श्राद्ध गर्ने प्रचलन सधैं चलिरहन्छ। स्थानीय बुद्धिजीवी नरबहादुर नेपाली (रत्नशोभा उच्च मा.वि. माभ्फठानाका शिक्षक-अभिभावक संघका अध्यक्ष) का अनुसार सार्की जातिका सबै संस्कार क्षत्रीबाहुन समुदायसँग मिल्दछन् तर केही संस्कारमा रक्सीको प्रयोग हुने गर्दछ। त्यसलाई पनि नियन्त्रण गर्ने पक्षमा छौं। रम्तेल थरका सार्कीहरू भने ६ दिनमात्र किरिया बसेर सातौं दिनमा शुद्ध हुन्छन् (पाण्डेय, २०६४: ५८)। अन्य कुरा भने अन्य थरका सार्की सरह नै गर्दछन्। सार्की जाति लासलाई घाटमा लैजाँदा शङख बजाउँदैनन्। लास जलाउने प्रचलन छ।

यसरी हेर्दा सार्की जातिको सम्पूर्ण संस्कार अन्य हिन्दू संस्कार अवलम्बन गर्ने जातिसँग मिल्दछ। गान्धीजीको सिद्धान्तमा व्यक्त गोरक्षाका लागि कठोर नियम बनाउँदै गोमांस भक्षकहरूलाई समाजबाट बहिष्कार गरियो। यही बहिष्कारमा परेको हिन्दू आर्य जाति त होइन सार्की ? यो एउटा खोजी र चासोको विषय बनेको छ।

## अध्याय : तीन

# कास्की जिल्ला एवं माझठानाको परिचय

### ३.१. कास्की जिल्लाको नामकरण

वर्तमान अवस्थामा गण्डकी अञ्चलभित्र रहेको कास्की जिल्ला नेपालकै एक प्रसिद्ध जिल्ला हो। मानवसभ्यताका दृष्टिकोणबाट पनि यो एक ऐतिहासिक महत्त्व बोकेको जिल्लाका रूपमा लिन सकिन्छ। कास्की क्षेत्रका डाँडाकाँडा र उपत्यकाहरूमा पूर्व पाषणकालीन तथा पाषणकालीन मानवीय उपकरणहरू प्राप्त भएका छन् (सुवेदी, २०६०:२१)। कतिपय स्थानहरूको नाम भौगोलिक बनावट र त्यसको स्वरूप तथा त्यस क्षेत्रमा रहेका प्राकृतिक वस्तुहरूको आधारमा गरेको पाइन्छ। कास्की पनि त्यसको अपवादका रूपमा रहन सक्दैन। कास्कीमा रहेका विभिन्न वस्तुहरू र तालतलैया तथा सामाजिक परिवेश र ऋषिमुनिहरूको तपोभूमिको आधारमा यसको नाम कास्की रहन गएको कुराको अनुमान गर्न सकिन्छ जुन आधार निम्न अनुसार छन्।

कास्की जिल्ला अधिकांश जलाशय, ताल, नदी र खोला भएको ठाउँ हो। यहाँ फेवाताल, बेगनासताल, रूपाताल आदि जस्ता प्राकृतिक जलाशयहरू छन्। हिन्दू वैदिक कालमा तालतलाउ प्रशस्त भएको ठाउँलाई कासार भनिन्थ्यो। त्यही आधारबाट कासार भन्दै जाँदा कालान्तरमा कास्की भनिएको हुन सक्दछ (सुवेदी, २०६०:२२)। कासार, कश्यपी, काश्यप, काषय, काश, कास, कसकुट शब्द प्रत्यक्ष वा परोक्ष रूपमा सम्बन्ध राखी कालान्तरमा बन्न पुगेको स्थान विशेषको नाम हो- कास्की। यसरी कास्कीको नाममा यो जिल्ला परिचित भएको छ।

### ३.२. कास्की ऐतिहासिक अवस्था

नेपालको इतिहासमा सन् ८७९ सम्मलाई प्राचीनकाल मानिएको छ। यस अवधिमा कास्की लिच्छवि (केन्द्रीय) शासनको अधीनमा रहेको उल्लेख पाइन्छ। राजा आनन्ददेवको 'पन्नगमा' कुँदिएको अभिलेखबाट जान्न सकिन्छ। त्यस बेलासम्म गण्डकी प्रदेशमा केन्द्रको प्रभाव नछुटेको यसबाट थाहा हुन्छ (दाहाल, २०५४:११४)।

लिच्छविकालपछि नेपालको इतिहासमा मध्यकाल सुरु हुन्छ। यो अवधि सन् ८७९

देखि १७६९ सम्मलाई मानिन्छ । मल्लकालको पूर्वार्द्धमा केन्द्र शासित विशाल नेपाल पछि केन्द्रबाट टाढा परेका गण्डकी तथा कोशी क्षेत्रमा केन्द्रीय शासन कमजोर हुँदै गयो । त्यस क्षेत्रलाई केन्द्रले नियन्त्रणमा राख्न सकेन । जसको परिणामस्वरूप क्रमशः ती प्रदेशहरूमा केन्द्रको अधीन टुट्न गयो । दशौं, एघारौं शताब्दीतिर विशाल नेपाल राज्यको केन्द्रीय शासन कमजोर रूपमा देखा पऱ्यो । यही अवस्थाको फाइदा उठाई दक्षिण भेकमा कर्णाटकहरूले राज्य स्थापना गरेका थिए भने पश्चिममा विक्रमको १२ औं शताब्दीको मध्यतिर खारी प्रदेशका नागराजले तल झरी कर्णाली प्रदेशमा विशाल खस राज्यको स्थापना गरे ( बज्राचार्य, २०१९:२१) ।

१२ औं शताब्दीको मध्य युगसम्म कास्की अर्थात् गण्डकी प्रदेश केन्द्रकै अधीनमा रहेको पाइन्छ । खस मल्ल राजा जितारी मल्ल प्रभावशाली राजा थिए । यिनको पालामा खस मल्ल राज्य पूर्वतर्फ विस्तारित हुँदै वि.सं. १३४६ मा नुवाकोट तथा त्रिशूली नदीसम्म विस्तार हुनपुग्यो । त्यस समयदेखि कास्की पनि खस मल्ल राज्यको अधीनमा गएको प्रमाणित हुन्छ (दाहाल, २०५४:१२२) ।

कर्णाली प्रदेशको सिंजा र दुल्लुलाई केन्द्र बनाई खस मल्ल राजाहरूले विशाल साम्राज्य चलाउन थाले । उनीहरूको प्रभाव समस्त गण्डकी प्रदेशमा मात्र नभई काठमाडौं खाल्टोमा समेत पऱ्यो । त्यो साम्राज्यको स्थापना नागराज र उनका उत्तराधिकारीहरूबाट आफ्ना बलिष्ट सेना 'सर्वगामिनीवाहिनी' को सहयोगले पुगनपुग ३०० वर्ष जति राज्य गरेपछि त्यो शक्तिको विखण्डन प्रारम्भ भयो र त्यसको परिणामस्वरूप कर्णाली प्रदेशमा बाईसे र गण्डकी प्रदेशमा चौबीसे राज्यहरू बन्न पुगे (सुवेदी, २०६०:२४) । यसरी नेपाल विविध राज्यहरूमा टुक्रिन गयो ।

यसपछिको ऐतिहासिक समयक्रमलाई उत्तर मध्यकाल भनिन्छ । जुन अन्धकारको युग भनेर चिनिन्छ । खस मल्ल राज्य छिन्नभिन्न हुनुभन्दा अगाडिको राज्य पूर्वमा नुवाकोट, त्रिशूली नदीसम्म, पश्चिममा गढवाल, काश्मिरसम्म, उत्तरमा गुँगे स्तपराङ, खोटान र दक्षिणमा भागिरथीसम्म विस्तार भएको थियो (सुवेदी, २०६०:२४) । यसरी हेर्दा तत्कालीन खस राज्य निकै प्रभावशाली रहेको मान्न सकिन्छ ।

पृथ्वी मल्लपछि अभय मल्लको शासनकालतिर आएर यो विशाल राज्य विखण्डन भएको मानिन्छ (दाहाल, २०५४:१२०) । त्यस समय स-साना भुरेटाकुरे राज्यहरूको स्थापना

भई शक्तिशाली साम्राज्यको अभावमा टुक्रे राज्यहरू सामरिक दृष्टिकोणले महत्त्वका पहाडी टाकुरामा दरबार, किल्ला, गढ, कोट मन्दिर आदि बनाई राजपरिवार सुरक्षाका साथ त्यहीँ बस्दथे । गण्डकी प्रदेशमा प्रख्यात २४ से राज्यमध्ये पाल्पालाई केन्द्रबिन्दु बनाई मुकुन्दसेनले वि.सं. १६०० तिर एक साम्राज्यकै जगेर्ना गर्ने अभियान चलाए । फलस्वरूप सेनवंशको प्रभाव पाल्पा, तनहुँ, मकवानपुर, चौदण्डी, विजयपुर, राजपुर, रिसिङ, पैयुँ, प्युठान र खुम्रीसम्म पर्न गयो । तर मुकुन्द सेनको जीवनकालमै उनले राज्य विभाजन गरी बाँडफाँड गरिदिएकाले सेन राज्य विभाजित बन्न पुग्यो र पुनः एकीकरण हुन सकेन । त्यस्तै काठमाडौं राज्य यक्ष मल्लको समयपछि विभाजित हुनपुग्यो र त्यसपछि त्यो मल्ल राज्य कहिल्यै एकीकरण हुन सकेन (सुवेदी, २०६०:२५), जसको फाइदा पछिल्लो अवधिमा पृथ्वीनारायण शाहले लिए ।

चौबीसे राज्यमध्ये कास्की राज्यको महत्वपूर्ण स्थान रहेको छ। ठकुरी राजाको आगमनपूर्व कास्की क्षेत्रका कतिपय स्थानमा घलेहरूको सामन्तराज्य थियो। कास्कीमा प्रचलित उखान छ- 'घले मारी शाही रजायो', जसको तात्पर्य हो ठकुरीहरूले घलेलाई परास्त गरी आफू राजा भए भन्ने स्पष्ट हुन्छ (पौडेल, २०५९:२०) ।

कास्कीका तत्कालीन घले राजा ढोब कहऱ्याल निसन्तान भई मरेकाले रितु घलेलाई राजा बनाएका थिए। साधारण अवस्थाबाट एक्कासी राजा हुन पाउँदा उनी उन्मत्त भई स्वेच्छाचारी बनी दुनियालाई दुःख दिन थालेपछि जनता रितु घलेको अत्याचारबाट रुष्ट भई उनका विरुद्धमा लाग्न थालेका थिए। नुवाकोटे ठकुरी राजा जगति खान आफ्नो राज्य विस्तारमा लागेको बेला उनले यो चाल पाई घले राजाका नौघरेकाजीका भला मानिसहरू मिली गुप्त मन्त्रणा गरी घले राजालाई परास्त गरे । त्यही समयबाट क्होलमा घले राजाको रजाइँ समाप्त पारी शाही राजाको रजाइँ भयो र कास्कीकोटमा घले मारी शाही रजायो ( गुरुङ, २०४५:१४५) भन्ने भनाइहरू रहेका छन् ।

प्राध्यापक राजाराम सुवेदीका अनुसार कास्कीमा हिमाली रेखाभन्दा तल्लो शेष क्षेत्रमा घले थरका गुरुङको बसोबास थियो । उनीहरूको नियमित शासन र राज्यको ढाँचा तयार भएको पाइँदैन । त्यही बेला ठकुरी राजा विचित्र खानले आफ्नो बाहुबलले घलेहरूबाट अधिकार हत्याएर ठकुरी राज्यमा परिणत गरे (सुवेदी, २०६०:७६) । एक वंशावलीमा घले राजा आफ्नो मूल थलो क्होलमा र सिक्लेसमा बस्दथे । यद्यपि घलेल गाउँका घले मुखियाहरू र अर्मलाकोटका घलेहरूलाई विस्थापित गरेर आफ्नो हातमा हुकुम लिएका थिएनन् तापनि

विचित्र खानले क्होलाका घले राजालाई परास्त गरेको कुरा उल्लेख छ (क्षत्री, २०५७:६-७)। यी ठकुरी वंशका शासकहरू पछि 'शाह' मा रूपान्तरित भए।

यस कुराबाट स्पष्ट हुन्छ कि कर्णाली प्रदेशका खस मल्लहरूको पतनपछि कास्कीमा गुरुङ घना बस्ती हुनाले उनीहरूमा स्थानीय नाइके भन्ने परम्परा रहेको र तिनै नाइकेको पनि मान्यवरलाई घले राजा भन्ने परम्परा रहेको पाइन्छ। त्यस बेलाको प्रामाणिक इतिहास प्राप्त छैन केवल कास्कीमा ठकुरीहरूको प्रवेशपछि मात्र क्रमबद्ध इतिहास पाइन्छ (सुवेदी, २०६०:६९)। यसरी कास्की राज्यको इतिहास अस्तित्वमा रहँदै आयो भने नेपाल एकीकरणको अभियानमा राजेन्द्रलक्ष्मीको नायवीकालमा वि.सं. १८४२ मा विशाल नेपाल राष्ट्रमा समाहित हुन पुग्यो। इतिहासमा राजा सिद्धिनारायण शाह स्वतन्त्र कास्की राज्यका अन्तिम राजा बन्न पुगे जुन कास्की राज्यका संस्थापक राजा कुलमण्डन शाहका आठौं पुस्ताका हुन्।

## ३.३. कास्कीको भौगोलिक अवस्था

विश्व मानचित्रमा नेपाल पृथ्वीको उत्तरी गोलार्द्धमा अवस्थित एसिया महाद्वीपको दक्षिण-पूर्वमा विषवत (भूमध्य) रेखादेखि उत्तरी आक्षांशमा कर्कट रेखादेखि पनि उत्तरमा भारत र चीन विशाल साम्राज्यको माझमा हिमालयको काखमा, पूर्व-पश्चिम झण्डै इँटा आकारमा फैलिएर रहेको छ। नेपालको फैलावट २६° २२' देखि ३०° २७' उत्तर अक्षांश र ८०° ४' पूर्वी देशान्तरदेखि ८८° १२' पूर्वी देशान्तरसम्म फैलिएको छ। नेपालको क्षेत्रफल १,४७,१८१ वर्ग कि.मी. छ। यो विश्व क्षेत्रफलको ०.०३ प्रतिशत र एसिया महाद्वीपको क्षेत्रफलको ०.३ प्रतिशत भूभाग पर्न आउँछ (निरौला, २०५३:१६)।

नेपालका ७५ जिल्लामध्येको कास्की जिल्ला आफ्नै किसिमको भौगोलिक, सांस्कृतिक, पर्यटकीय एवं पर्यावरणीय दृष्टिले वैशिष्ठ्यता कायम गर्न सफल तथा सक्षम जिल्ला हो। यस जिल्लाको अवस्थिति २८° ६' देखि २८° ३६' उत्तर अक्षांश र ८३° ४९' देखि ८४° १२' पूर्व देशान्तरसम्म फैलिएको छ। यस जिल्लाको सिमाना पूर्वमा तनहूँ र लमजुङ पर्दछन्। पश्चिममा म्याग्दी र पर्वत जिल्ला पर्दछन्। उत्तरमा मनाङ जिल्ला पर्दछ भने दक्षिणी सिमाना स्याङ्जा जिल्लासँग जोडिएको छ। यस जिल्लाको क्षेत्रफल २०१७ वर्ग कि.मी. रहेको छ। नेपालको सुन्दर नगरका रूपमा परिचित पोखरा यस जिल्लाको

सदरमुकाम हो। यस जिल्लामा २ नगरपालिका र ४३ गा.वि.स. रहेका छन्। सम्पूर्ण जिल्लाको हावापानी समशीतोष्ण प्रकारको छ। यस जिल्लाको साक्षरता दर ७२% रहेको छ (कास्की, शैक्षिक दर्पण २०६३)।

यस जिल्लाका ऐतिहासिक तथा धार्मिकस्थलहरूमा पञ्चधाम पञ्चासे, कास्कीकोट, विन्ध्यवासिनी, भद्रकाली, तालबाराही, पाताले छाँगो, गुप्तेश्वर महादेव गुफा, सेती नदी आदि हुन्। यस्तै गरी यस जिल्लाका प्रमुख जातिहरूमा ब्राह्मण, क्षत्री, गुरुङ, नेवार, मगर, कामी, सार्की, दमाई, थकाली, तामाङ आदि रहेका छन्। यहाँका मानिसहरूको प्रमुख धर्म हिन्दु, बौद्ध, मुस्लिम हो भने क्रिश्चियन धर्मावलम्बीहरूको सङ्ख्या पनि दिनानुदिन बढ्दो छ। यहाँका प्रमुख भाषामा नेपाली, गुरुङ, नेवार, मगर रहेको छ (कास्की शैक्षिक दर्पण, २०६३)।

नेपालको मध्य भागस्थित विश्वप्रसिद्ध अन्नपूर्ण हिमशृङ्खलाको दक्षिण काखमा कास्की जिल्ला अवस्थित छ। सप्तगण्डकीअन्तर्गत सेती गण्डकी, मादी र त्यसका सहायक नदी र खोला यस जिल्लाको भूभाग हुँदै प्रवाहित भएका छन्। यो जिल्ला मध्यपहाडी पर्यावरणीय प्रदेशमा परे तापनि जिल्लाभित्रका थुप्रै भूभाग उच्च क्षेत्रमा पर्दछन्। यस जिल्लाको आकार वर्गाकार छ भने फैलावट करिब ७० कि.मी.को हवाईदुरी पूर्व पश्चिम एवम् उत्तर दक्षिण फैलिएको छ। समुद्र सतहदेखि मादी नदी किनारामा करिब ५४० मिटर, सेतीनदीको कोत्रेस्थित गल्छी करिब ५५० मिटर र मोदी नदीको वीरेठाँटी नजिक लगभग ९५० मिटर उचाइमा यस जिल्लाको होचो भाग अवस्थित छ। उत्तरको अग्लो अन्नपूर्ण हिमशृङ्खला सधैँ हिउँले ढाकिरहन्छ भने ११ वटा हिमशिखरहरू ६००० मिटरभन्दा बढी उचाइका छन्। जसमध्ये अन्नपूर्ण प्रथम ८०९१ मिटर, यस जिल्लाको उत्तर पश्चिममा र अति मनमोहक चुचुरो जसलाई ‘कुमारी’ भनेर चिनिन्छ, माछापुच्छे ६९९३ मिटर उत्तर भागमा पर्दछ। अन्नपूर्ण दोस्रो ७९३७ मिटर, अन्नपूर्ण तेस्रो ७५५५ मिटर, अन्नपूर्ण चौथो ७५२५ मिटर, अन्नपूर्ण दक्षिण ७२१९ मिटर यस जिल्लाका उत्तरी क्षेत्रमा पर्ने हिउँ टाकुराहरू हुन् (अधिकारी, २०६६:२६)।

यस जिल्लाको धरातल छोटो दूरीमै निकै ठूलो विषमता भएको कारण जलवायुमा पनि निकै भिन्नता छ। यस जिल्लाभित्र सामान्यतया होचो भूभागमा गृष्मकालीन तापक्रम ३०⌈ सेल्सियसभन्दा माथि रहन्छ भने पहाडी क्षेत्रमा २०⌈ सेल्सियसभन्दा कम तापक्रम रहन्छ। हिउँदे तापक्रम सबै क्षेत्रमा गृष्मकालीन तापक्रमको आधाजसो कम हुने

तथ्याङ्कहरूले देखाएका छन् । सन् १९७१ देखि गरिएको वर्षाको रेकर्डअनुसार लुम्ले केन्द्रमा सन् १९८४ र १९९५ मा सबैभन्दा बढी वर्षा ६००० मि.मि. भन्दा अधिक रेकर्ड गरिएको थियो । कास्की जिल्लाका विभिन्न भागमा वार्षिक २५०० मि.मि. भन्दा बढी वर्षा हुने रेकर्डले देखाएको छ । यसरी कास्की जिल्ला समष्टिमा सुन्दर र बसोबासको दृष्टिले पनि उपयुक्त जिल्लाका रूपमा लिन सकिन्छ ।

## ३.४. माझठानाको भौगोलिक अवस्था

कास्की जिल्लाअन्तर्गत १ उपमहानगरपालिका, १ नगरपालिका र ४३ गा.वि.स. रहेका छन् जसमध्ये माझठाना गा.वि.स. झण्डै पूर्वी भागमा अवस्थित एउटा रमणीय गा.वि.स. हो । विश्व मानचित्रमा यो गा.वि.स. भौगोलिक अवस्थितिको दृष्टिले पूर्वी देशान्तर ८४⌈ ८' देखि ८४⌈ १५' सम्ममा र उत्तर अक्षांश २८⌈ १८' देखि २८⌈ २२' सम्ममा अवस्थित छ । यस गा.वि.स. को सिमाना पूर्वमा हंसपुर, पश्चिममा कालिका, उत्तरमा थुमाकोडाँडा, सैमराङ, भाचोक र मिजुरे गा.वि.स. पर्दछन् भने दक्षिणमा लेखनाथ नगरपालिका पर्दछ । राजनीतिक विभाजनका हिसाबले यो गा.वि.स निर्वाचन क्षेत्र नं. १ र जिल्ला इलाका नं. ४ मा पर्दछ । यस गा.वि.स. को प्रशासनिक कार्य वडा नं. ९ मा रहेको गा.वि.स. कार्यालयबाट हुने गर्दछ (गा.वि.स. को वस्तुस्थिति विवरण, पार्श्वचित्र २०६७:२) ।

यस गा.वि.स. को भूवनोट बीचमा पूर्व-पश्चिम भई फैलिएको पहाडी श्रेणी पश्चिम सिमाना ठूलोकोट (१७२७ मी.) बाट सुरु भएर क्रमशः ओख्लेकोट, नेटो, हवेली, माझठाना देवीस्थान, वली बस्ने कोट, थुम हुँदै नौरुडाँडा (१२६३ मी.) सम्म लगातार पूर्वपश्चिम भई फैलिएको छ । यसै पहाडी श्रेणीको उत्तर मोहोडा मादी नदीसम्म र दक्षिण मोहोडा बेगनासतालसम्म फैलिएको छ । यस गा.वि.स. को उत्तर मोहोडामा अवस्थित मादी नदी किनारमा रहेको भगवतीटार राम्रो नदी बेंसीको रूपमा परिचित छ । यो क्षेत्र तरकारी तथा अन्न उत्पादनका लागि अति उत्तम मानिन्छ । ठूलो जङ्गल क्षेत्रको फेदीमा समथर मैदानको रूपमा नदी किनारमा पूर्व-पश्चिम भई फैलिएको यो बेंसीको बीच क्षेत्र हुँदै राखी मिजुरे सडक बनेकाले पनि यो जनसम्पर्कको सुगम क्षेत्र बन्न पुगेको छ । यसै सडकबाट कास्कीको पूर्वी खण्ड तथा लमजुङको पश्चिम क्षेत्रसम्मको सम्पर्क जोडिएको छ । यसै गरी दक्षिण मोहोडामा यस गा.वि.स. को ठूलो भूभाग पर्दछ । 'माझठानाको टारी, बैदामको बारी, आर्वाको घारी' भनी कविशिरोमणि लेखनाथ पौडेलले वर्णन गरेको कास्कीका राम्रा क्षेत्रमध्ये एक मानिने यो टारी

गा.वि.स.को पश्चिम सिमानामा पर्ने अर्धा खोलादेखि दक्षिण-पूर्वी सिमानामा पर्ने कन्मराङ खोलासम्म दक्षिण मोहोडा भई फैलिएको छ। गाउँ बस्तीहरू प्रायः यसै टारीखेतको माथिल्लो भागमा अवस्थित छन्। टारीखेतका बीचबीचमा विभिन्न खोलाहरू वहने गर्दछन् तर यी खोलामा हिउँदमा पानी कम मात्रामा हुने गर्दछ भने वर्षामा प्रशस्त हुन्छ।

यस गाविसको वडागत गाउँहरूमा वडा नं. १ मा सौर्य, आँपु, माझठानडाँडा, आचार्य गाउँ र डाँडागाउँ (सार्कीथर) पर्दछन्। वडा नं २ मा भगवतीटार र पहिरे गाउँ पर्दछन्। वडा नं. ३ मा अलैचेस्वाँरा र राम्चे गाउँ पर्दछन्। वडा नं. ४ मा पात्ले, नौरु र वेत्यानी गाउँ पर्दछन्। वडा नं. ५ मा ज्यामिरे, अच्मारा गाउँपर्दछन् भने वडा नं. ६ मा स्याङ्खुदी, अर्घा, भुर्तेलगाउँ र बाँस्तोला गाउँ पर्दछन्। त्यसै गरी डा नं. ७ मा ओख्ले, आहाले र डाँडावाउँ रहेका छन्। वडा नं. ८ मा कुँडहर, कुवापानी, डाँडागाउँ (सुनारथर) पर्दछन् भने वडा नं. ९ मा बुढाथोकी गाउँ, थापा गाउँ, लामिछाने गाउँ, कडेल गाउँ र रैकर पर्दछन्।

### ३.४.१. सामाजिक अवस्था

माझठाना गा.वि.स. विविध सामाजिक बनोट भएको क्षेत्र हो। यहाँ विविध जातीय बनोट विद्यमान छ भने धार्मिक रूपमा हिन्दू र बौद्ध धर्म अवलम्बन गर्ने मानिसहरू मात्र छन्। यस गा.वि.स. का विभिन्न वडामा रहेको जनसङ्ख्याको विवरण यस प्रकार छ।

तालिका नं. १ : माझठाना गा.वि.स. को जनसङ्ख्या

| वडा नं. | घरधुरी सङ्ख्या | जनसङ्ख्या |
|---|---|---|
| १ | १०१ | ५१५ |
| २ | ५६ | २९३ |
| ३ | ८३ | ४६३ |
| ४ | ३७ | २०४ |
| ५ | ७८ | ४४८ |
| ६ | १२३ | ५६७ |
| ७ | ६७ | ३५४ |
| ८ | ९३ | ६१४ |
| ९ | १३३ | ७३७ |
| जम्मा | ७७१ | ४१९५ |

(स्रोतः माझठाना गा.वि.स.को वस्तुस्थिति विवरण, पार्श्वचित्र २०६७:५१)

तालिका नं. २ : माझठाना गा.वि.स. अन्तर्गत विभिन्न वडाहरूमा रहेको धार्मिक बनोट

| वडा नं. | हिन्दू | बौद्ध | अन्य | जम्मा |
|---|---|---|---|---|
| १ | ४८३ | ३२ | - | ५१५ |
| २ | २८४ | ९ | - | २९३ |
| ३ | ४१० | ५३ | - | ४६३ |
| ४ | १६० | ४४ | - | २०४ |
| ५ | ३६४ | ८४ | - | ४४८ |
| ६ | ५६७ | - | - | ५६७ |
| ७ | ३५४ | - | - | ३५४ |
| ८ | ५९३ | २१ | - | ६१४ |
| ९ | ७३७ | - | - | ७३७ |
| जम्मा | ३९५२ | २४३ | - | ४१९५ |

(स्रोतः माझठाना गा.वि.स.को वस्तुस्थिति विवरण, पार्श्वचित्र २०६७:५२)

**माझठाना गा.वि.स. को जातिगत विवरण**

ब्राह्मण - १९४०

दलित - ८३२

क्षत्री - ६७९

जनजाति - ६६३

अन्य - ८१

जम्मा - ४१९५

(स्रोतः माझठाना गा.वि.स.को वस्तुस्थिति विवरण, पार्श्वचित्र २०६७:५९)

**माझठाना गा.वि.स.को भाषागत विवरण**

| | | |
|---|---|---|
| नेपाली | - | ३५२२ |
| गुरुङ | - | ५२८ |
| तामाङ | - | २६ |
| मगर | - | ११९ |
| जम्मा | - | ४१९५ |

(स्रोतः माझठाना गा.वि.स.को वस्तुस्थिति विवरण, पार्श्वचित्र २०६७)

यस गा.वि.स. को सामाजिक पक्षको अध्ययन गर्दा, यहाँ प्रमुख रूपमा ब्राह्मण, क्षत्री, गुरुङ, मगर, कामी, सार्की, दमाई, तामाङ, भाट र घर्ती जातिको बसोबास रहेको पाइन्छ। धार्मिक दृष्टिले हिन्दु तथा बौद्ध धर्मावलम्बी मात्र देखिन्छन्। प्रमुख चाडपर्वको रूपमा दशैं, तिहार, तीज, ल्होसार (तमु), बौद्ध पूर्णिमा, जनैपूर्णिमा आदि रहेको देखिन्छ। यस गाविसमा रहेका युवा क्लबहरू र आमा समूहहरू विशेष सक्रिय देखिन्छन्। युवा क्लबहरूले वर्षेनी विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आफ्नो क्षेत्रको पहिचान कायम राख्न तथा स्थानीय युवाहरूको क्षमता अभिवृद्धि गर्न र स्थानीय समुदायमा सेवामुखी कार्यक्रम सञ्चालनार्थ नौरु महोत्सव, ओख्ले महोत्सव, फागुपूर्णिमा मेला, तीज मेला जस्ता मेलापर्वहरू, अन्तरक्लब खेलकुद प्रतियोगिता, गीत प्रतियोगिता तथा स्वास्थ्य शिविर सञ्चालन गरी आफ्नो संस्कृतिको जगेर्ना गर्न र स्थानीयरूपमा समुदायमा सेवा प्रदान गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएका प्रसस्त उदाहरण यस गाविसमा रहेको पाइनु सकारात्मक पक्ष हो।

यस गाविसमा विभिन्न संघ, संस्थाहरू कार्यरत छन्। जनस्वास्थ्य चौकी, कृषि तथा भेटरेनरी, साना किसान विकास आयोजना, हुलाक सेवा उपलब्ध छन्। गाविसको सबै क्षेत्रमा विद्युतीकरण भएको छ भने थाक खानेपानी आयोजना र अन्य स्थानीय स्रोतमा आधारित खानेपानी आयोजना सञ्चालनमा रहेका छन्। शिक्षाको क्षेत्रमा +२ सम्मको पठनपाठन गाउँमै चल्ने हुँदा ठूलो राहत महसुस भएको पाइन्छ। गाउँमा वचत तथा ऋणका लागि साना किसान विकास सहकारीमार्फत कारोबार हुने गर्दछ। यस संस्थामार्फत पशु विमा, तरकारीखेती विमा कार्यक्रम चलेका छन्। यो एउटा सकारात्मक उपलब्धि हो। यति हुँदाहुँदै पनि सुधार गर्नुपर्ने

प्रशस्त क्षेत्र रहेका छन् । विविध सामाजिक बनोट र आर्थिक विषमता भएको यस गाविसका हरेक निर्णायक क्षेत्रमा उपल्लो जाति भनिने हुनेखाने र टाठाबाठा गनिएका पुरुषहरूको नेतृत्व छ । यसको एउटा उदाहरणको रूपमा गाविसको कार्य सञ्चालनमा सहयोग पुऱ्याउन एउटा सर्वदलीय ६ सदस्यीय संयन्त्र गठन गरिएकोमा एक जना पनि दलित वा महिला प्रतिनिधि नहुनु एउटा विडम्वना नै हो जहाँ आधाभन्दा बढी जनसङ्ख्या महिलाको छ भने जनसङ्ख्याको दृष्टिले दोस्रो ठूलो जनसङ्ख्या दलितको रहेको छ तर यिनीहरूको प्रतिनिधित्व शून्य छ । यस अध्ययन कार्यबाट लक्षित समुदायसम्म अधिकार स्थापित हुन अझै बाँकी रहेको झलक स्पष्ट हुन्छ । सामाजिक उत्थानका लागि निर्णय गर्ने क्षेत्रदेखि कार्यान्वयन गर्ने ठाउँसम्म सबैको समान उपस्थितिलाई ध्यान दिनु जरुरी छ । विगतमा पछाडि पारिएका कारण उत्पीडन भोगिरहेको वर्ग र लिङ्गलाई विकास र अवसरको मूलधारमा ल्याउन वर्तमानको आवश्यकता महसुस हुनु जरुरी देखिन्छ । यहाँ सुधार गर्नुपर्ने देखिएको यो पक्षले सिङ्गो नेपाली समाजको अवस्था यस्तै पो छ कि भन्ने भान गराएको छ । एउटा नेपाली भनाइ छ- आमाले एउटा सितो भात छामेर सम्पूर्ण भात पाक्यो वा पाकेन भन्ने जानकारी लिनुहुन्छ, त्यसका लागि सबै भातका सिता छाम्नु पर्दैन । नेपाली समाजको बनोट पनि सबै ठाउँमा यस्तै पो छ कि भन्ने आशंका यस अध्ययन कार्यबाट हुन पुगेको छ ।

३.४.२. आर्थिक पक्ष

आर्थिक विकासको राम्रो सम्भावना भएको क्षेत्र हो माझठाना गा.वि.स. । यस गा.वि.स. का आर्थिक सम्भावनाहरू निम्नलिखित छन् ।

वन पैदावार

यस गाविसको ७७४ हेक्टर भूमि वन क्षेत्रमा पर्दछ (गा.वि.स. को पार्श्वचित्र, २०६७) । प्रजातिका दृष्टिले मुख्य रूपमा कटुस, चिलाउने, जबमु, रातपाते,बाँस, निगालो जस्ता समशीतोष्ण पतझर प्रजाति नै मुख्य छन् भने दक्षिण मोहोडाका पाहारिला पाखामा केही प्रतिशत सालको जङ्गल रहेको छ । जङ्गलको ठूलो क्षेत्र उत्तरी मोहोडामा पर्दछ । पूर्वी सिमानादेखि पश्चिम सिमानासम्म नै झण्डै अटुट रूपमा जङ्गल फैलिएको छ । जङ्गलको संरक्षण र उपभोग प्रमुख रूपमा स्थानीय समुदायद्वारा सामुदायिक वनको रूपमा उपभोक्ता समूह गठन गरी व्यवस्थित गरिएको छ । वन क्षेत्रको संरक्षण र उपभोगमा केही प्रक्रियागत सुधार गर्नुपर्ने खाँचो रहेको छ । कुनै व्यक्ति वा समुदायको जिम्मामा ठूलो

जङ्गल क्षेत्र भएकाले उनीहरूबाट जङ्गलको संरक्षण र उपभोग हुन सकिरहेको छैन भने कतिपयको जङ्गल नै नभएको र कतिपयको ज्यादै कम भएकाले अभाव नै महसुस गर्नुपरेको अवस्था छ। यो चुनौती समाधान गर्न स्थानीय निकायहरू जिम्मेवार हुनु जरुरी छ। वन क्षेत्रको व्यवस्थित रूपमा परिचालन गर्न सकेमा यस गाविसका लागि यो वन क्षेत्र राम्रो आर्थिक आम्दानीको स्रोत हुनसक्छ।

पर्यटन व्यवसाय

यस गाविसको आर्थिक विकासको सम्भावनाको अर्को क्षेत्र पर्यटन उद्योग पनि हो। पोखराबाट पहाडी दृश्य अवलोकनका लागि पूर्वी पर्यटन रुटअन्तर्गत पहिलो बास (गोर्खा क्याम्पिङ) माझठानाको पश्चिम सिमानामा पर्ने कालिका गाविसको ठूलाकोट वा काउले डाँडामा पर्दछ भने दोस्रो बास माझठानाको पूर्वी सिमानामा पर्ने स्याक्लुङकोटमा पर्दछ। यसरी माझठानाको पश्चिमदेखि पूर्वसम्म नै पर्यटन पैदलमार्ग पर्दछ। माझठाना स्वयं पनि दृश्य अवलोकनको लागि रमणीय क्षेत्र हो। यहाँबाट पूर्वमा लमजुङ हिमालदेखि पश्चिममा माछापुच्छ्रे अन्नपूर्ण हुँदै धौलागिरि हिमटाकुरा राम्रोसँग हेर्न सकिन्छ। कास्की जिल्लाका उत्तरपूर्वी गाउँवस्तीहरू, हरियाली वनजङ्गल तथा नदीनालाहरू यस पर्यटन पैदलमार्गबाट राम्रोसँग हेर्न सकिन्छ भने दक्षिणतर्फ लेखनाथदेखि पोखरासम्मका सबै दृश्य अवलोकन गर्न सकिन्छ। यहाँबाट पूर्वमा गिलुङ, पसगाउँ, मिर्लुङकोट, थप्रेककोटसम्म र पश्चिममा पञ्चासे (पञ्चधाम) कास्कीकोट, सराङकोटसम्मको दृश्य अवलोकन सजिलै गर्न सकिने यो क्षेत्र पर्यटन व्यवसायको प्रचुर सम्भावना भएको क्षेत्र पनि हो। यहाँभित्रका विविध सांस्कृतिक पक्षहरू विदेशी पर्यटकका लागि आकर्षण हुन सक्दछन् भने माझठानाकोटकी चमेलीदेवी र मादी नदी किनारमा रहेकी भगवतीदेवी प्रसिद्ध तीर्थस्थल हुन्। यस्ता तीर्थस्थलको प्रचारप्रसार तथा राम्रो व्यवस्थापनबाट धार्मिक पर्यटकको वृद्धि हुन सक्दछ। यसरी माझठाना पर्यटन व्यवसायको प्रचुर सम्भावना बोकेको गा.वि.स. पनि हो।

कृषि तथा पशुपालन

माझठाना गा.वि.स. कृषि उत्पादनका दृष्टिकोणले राम्रो क्षेत्र हो। माझठानाको टारी खेत र भगवतीटारको नदीबेंसी खाद्य बाली उत्पादनमा राम्रो क्षेत्र मानिन्छन्। वर्षायाममा मूल र खोलाहरूबाट प्रशस्त पानीको आपूर्ति हुने यी क्षेत्र हिउँदमा प्राय पानीको अभावमा धेरै प्रतिशत भूमि बाँझो रहन्छ। यहाँका पानीका स्रोत व्यवस्थित रूपमा परिचालन गर्न सकेमा

हिउँदमा पनि ठूलै भूमिमा हिउँदेखेती गर्न सकिने प्रचुर सम्भावना छ। यहाँ पनि युवा विदेश पलायनको कारण श्रमशक्तिको अभाव दिनानुदिन बढ्दैछ। भूमिमा उत्पादनका नयाँ सम्भावनाका खोजीभन्दा पनि खेतीयोग्य भूमि एक बाली उत्पादनमा समेत जनशक्तिको अभावले बाँझो हुने भयले ग्रस्त छ। भूमिमा श्रमको कमीले गर्दा उत्पादन घट्न गई बढ्दो जनसङ्ख्याका लागि खाद्यान्न अभावको सम्भावना बढेर गएको छ। समयमै समस्या समाधानको प्रयास जरुरी छ। यो स्थान शहरबाट नजिक तथा नियमित यातायातका साधन चल्ने क्षेत्र हो। लेखनाथबाट ९ किमी र पोखराबाट १८ किमी दूरीमा रहेको यस क्षेत्रमा बजारको कठिनाइ छैन। यहाँ प्रशस्त दूध, मासु, तरकारी र फलफूल उत्पादनका सम्भावना छन्। श्रमजीविहरूका लागि यो एउटा अवसरको क्षेत्र हुन सक्दछ। यत्तिको सम्भावना भएको क्षेत्र हुँदाहुँदै पनि यहाँ कुनै आकर्षण देखिँदैन। व्यक्तिगत रूपमा केही श्रमजीविहरू लागेका छन् तर उनीहरूलाई प्रोत्साहन र सहयोग दिने कार्यमा स्थानीय निकाय उदासीन नै देखिन्छ। केही गैरसरकारी संस्थाहरू सामूहिक तरकारी खेती, बाख्रा पैंचो कार्यक्रम तथा बेमौसमी तरकारी खेतीमा सहयोग गर्न आकाशे पानीको सङ्ग्रहमा सहयोग गरेका जस्ता कार्यक्रमहरूबाट लक्षित, सीमान्तकृत समुदायमा राहत पुगेको आभाष हुन्छ। अबका युवा पुस्ताले आफ्ना पेशालाई सङ्गठित र व्यवसायिक रूपमा विस्तार गर्दै जानु आवश्यक छ। पेशागत रूपमा यहाँका मानिस कृषिमा, १३१८, उद्योगमा ४, मजदुरी ८३, व्यापार ४७, नोकरी ३४ र वैदेशिक रोजगारीमा १२३ जना रहेको देखिन्छ (पार्श्वचित्र, २०६७:५७)।

### ३.४.३. शैक्षिक अवस्था

माझठाना गाविसको साक्षरता प्रतिशत कम रहेको तथ्याङ्कले देखाएको छ। कुल जनसङ्ख्या ४१९५ जनामध्ये ५०.३२ प्रतिशत मात्र साक्षर रहेको छ (पार्श्वचित्र, २०६७:३७)। शिक्षित जनशक्तिको विवरण निम्नानुसार रहेको छ:

| | |
|---|---|
| एस.एल.सी. | २८६ |
| प्रमाणपत्र तह | २१२ |
| स्नातक तह | ७४ |
| स्नातकोत्तर तह | २७ |
| विद्यावारिधि | ५ |
| जम्मा | ६०४ (पार्श्वचित्र, २०६७:३०) |

तालिका नं. ५.३ माझ्ठाना गाविसका विद्यालय र विद्यार्थीहरूको विवरण- २०६७

| विद्यालय | विद्यार्थी | | जम्मा |
|---|---|---|---|
| | छात्र | छात्रा | |
| श्री रत्नशोभा उ.मा.वि., माझ्ठाना-९ | ३०९ | २५६ | ५६५ |
| श्री विश्वज्योति प्रा.वि., माझ्ठाना-३ | ३८ | ४२ | ८० |
| श्री भूर्तेल प्रा.वि., माझ्ठाना-६ | २७ | २३ | ५० |
| श्री जनक प्रा.वि., माझ्ठाना-७ | २० | १५ | ३५ |
| श्री शिवकिरण प्रा.वि., माझ्ठाना-१ | ११ | १२ | २३ |
| श्री भगवती प्रा.वि., माझ्ठाना-२ | २७ | २० | ४७ |
| श्री सरस्वती कुञ्ज प्रा.वि., माझ्ठाना-८ | ३१ | २० | ५१ |
| जम्मा विद्यार्थी | ४६३ | ३८८ | ८५१ |

(स्रोत: जिल्ला शिक्षा कार्यालय कास्कीमा रहेको अभिलेख २०६७)

यस गाविस अन्तर्गतका विद्यालयहरूमा विद्यार्थी भर्ना अभियानलाई प्रभावकारी रूपमा अगाडि बढाई आफ्नो विद्यालय क्षेत्रभित्रका विद्यालय जाने उमेर समूहका बालबालिकालाई विद्यालयमा भर्ना गराउन प्रेरित गर्न सकेका कारणले गर्दा विद्यालय जाने उमेर समूहका बालबालिका विद्यालय नगएको सङ्ख्या खासै दखिँदैन। यो राम्रो पक्ष हो तर यति हुँदाहुँदै पनि कक्षा दोहोऱ्याउने र बीचमा छाड्ने सङ्ख्या तथ्याङ्कले देखाएको छ। यस किसिमको समस्या निराकरणमा सम्बन्धित सबै सरोकारवालाहरूको ध्यान जानु जरुरी देखिएको यस अध्ययन कार्यबाट महसुस भएको छ।

### ३.४.४. राजनीतिक अवस्था

राजनीतितर्फ यिनीहरूको चासो उल्लेख्य देखिन्छ। आफूले चाहेको राजनीतिक दलका सभा सम्मेलनमा उपस्थित हुने गरेको देखिन्छ। वि.सं. २०३७ को जनमतसङ्ग्रहपछि भएको स्थानीय निर्वाचनमा माझ्ठाना गा.वि.स. वडा नं. १ बाट पदम परियार वडा अध्यक्षमा निर्वाचित भएका थिए भने २०५७ मा भएको स्थानीय निकायको निर्वाचनमा यस वडाबाट वडा अध्यक्षका उम्मेद्वारमा मंगलबहादुर नेपाली पराजित भएका थिए।

अध्याय : चार

# माझठाना गा.वि.स. का सार्की जातिको आर्थिक, सामाजिक र शैक्षिक अवस्था

## ४.१. आर्थिक अवस्था

### ४.१.१. परिचय

नेपाली समाजमा लामो समय अगाडिदेखि नै कानुनी रूपमा नै श्रमविभाजनको माध्यमबाट दासता लादिएकाले वर्तमानमा आइपुग्दा पनि श्रम, सीप र कलाका धनी दलितहरूको अवस्था अन्य समुदायको तुलनामा निकै कमजोर देखा पर्दछ । पन्ध्रौं शताब्दीमा जयस्थिति मल्ल (वि.सं. १४३८-१४५२) ले जातका आधारमा श्रम विभाजन गरेर स्वेच्छाले श्रम रोजगारी अपनाउन पाउने आधारभूत मानवीय अधिकारलाई सीमित गराए भने त्यसलाई निरन्तरता दिने कार्य राजा राम शाहले आफ्ना सामाजिक सुधारमा कायमै राखे । राजा पृथ्वीनारायण शाहले पनि यही सामाजिक बनोटलाई निरन्तरता प्रदान गर्ने प्रयास कायम राखे । उनको 'होमे' र 'डोमे' फेर्न नहुने भनाइबाट उनको समय पनि परम्पराको निरन्तरता नै थियो भन्ने पुष्टि हुन्छ । होमे भनेको होमादि गर्ने गुरूपुरोहित, पण्डितलाई र डोमे भनेर भोटोकाँठो गरेको दमाईलाई उल्लेख गर्दै उनीहरूले आफ्नो कार्यलाई निरन्तरता दिनुपर्ने उल्लेख गरेबाट उनको समयमा पनि सामाजिक बनोट यथावत कायम थियो भन्ने बुझिन्छ । राणा प्रधानमन्त्री जङ्गबहादुरले मुलुकी ऐनमार्फत जातीय छुवाछूतलाई कडाइका साथ लागू गरी दलित समुदायलाई आर्थिक उत्थानमा अग्रसर हुन प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा निषेध गरे । यसरी राज्यबाट करिब ७०० वर्ष अघिदेखि नै जातपात, छुवाछूतले गर्दा यो वर्ग आर्थिक उन्नतिमा अग्रसर हुन सकेन । स्मरणीय छ, जातपात तथा छुवाछूत प्रथा पाचीन कालदेखि नै भएको पाइन्छ । त्यसलाई कडाइका साथ लागू गर्ने काम जयस्थिति मल्लको समयबाट भएको हो । सामाजिक कुसंस्कार र त्यसबाट सिर्जित कुप्रथाले गर्दा दलित समुदायको पीडा उनीहरूका सन्तान दरसन्तानमा पनि पर्दै गयो । तराई तथा पहाडी क्षेत्रमा दलित समुदायका बहुसङ्ख्यक मानिस भूमिहीन अवस्थामा छन् । उनीहरू किसान हुन् तर खेती गर्ने भूमि छैन । कतिपय दलितहरूको एउटा झुपडी बनाउनका लागि पनि ठाउँ छैन । यो समस्या पहाडमा भन्दा तराईमा अझ बढी देखिन्छ । यो एउटा विडम्वना हो,

श्रमजीवी वर्गको आफ्नो श्रम गर्ने ठाउँ छैन । ठूला भूमिपतिहरू भूमिमा टेक्न तयार छैनन् । यही संरचना नेपाली समाजमा कृषि क्षेत्रको चुनौती बनेर रहेको छ ।

भूमिहीनताका कारण अधिकांश दलित समुदाय अर्काको खेतबारीमा काम गर्न विवश छन् । विभिन्न प्रतिवेदनहरूले उल्लेख गरेका छन् कि भूमिको एक प्रतिशत पनि दलित समुदायले ओगट्दैन । कृषि श्रमिकको रूपमा काम गर्ने भूमिविहीन दलितहरू प्रायः बँधुवा कृषि श्रमिकको रूपमा काम गर्ने अवस्था तराईमा कायमै छ । मधेशका हरूवा, चरुवा तथा पहाडमा हली, गोठालो भएर अर्काको काम गर्ने अधिकांश श्रमिकहरू दलित जातिका रहेका छन् । प्रस्तुत अध्ययनको क्षेत्र माझठाना गा.वि.स. मा एउटा भनाइ प्रचलित छ- “सार्कीले नजोतेको खेत र उनीहरूले नबनाएको घरै छैन ।” यसरी दलितहरू श्रम र सीपमा धनी रहे तापनि उनीहरूको परम्परागत जातीय पेशाले यस समुदायको आर्थिकस्तर अपेक्षित रूपमा उठ्न सहयोग पुग्न सकिरहेको छैन । छुवाछूत, श्रमशोषण तथा श्रमको उपेक्षाका कारण अधिकांश दलितहरूको परम्परागत पेशाप्रति वितृष्णा फैलिएको छ ।

कास्की जिल्ला माझठाना गा.वि.स. मा रहेका ४१९५ जनसङ्ख्यामध्ये दलित जातिको सङ्ख्या ८३२ जना रहेको छ भने दलित जातिमध्येको एक जाति सार्की जातिको सङ्ख्या १९२ जना छ (गा.वि.स. को वस्तुस्थिति विवरण, पार्श्वचित्र २०६७) । यस जातिको आर्थिक अवस्था राम्रो छैन । छालामा आधारित उनीहरूको परम्परागत पेशा पूर्ण रूपमा लोप भइसकेको छ । छालामा आधारित काम गर्ने प्रचलन पहिलादेखि नै कम भएको कुरा यहाँका बुढापाकाहरू बताउँछन् (बाबुराम नेपाली र अन्य, अन्तर्वार्ता) । उनीहरूमा ज्ञान र सीपको विकास गराई आधुनिक डिजाइनका छालाबाट निर्मित जुत्ता, पेटी, सुटकेश आदि वस्तुहरू निर्माण गर्न सक्षम बनाउन सकेको भए रोजगारीमा वृद्धि भई आयआर्जन हुनुका साथै कच्चा वस्तुको सदुपयोग र तयारी वस्तुको आवश्यकताको पूर्ति हुन सक्थ्यो । उनीहरूका सीपमूलक परम्परागत पेशा लोपोन्मुख अवस्थामा पुगेका छन् । यहाँका सार्की जातिको मुख्य पेशा कृषि हो तापनि खेती गर्ने भूमिको न्यूनता रहेको छ । शिक्षाको कमीले गर्दा उनीहरूले स्वदेशमा रोजगारी पाउन सकेका छैनन् । परिणामस्वरूप यस समुदायका अधिकांश युवाहरू रोजगारीका लागि भारतलगायत अन्य खाडी मुलुकहरूमा पुगेका छन् । वैदेशिक रोजगारीमा लाग्ने घरपरिवारमा त गुजारा चलेको छ तर लगानीको अभावमा विदेश जान नसकेका प्रशस्त बेरोजगार युवा यहाँ छन् । उनीहरूको घरमा हातमुख जोड्न धौधौ परेको छ । त्यस्ता परिवारमा दैनिक ज्यालादारीबाहेक अर्को विकल्प छैन ।

ज्यालादारीका निम्ति पनि सबै समय काम पाउने अवस्था छैन । बीचमा पढाइ छाड्ने र एस.एल.सी.पछि उच्च शिक्षा अध्ययन गर्न लाग्न नसक्ने सङ्ख्या प्रशस्त छ किनकि उनीहरू उच्च शिक्षाका लागि लगानी गर्न सक्षम छैनन् । यसरी गरिबीको दुष्चक्रमा यो समाज चलिरहेको छ ।

यदि नेपालको उन्नति चाहने हो भने सबैले सोच्नु पर्ने विषय हो, अब सबै वर्ग, तह र तप्कामा रहेका मानिसहरूको जीवनस्तरमा सुधार ल्याउनुपर्दछ । जुन वर्गका मानिसहरू अवसरबाट पछि परेका छन्, उनीहरूप्रति बढी उदार नीति तय गरिनुपर्दछ । सामाजिक सोच सकारात्मक हुनुपर्दछ, स्थानीय निकायहरू पिछडिएको वर्गप्रति बढी लक्षित हुनुपर्दछ । चेतना अभिवृद्धि गर्न, सीपमूलक तालिम प्रदान गर्न तथा स्थानीय निकायहरूले लक्षित समुदायप्रति बढी केन्द्रित हुन सकेमा यस समुदायको अवस्थामा सुधार आउन सक्नेछ ।

४.१.२. पेशा

मानिसले जीवन निर्वाहका निमित्त कुनै न कुनै पेशा/व्यवसाय अपनाएको हुन्छ । अतः यहाँका सार्की जाति आफ्नो जीवनयापनका लागि विभिन्न पेशामा संलग्न छन् । यहाँका सार्की जातिका मानिसहरूको कुल जनसङ्ख्या १९२ जना रहेकोमा उमेरगत बनोट यस प्रकार छ :

०-१५ वर्षसम्मका जनसङ्ख्या ६७ जना (३४.९%)

१६-५९ वर्ष समूहको जनसङ्ख्या ११५ जना (५९.८%)

६० वर्षमाथिको जनसङ्ख्या १० जना (५.२%) (स्थलगत अध्ययनबाट प्राप्त जानकारी) ।

यस तथ्याङ्कबाट झण्डै आश्रित जनसङ्ख्या ४० प्रतिशत र उत्पादनका दृष्टिले सक्रिय जनसङ्ख्या लगभग ६० प्रतिशत रहेको देखाउँछ । पेशागत बनोटका आधारमा यहाँका सार्की जातिले निम्नअनुसार पेशा अवलम्बन गरेको पाइन्छ ।

तालिका नं. ४.१ : पेशागत बनोट

| पेशा | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|
| कृषि | ७३ | ३८ |
| नोकरी (नेपाल, भारत र तेस्रो मुलुक) | २३ | १२ |
| मजदुरी | ८ | ४ |
| व्यापार | २ | १ |
| आयआर्जनमा प्रत्यक्ष संलग्न नभएको सङ्ख्या (केटाकेटी र विद्यार्थी) | ८६ | ४५ |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८

उपर्युक्त तथ्याङ्कबाट कृषिलाई आफ्नो मुख्य पेशाको रूपमा अँगाल्ने सार्की जति लगभग ३८ प्रतिशत रहेका छन्। कृषि पेशामा संलग्नमध्ये धेरैको आफ्नो खेत छैन। उनीहरू अरूको भूमिमा ठेक अधियाँ र केहीले अरूको भूमि बन्धक लिएर खेती गरेको पाइन्छ। आफ्नै भूमि हुनेहरूको पनि थोरै मात्र छ। आफ्नै भूमिमा खेती गरेर खान पुग्ने परिवार एकदुई मात्र रहेका छन्। स्वदेश तथा विदेशमा रोजगारीमा लाग्ने जनसङ्ख्या १२ प्रतिशत छ। वैदेशिक रोजगारीमा जाने सबैजसो युवाहरू अदक्ष वा अर्धदक्ष अवस्थाका छन्। दक्षता नभएका कारण विदेशमा पनि राम्रो पारिश्रमिक पाउन नसकेको भनाई उनीहरूको छ। यी रोजगार प्राप्त परिवारमा पनि जीवन निर्वाहसम्म चलेको र आर्थिक बचत गर्न नसकेको गुनासो प्रत्यक्ष कुराकानीका क्रममा वैदेशिक रोजगारीबाट फर्केका एक युवा धनबहादुर नेपाली बताउँछन् (अन्तर्वार्ता)। मुख्य पेशाको रूपमा मजदुरी गर्ने सङ्ख्या ४ प्रतिशत रहेको छ। यिनीहरूको अवस्था झन् दयनीय छ। सीमित ज्याला हुनु र सबै समय ज्यालादारीको काम समेत नपाइने हुँदा बाँच्न मुस्किल परेको दुखेसो छ, ज्यालादारी गर्दै आएकी ३८ वर्षीया विवा नेपालीको। व्यापार व्यवसायमा १ प्रतिशत मात्र संलग्न छन् भने जनसङ्ख्याको ठूलो भाग अनुत्पादक (आश्रित) रहेको छ। यो जनसङ्ख्या प्रमुख रूपमा नाबालकदेखि स्कूल जाने उमेर समूहका बालबालिका र केही वृद्धवृद्धाहरू समेत रहेका छन्। आश्रित जनसङ्ख्याले ४५ प्रतिशत ओगटेको छ। समग्रतामा कास्की जिल्ला माझठाना गा.वि.स. वडा नं. मा बसोबास गर्ने ३५ घरधुरीका १९२ जना सार्की जातिको आर्थिक अवस्था राम्रो छैन भन्ने कुरा यस तथ्यले पुष्टि गरेको छ।

४.१.३ भू-स्वामित्व

कास्की जिल्ला माझठाना गा.वि.स. वडा नं. १ मा बसोबास गर्ने ३५ घरपरिवार सार्कीहरूमध्ये अधिकांशको स्वामित्वमा रहेको जग्गा अति न्यून रहेको देखिन्छ। धेरैजसोको जिम्मामा रहेको जमिन त घरगोठ निर्माणमा सकिएकाले थोरै तरकारी खेती गर्न समेत नपुगेको अवस्था रहेको पाइन्छ। धेरथोर पाखो जग्गा भने सबै परिवारको रहेको पाइन्छ तर खेत जग्गा भने छ परिवारको नाममा मात्र रहेको छ।

धेरै मानिसले आफ्नो प्रमुख पेशा कृषि भने तापनि आफ्नो खेत नभएको र अर्काको स्वामित्वमा रहेको खेतमा बन्धक, ठेक वा अधियाँ गर्ने परिवार सङ्ख्या धेरै देखियो। उनीहरूमध्येका एक किसान महादेव नेपाली भन्दछन्- "हामी श्रम गरेर कमसल जग्गा राम्रो बनाउँछौ, अनि एक दुईवर्ष पछि उनैले फिर्ता लिन्छन् हामी सधैँ कमसल भूमि सुधार गर्न बाध्य छौं। यसरी धेरैको भूमिको अवस्थामा सुधार गरिदियौं तर हाम्रो भूमि छैन" ( अन्तर्वार्ता)। यस्तो छ दलित किसानको मर्म। यस समुदायका केही परिवारमा संयुक्त रूपमा भू-स्वामित्व रहेको देखियो। भू-स्वामित्वको अवस्था निम्नअनुसार रहेको पाइन्छ -

तालिका नं. ४.२ : पाखो जग्गातर्फ

| | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|
| १ रोपनीसम्म मात्र पाखो हुने परिवार सङ्ख्या | १३ | ३७.१ |
| १-५ रोपनीसम्म पाखो भूमि हुने परिवार सङ्ख्या | १६ | ४५.८ |
| ५ रोपनीभन्दा माथि पाखो भूमि हुने परिवार सङ्ख्या | ६ | १७.१ |
| जम्मा | ३५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०६८

तालिका नं. ४.३ : खेत जग्गातर्फ

| | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|
| खेत नभएका परिवार सङ्ख्या | २९ | ८२.८ |
| १० रोपनीसम्म खेत हुने परिवार सङ्ख्या | ३ | ८.६ |
| १० रोपनीभन्दा माथि खेत हुने परिवार सङ्ख्या | ३ | ८.६ |
| जम्मा | ३५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०६८

उपर्युक्त तालिकामध्ये पहिलो तालिका नं. ५.२ पाखो जग्गाको भू-स्वामित्वलाई देखाएको छ । यसलाई हेर्दा १३ परिवार अथवा ३७.१ प्रतिशतको भूस्वामित्व थोरै छ । जसले गर्दा उनीहरूको जिम्मामा रहेको जमिन घरगोठ समेतमा साँघुरो महसुस भएको र थोरै तरकारी खेती गर्न समेत जग्गाको अभाव भएको देखिन्छ । १६ घर परिवार अथवा ४५.८ प्रतिशतको जिम्मामा १ देखि ५ रोपनीसम्म पाखो जग्गा भएकोले सामान्य अवस्था महसुस गरेको पाइन्छ । यसका पनि केही कठिनाइ देखिन्छ । सबै पाखो एकै ठाउँमा नभएको र टुक्रा चक्लाका कारण व्यावहारिक रूपमा अप्ठ्यारो भएको उनीहरूसँगको प्रत्यक्षवार्ताका क्रममा बताए (बलबहादुर नेपाली र अन्य) । यिनीहरूमा पनि जग्गाको बनोट आवश्यकताअनुकूल नभएकाले घरगोठ भएको ठाउँ साघुँरो भएको, खेती गर्ने पाखो टाढा परेकोले समस्या भएको पाइयो ।

यहाँका बहुसंख्यक मानिसले आफ्नो प्रमुख पेशा कृषि भनी बताएका छन् तर कृषिभूमि ज्यादै न्यून छ । तालिका नं. ५।३ ले यसलाई स्पष्ट पारेको छ । खेत भू-स्वामित्व भएका ६ परिवार मात्र रहेका छन् । कुल परिवार सङ्ख्या ३५ मध्ये २९ परिवार अथवा ८२.८ प्रतिशतको आफ्नो खेत छैन । ३ परिवारको अर्थात् ८.६ प्रतिशतको १० रोपनीभन्दा कम र ३ परिवार अथवा ८.६ प्रतिशतको मात्र १० रोपनीभन्दा माथि जग्गा रहेको देखिन्छ । यस भूस्वामित्वको अवस्थाबाट यहाँका सार्की जातिको अवस्था राम्रो नभएको तथ्यलाई यस विवरणले पुष्टि गर्दछ । थोरै मात्र परिवारको अवस्था सन्तोषजनक रहेको देखिन्छ । यहाँका बहुसङ्ख्यक परिवारको अवस्था दयनीय छ ।

### ४.१.४ वार्षिक आम्दानी

कास्की जिल्ला माझठाना गा.वि.स. वडा नं. १ मा बसोबास गर्ने सार्की जातिको आम्दानीका स्रोतहरू कृषि उत्पादन, ज्याला मजदुरी, नोकरी र व्यापारबाट गर्ने वार्षिक आम्दानी र त्यस आम्दानीबाट वर्षमा कति समय खान पुगछ भन्ने वास्तविकतालाई तल प्रस्तुत तालिकाद्वारा देखाइएको छ ।

तालिका नं. ४.४ : वार्षिक आम्दानी

| क.सं. | घरमुलीको नाम | वार्षिक आम्दानी (रु) | खान पुग्ने समय |
|---|---|---|---|
| 1 | नरबहादुर नेपाली | 100000.00 | वर्षैभरि खान पुग्ने |
| 2 | सोममाया नेपाली | 20000.00 | ३ महिना मात्र खान पुग्ने |
| 3 | गीता नेपाली | 60000.00 | ६ महिना मात्र खान पुग्ने |
| 4 | मंगलबहादुर नेपाली | 200000.00 | वर्षैभरि खान पुग्ने |
| 5 | चित्रबहादुर नेपाली | 130000.00 | वर्षैभरि खान पुग्ने |
| 6 | लालबहादुर नेपाली | 90000.00 | वर्षैभरि खान पुग्ने |
| 7 | मंगली नेपाली | 60000.00 | ८ महिना मात्र खान पुग्ने |
| 8 | धनबहादुर नेपाली | 75000.00 | वर्षैभरि खान पुग्ने |
| 9 | वीरबहादुर नेपाली | 90000.00 | वर्षैभरि खान पुग्ने |
| 10 | झगमाया नेपाली | 50000.00 | ९ महिना खान पुग्ने |
| 11 | एकबहादुर नेपाली | 50000.00 | ६ महिना खान पुग्ने |
| 12 | बाबुराम नेपाली | 55000.00 | ७ महिना खान पुग्ने |
| 13 | वसन्तबहादुर नेपाली | 70000.00 | वर्षैभरि खान पुग्ने |
| 14 | आइतबहादुर नेपाली | 90000.00 | वर्षैभरि खान पुग्ने |
| 15 | सन्तोष नेपाली | 100000.00 | वर्षैभरि खान पुग्ने |
| 16 | कृष्णबहादुर नेपाली | 100000.00 | वर्षैभरि खान पुग्ने |
| 17 | कल्पना नेपाली | 50000.00 | ६ महिना मात्र खान पुग्ने |
| 18 | मनबहादुर नेपाली | 70000.00 | वर्षैभरि खान पुग्ने |
| 19 | कृष्णबहादुर नेपाली | 80000.00 | वर्षैभरि खान पुग्ने |
| 20 | बलबहादुर नेपाली | 65000.00 | ६ महिना मात्र खान पुग्ने |
| 21 | मनबहादुर नेपाली | 70000.00 | ६ महिना मात्र खान पुग्ने |
| 22 | रमेश नेपाली | 70000.00 | वर्षैभरि खान पुग्ने |
| 23 | टेकबहादुर नेपाली | 70000.00 | ९ महिना खान पुग्ने |
| 24 | डामबहादुर नेपाली | 7000.00 | ६ महिना मात्र खान पुग्ने |
| 25 | शोभबहादुर नेपाली | 70000.00 | ८ महिना मात्र खान पुग्ने |
| 26 | धनबहादुर नेपाली | 50000.00 | ८ महिना मात्र खान पुग्ने |
| 27 | दलबहादुर नेपाली | 80000.00 | ६ महिना मात्र खान पुग्ने |
| 28 | विमला नेपाली | 50000.00 | ६ महिना मात्र खान पुग्ने |
| 29 | बुद्धिबहादुर नेपाली | 80000.00 | वर्षैभरि खान पुग्ने |
| 30 | शमशेरसिंह नेपाली | 30000.00 | ६ महिना मात्र खान पुग्ने |

| | | | |
|---|---|---|---|
| 31 | डिलबहादुर नेपाली | 50000.00 | ८ महिना मात्र खान पुग्ने |
| 32 | तर्कबहादुर नेपाली | 150000.00 | वर्षैभरि खान पुग्ने |
| 33 | मनबहादुर नेपाली | 60000.00 | ८ महिना मात्र खान पुग्ने |
| 34 | महादेव नेपाली | 90000.00 | वर्षैभरि खान पुग्ने |
| 35 | दशरथ नेपाली | 90000.00 | वर्षैभरि खान पुग्ने |

स्रोतः विकेन्द्रित बालबालिकामुखी शैक्षिक व्यवस्थापन सूचना प्रणाली, पारिवारिक शैक्षिक लगत २०६८ ।

उपर्युक्त तालिकाबाट यस समुदायका ३५ घरधुरीमध्ये १४ परिवार अर्थात् ४८.५७ प्रतिशत वार्षिक आम्दानीबाट ती परिवारको सामान्य आवश्यकता पूर्ति हुन सकेको छ भने १८ परिवार अर्थात् ५१.४३ प्रतिशतमा ती परिवारको वार्षिक आम्दानीबाट न्यूनतम आवश्यकताको पूर्ति गर्न सकेको देखिँदैन। कतिपय परिवारमा त ३ महिना मात्र आफ्नो आम्दानीले धान्ने देखिन्छ। यसरी आधाभन्दा बढी परिवारको आर्थिक अवस्था नाजुक रहेको यस तथ्याङ्कले पुष्टि गरेको छ। यस तथ्यले नेपालका अन्य क्षेत्रमा बसोबास गर्ने दलित समुदायको अवस्थालाई अनुमान गर्न आधार दिएको छ। यसरी गरिबीको मारमा परेका समुदायका बारेमा राज्यले उनीहरूको स्तर उन्नतिमा सहयोग पुग्ने खालका कार्यक्रम ल्याउन सक्नुपर्दछ। शिक्षा, स्वास्थ्य रोजगारीमा उनीहरूको पहुँच विस्तार गर्न सकियो भने यो समस्या कम भएर जान सक्छ। स्थानीय निकायहरू पनि गम्भीर हुन जरुरी छ। स्थानीय निकाय जस्तै गाउँ विकास समिति जिल्ला विकास समितिले आफ्नो वार्षिक बजेट निर्माण गर्दा यस्ता सिमान्तकृत समुदायको पक्षमा बढी ध्यान पुऱ्याउन आवश्यक छ। बोलवालाहरूकै पक्षमा बढी बजेट जाने र निमुखाहरू सधैँ पछि परिरहने विडम्बनाको अन्त्य हुनु आवश्यक छ। दलित, उत्पीडित र पिछडा वर्गमा पनि यो देशको स्रोत साधनमा हाम्रो पनि समान अधिकार छ भन्ने चेतनाका साथ एकताबद्ध भई जायज माग उठाउन तयार रहनुपर्छ। नेपालीमा एउटा भनाई छ - 'बच्चा रोएन भने आमाले दूध खुवाउन बिर्सन सक्छिन्।' पीडितले आफ्नो पीडाको अवगत गराउनुपर्दछ तब सम्बन्धित निकाय समाधानतर्फ सचेत हुन पुग्छ। यो आवाज दबेको रूपमा हैन एकताबद्ध भई गर्जनको रूपमा आउनु पनि जरुरी छ। दलित जातिका उत्पीडनका पछाडि उनीहरूको भूमिका पनि केही प्रतिशत जिम्मेवार छ। आर्थिक र स्वास्थ्यप्रतिको लापरबाही उनीहरूका चुनौति हुन् त्यसलाई दलित समुदायले त्याग्न सक्नुपर्दछ।

## ४.२. सामाजिक अवस्था

नेपालका अधिकांश दलित समुदाय हिन्दु धर्मावलम्बी भए तापनि बढी मात्रामा उच्च वर्गका हिन्दु धर्मावलम्बीबाटै शोषित, बहिष्कृत र तिरस्कृत भएका छन्। आफ्नो धार्मिक परम्परा र संसकार अनुरूप सामाजिक कार्य गर्नबाट अझै वञ्चित पारिएका छन्। कला संस्कृति तथा सीपका धनी दलित आफैले वञ्चित पारिएका छन्। कला संस्कृति तथा सीपका धनी दलित आफैले निर्माण गरेको मन्दिर प्रवेश गर्नबाट वञ्चित छन्। नागरिकको हैसियतले राज्यबाट प्राप्त गर्ने स्रोत र साधन उपभोग गर्नबाट विभेद त छँदैछ प्राकृतिक स्रोत र साधन उपभोग गर्नबाट समेत वञ्चित छन्। दलितलाई अशुद्ध समुदायको रूपमा हेरिन्छ। उनीहरूले छोएको अशुद्ध हुन्छ भनी आफूहरू सुरक्षित रहन उच्च जातइि अहंकारवादले ग्रसित रहेका कथित छुतहरू अनेक हर्कत गर्न पछि पर्दैनन्। उनीहरूमाथि गरिने सम्बोधनमा पनि होच्याउने, अपमानजनक शब्दहरूको प्रयोग गर्ने गरेको पाइन्छ। दलितको इज्जत प्रतिष्ठानलाई बेवास्ता गरी, अपमानित गर्ने होच्याउने तथा घृणा गर्ने प्रवृत्ति समाजमा अझै कायम रहेको छ। वास्तवमा दलित समुदायप्रति गरिने सबै प्रकारका विभेदको प्रमुख आधार जातीय छुवाछूत प्रथा नै हो। छुन हुने र नहुने, शुद्ध र अशुद्धको आधारमा सयों विभेदहरूले नेपाली समाजमा जन्म लिएको छ। यस गा.वि.स.मा बसोबास गर्ने ८३२ दलित जनसङ्ख्यामध्ये सार्की जाति पनि जातीय छुवाछूत र उत्पीडनमा परेको एउटा जाति हो। यहाँ ब्राह्मण, क्षत्री, गुरुङ, मगर भाट, घर्ती, तामाङ, सार्की, कामी, दमाई जातिको बसोबास छ। छुत जाति मानिने समुदायमा दलित जातिले खाना खाएपछि आफैले भाँडा माझेर घाममा सुकाउनुपर्दछ। यी भाँडाहरू सुकेपछि मात्र घरभित्र लाने प्रचलन अझै कायम छ। उनीहरूलाई खाना खानघरभित्र लगिँदैन। त्यसतै दलितहरूलाई मन्दिर प्रवेश गरी पाठपूजा गर्न दिइँदैन। उनीहरूले उत्पादन गरेको दूध, दही, घ्यू आदि गाउँमा अझै बिक्री हुँदैन (स्थलगत अध्ययनबाट प्राप्त जानकारीं)।

### ४.२.१ जनसङ्ख्याको बनोट

कास्की जिल्ला जनसङ्ख्याको दृष्टिले बाक्लो आवादी भएको जिल्लामध्ये पर्दछ। सन् २००९ मा लिइएको तथ्याङ्क अनुसार यस जिल्लाको कुल जनसङ्ख्या ४,६७,९९५ रहेकोमा महिलाको जनसङ्ख्या २,४०,४७७ र पुरुषको सङ्ख्या २,२७,५१८ थियो। यस जिल्लाको घरधुरी सङ्ख्या १,०४,६३० रहेकाले औसत परिवार संख्या ५ जना रहेको देखिन्छ ( डेमोग्राफिक ट्रेण्ड, जनरल रेकर्ड इन कास्की, २००९)।

यसैगरी माझठाना गा.वि.स.को जनसङ्ख्या पछिल्लो तथ्याङ्क अनुसार ४१९५ जना र घरधुरी सङ्ख्या ७७१ रहेका छन् । यस गा.वि.स.मा विभिन्न जातिका मानिसको बसोबास छ, जसमा ब्राह्मण १९४०, दलित ८३२, क्षत्री ६७९, जनजाति ६६३ र अन्य ८१ रहेका छन् । यो अध्ययन क्षेत्र माझठाना गा.वि.स. वडा नं. १ मा पर्दछ । यहाँ वडा नं. १ र अध्ययन क्षेत्रको जनसङ्ख्या र घरधुरी सङ्ख्याको तुलनात्मक तालिका यसप्रकार छ -

तालिका नं. ४.५ : अध्ययन क्षेत्रको जनसङ्ख्या विवरण

| | वडा नं. १ मा | अध्ययन क्षेत्रमा |
|---|---|---|
| जनसङ्ख्या | ५१५ | १९२ |
| घर सङ्ख्या | १०१ | ३५ |
| औसत परिवार सङ्ख्या | ५ | ५.५ |

स्रोतः स्थलगत सर्वेक्षण २०६८

माझठाना गा.वि.स. वडा नं. १ मा जम्मा जनसङ्ख्या ५१५ जना रहेका छन् । यस वडाको घरसङ्ख्या १०१ छ । यहाँको औसत परिवार सङ्ख्या ५ जना रहेको छ । यो अध्ययन क्षेत्र यस वडा अन्तर्गत पर्ने दलित घरसङ्ख्या ३५ छ तसर्थ यहाँको औसत परिवार सङ्ख्या ५.५ रहेको छ । यो सङ्ख्या सम्पूर्ण वडाको औसत भन्दा माथि रहेकाले यहाँ जनचाप बढी भएको देखिन्छ ।

तालिका नं. ४.६ : अध्ययन क्षेत्रको सार्की जातिको लैङ्गिक बनोट

| | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|
| पुरुष | १०४ | ५४.१७ |
| महिला | ८८ | ४५.८३ |
| जम्मा | १९२ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०६८

उपर्युक्त तालिकाअनुसार यस समुदायमा रहेका जम्मा जनसङ्ख्या १९२ जनामध्ये पुरुषको सङ्ख्या १०४ अथवा ५४.१७ प्रतिशत महिलाको सङ्ख्या ८८ अर्थात् ४५.८३ प्रतिशत रहेको छ । यहाँ पुरुषको सङ्ख्या बढी रहेको देखिन्छ ।

तालिका नं. ४.७ : अध्ययन क्षेत्रको सार्की जातिको उमेरगत/आर्थिक रूपमा सक्रिय तथा आश्रित बनोट

| उमेर | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|
| ०-१५ | ६७ | ३५.० |
| १६-५९ | ११५ | ५९.८ |
| ६० भन्दा माथि | १० | ५.२ |
| जम्मा | १९२ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०६८

उपर्युक्त तालिकामा माझठाना गा.वि.स. वडा नं. १ मा बसोबास गर्ने ३५ घरका १९२ जनाको उमेरगत/आर्थिक रूपमा सक्रिय र आश्रित सङ्ख्याको विवरण उल्लेख गरिएको छ। यहाँ तीनवटा थर भएका सार्की समुदाय छन् जसमा गौरीपिप्ले, मालनुल र धौलाकोटे छन्। यस समुदायमा १५ वर्षमुनिका केटाकेटी ६७ जना अथवा ३५ प्रतिशत छन् भने ६० वर्ष माथिका वृद्धवृद्धाहरूको सङ्ख्या १० अर्थात् ५.२ प्रतिशत रहेको छ। यी आश्रित समूहमा पर्दछन्। यसरी आश्रित वा कमाइ गर्न नसक्ने सङ्ख्या लगभग ४० प्रतिशत रहेको छ। १६-५९ वर्ष समूहका सक्रिय जनसङ्ख्या ११५ जना अथवा ५९.८ प्रतिशत रहेको छ। आम्दानीको स्रोत राम्रो नभएको यस दलित समुदायमा एक जनाको कमाइले आफू पालिएर थप अर्को लगभग एक जनालाई पाल्नुपर्ने यहाँको जनसङ्ख्याको बनोटले देखाएको छ।

### ४.२.२. पारिवारिक बनोट

कास्की जिल्ला माझठाना गा.वि.स. वडा नं. १ मा बसोबास गर्ने जम्मा ३५ घरपरिवार सार्की जातिको पारीवारिक बनोट कस्तो रहेछ भनेर बुझ्नका निम्ति गरिएको घरधुरी सर्वेक्षणका क्रममा प्राप्त भएको तथ्याङ्कलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ-

तालिका नं. ४.७ : पारिवारिक बनोट

| परिवारको किसिम | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|
| एकल परिवार | २४ | ६८.५७ |
| संयुक्त परिवार | ११ | ३१.४३ |
| जम्मा परिवार | ३५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०६८

वर्तमान परिवर्तनशील समयमा आधुनिक विचार र प्रविधिको विकास भएकाले यहाँका सार्की जातिमा पनि यस वातावरणको प्रभाव पर्नु स्वाभाविक हो। यहाँ रहेका ३५ घरपरिवारमध्ये एकल परिवार सङ्ख्या २४ अथवा ६८.५७ प्रतिशत रहेको छ भने संयुक्त परिवार सङ्ख्या ११ अथवा ३१.४३ प्रतिशत रहेको छ। यस अध्ययनका क्रममा कुनै परिवारको आकार ठूलो रहेको पनि पाइएको छ। तर्कबहादुर नेपालीको घरमा १३ जना छन्। ६२ वर्षीय तर्कबहादुरसँग यति ठूलो परिवारसँगै बस्नुभएको छ नि भनी गरिएको प्रश्नमा उनी भन्दछन् - 'तीन भाइ छोराहरू कामका लागि विदेशिएकाले संयुक्त रूपमै छौं, सँगै भए पो छुट्टी भिन्नको कुरा आउँछ' (अन्तर्वार्ता)।

४.२.३. घरको बनोट

यस समुदायमा रहेका धेरैजसो घरहरू ढुङ्गाको गारो भएका, जस्तापाताले छाइएका दुईतले र केही घरहरू एकतले पनि रहेका छन्। यस गा.वि.स. को खुला दिशामुक्त अभियानले गर्दा सबै घरहरूमा चर्पी निर्माण गरिएको छ तर पानीको अभावले भने अप्ठेरो पारेको दुखेसो धेरैजसोको छ। गैरसरकारी सङ्घ-संस्था 'वर्ल्ड भिजन' ले प्रायः सबै घरमा आकाशे पानी जम्मा गर्न पक्की घैंटो निर्माण गरिदिएको छ। पानी लामो समयसम्म रहने हुँदा दूषित हुन सक्ने सम्भावना भएकाले पानीको शुद्धिकरणमा ध्यान जानुपर्ने देखिन्छ। यस गाउँमा समुदायले नै सामूहिक निर्णय गरी खुल्ला रूपमा सुँगुरपालन गर्न प्रतिबन्ध लगाएकाले गाउँ सफा छ। घर-आँगन, बाटो सफा छ। यो बस्ती अन्य जातिका बस्ती भन्दा खासै भिन्न देखिँदैन। यहाँका घर मिलाएर बनाइएका छैनन्। एउटा घरको आँगनै छेक्ने गरी अर्को घरको करेसो पर्दछ। यसको प्रमुख समस्या नै जमिनको अभाव हो। एउटा घरको आँगनबाटै अर्को परिवारका मानिस र वस्तुभाउसमेत हिँडाउनु पर्ने अवस्था रहेको

छ। समुदायको कुनै एक व्यक्तिले घर निर्माण गर्दैछ भने गाउँका सबै परिवारबाट श्रम सहयोग गर्ने प्रचलन रहेको छ। स्थानीय मानिसहरू भन्दछन्- 'हामीले कतिपय घर ज्याला नलिइकन बनाइदिएका छौं। घर बनाउनु पर्नेले सामान जुटाएपछि सबैले सक्दो श्रम सहयोग गर्ने प्रचलन छ। यसलाई सबैले मानिरहेका छन्' (बुद्धिबहादुर नेपाली र अन्य, अन्तर्वार्ता) सहयोग गर्ने यो पक्ष अरू समुदायका लागि पनि उदाहरणीय रहेको छ। यस गाउँमा शिशु स्याहारका लागि सामुदायिक भवन निर्माण गरिएको र त्यसको उचित व्यवस्थापन भएको छ। यो सामुदायिक शिशु स्याहारको व्यवस्थापनमा वडा नं. १ र ८ को संयुक्त प्रयास भएको पाइन्छ। यस शिशु स्याहारमा सार्की, कामी, दमाई र केही ब्राह्मण बालबालिका समेत रहेका छन्। यो टोल शिवकिरण प्रा.वि. र रत्नशोभा उच्च मा.वि. बाट नजिकै लगभग १५ मिनेटको समयमा पुग्न सकिने दूरीमा रहेकाले स्कूल जाने उमेरका बालबालिका स्कूल नगएको देखिँदैन तर यति हुँदाहुँदै पनि एस.एल.सी. उत्तीर्ण गर्ने सङ्ख्या र उच्च शिक्षा हासिल गर्नेको सङ्ख्या ज्यादै न्यून रहेको छ। यसबारेमा बुझ्न खोज्दा स्थानीय धेरै मानिसको जवाफ थियो आर्थिक अभावले गर्दा कमाउन सक्ने भएपछि पढाइ छाड्ने गरेको र केहीको जवाफ पढेर के हुन्छ र भन्ने आशयका पनि पाइएका छन् (पम्फा नेपाली र अन्य, अन्तर्वार्ता)। यस तथ्यबाट शिक्षाप्रतिको उदासिनता र गरिबीको चुनौतीलाई अन्त्य नगरी यो समुदायमा परिवर्तनको सम्भावना कमजोर छ भन्ने देखाउँछ।

### ४.२.४. भाषा, धर्म र संस्कृति

#### ४.२.४.१. रहनसहन र खानपान

कास्की जिल्ला माझठाना गा.वि.स.मा ब्राह्मण, क्षत्री, गुरुङ, मगर, तामाङ, कामी, दमाई, सार्की, घर्ती आदि विभिन्न जातिको बसोबास रहेको छ। धार्मिक रूपमा हिन्दु र बौद्ध धर्मको मात्र प्रचलन रहेको छ भने भाषिक दृष्टिले नेपाली, गुरुङ, मगर र तामाङ भाषाको प्रचलन रहेको छ। यस गा.वि.स. मा बसोबास गर्ने जातिमध्येको सार्की जाति पनि एउटा हो। उनीहरू नेपाली भाषी र हिन्दू धर्मावलम्बी हुन्। यस जातिको रहनसहन सामान्य प्रकारको छ। दैनिक जीवन प्रक्रियालाई सरल, सुगम र व्यावहारिक बनाउन यस जातिले आफ्नै प्रकारको चालचलन र रहनसहन अँगाल्दै आएका छन्। आर्थिक, भौगोलिक र सांस्कृतिक विविधताले गर्दा चालचलनमा भिन्नता ल्याएको पाइन्छ। यहाँ बसोबास गर्ने सार्की जातिहरू साधारणतया दालभात, ढिँडो, रोटी, मकै र मौसमअनुसार आफूले उत्पादन गरेका तरकारी उपभोग गर्दछन्। खाना खाँदा धेरै परिकारको उपभाग एकैपटक नगर्ने

प्रचलन बढी रहेको छ । दाल, तरकारी सबै परिकार उपभोग नगरी कहिले तरकारीमात्र त कहिले दालमात्र खाने अवस्था अधिकांश परिवारमा रहेको छ । यसो हुनाका पछाडि आर्थिक अवस्था र समयको अभाव पनि हो । गरिबीको कारण सधैं काममा तथा ज्यालादारीमा व्यस्त रहनु पर्ने बाध्यता विद्यमान छ । पुगीसरी आउने थोरै परिवारले मात्र सबै परिकारको उपभोगसँगै गर्ने गरेको देखिन्छ । जातीय परम्पराअनुसार बाखा, भैंसी, सुँगुर, कुखुरा आदिको मासु खाने गरेको उनीहरू बताउँछन् । माछा मार्ने र खाने सोख पनि यस जातिमा बढी नै रहेको छ ।

४.२.४.२ भाषा र धर्म

यस गा.वि.स.मा बसोबास गर्ने केही जातिको आफ्नो मातृभाषा भए तापनि सबै जातिको प्रमुख भाषा नेपाली नै हो । धार्मिक रूपमा यहाँ हिन्दु र बौद्ध धर्मको प्रचलन छ । यहाँ बसोबास गर्ने सार्की जातिको आफ्नो भाषा नेपाली हो । यो समाजमा नेपाली भाषा बुझ्न कसैलाई कठिन छैन किनकि सबैको बोलचालको भाषा नै नेपाली हो । यहाँका सबै सार्की जाति हिन्दु धर्मावलम्बी छन् । उनीहरू शक्तिदेवको रूपमा भीमसेन पुज्ने गर्दछन् । यसका अतिरिक्त उनीहरू शिवजी, पार्वती, विष्णु, भगवती आदि देवदेवीको भाकल, पूजाआराधना गर्दछन् । खासगरी उनीहरू दैवीशक्ति र प्राकृतिक धर्ममा विश्वास गर्दछन् । कुलपूजालाई आवश्यक संस्कार ठान्दछन् ।

४.२.४.३ वस्त्र तथा आभूषण

माझठाना गा.वि.स.मा बसोबास गर्ने सार्की जातिमा पुरानो भेषभूषा दौरा कछाड पुरुषहरूले र गुन्युचोलो महिलाहरूले लगाउने प्रचलन थियो जुन बुढापाकाहरूमा अहिले पनि त्यो लवाइ देख्न पाइन्छ । शिरमा ढाका टोपी र भोटो कछाडलगायतका सेतो वर्ण, ठूलो बनोट भएका बुढाहरू अझै हँसिला-खुशिला देखिन्छन् । उनीहरू स्वस्थ र बलिया पनि छन् । अहिले पनि ती बुढापाकाहरू आफ्नो क्षमता यसरी बताउँछन् - 'हामी माघेसंक्रान्ति मेलामा भगवतीमा हुने ठेलो प्रतियोगिता जितेर आउँथ्यौ, एक्लैले ढावमा गडेको गोरु उठाइदिन्थ्यौं । जङ्गलबाट ठूलो दलिन ल्याउन परेमा हामीलाई गुहार्थे (बधु नेपाली, अन्तर्वार्ता) । नयाँ पुस्तामा आएर फेसनमा परिवर्तन आएको छ । अहिलेका नवयुवा सर्ट पाइन्ट, इष्टकोट टिसर्टमा सजिएका देखिन्छन् भने नारीहरू साडी, ब्लाउज र कुर्था सुरुवालमा बढी

देखिन्छन् । युवाहरू प्राय पालीटोपीमा देखिन्छन् । कपाल पाल्ने र सजाउने प्रचलन बढी नै देखिन्छ । केही महिलाहरू फरिया चोली र पटुका लगाएका पनि देखिन्छन् ।

आभूषणका रूपमा सुनचाँदीबाट बनेका गहना लगाउने प्रचलन रहेको छ । विवाहित महिलाले गलामा पोते र सिउँदोमा सिन्दुर नाकमा फुली र कानमा रिङ तथा टप लगाउने गर्दछन् । गलामा सिक्री लगाउने शोख बढेको तर आर्थिक अभावले गर्दा कतिपय गहनाहरू कमसल धातुबाट बनेका पनि देखियो ।

४.२.४.४ चाडपर्व

यहाँका सार्की जातिका मानिसहरू हिन्दु धर्मावलम्बी नै भएकोले अन्य हिन्दु नरनारीले जस्तै यिनीहरूले पनि दशैं, तिहार, तीज, शिवरात्री, नागपञ्चमी, माघेसंक्रान्ति, मातातीर्थऔंसी, सरस्वतीपूजा जस्ता चाडपर्व आफ्नो गच्छेअनुसार मनाउने गर्दछन् । विशेष गरी पुरुषहरूमा यस्ता चाडपर्वहरूमा बढी जाँड-रक्सीको सेवन गर्ने प्रचलन रहेको छ ।

सार्की समुदायमा जन्मेदेखि मृत्युसम्म विभिन्न संस्कारहरू गर्ने प्रचलन छ। जुन संस्कारहरू निम्नअनुसार रहेका छन् ।

४.२.५. जन्मसंस्कार (न्वारन)

सार्की जातिमा पनि अन्य जातिमा जस्तै छोरीलाई भन्दा छोरालाई महत्त्व दिने चलन देखिन्छ । यहाँका सार्कीहरू छोरा जन्मेको छैटौं दिनमा छैटी गर्दछन् तर छोरीको छैटी गर्ने चलन नभएको उनीहरू बताउँछन् । छैटीको दिनमा बालकको सिरानीमा एक माना चामल र फूल राखिदिन्छन् र रातभर तोरीको तेलमा दियो बाली राख्दछन् । साँझ गानबजान गर्ने प्रचलन समेत रहेको उनीहरू बताउँछन्। छैटौंको राती भावी आएर बच्चाको भाग्य लेखिदिन्छन् भन्ने विश्वास गर्दछन् । बच्चा जन्मदेखि न्वारनका दिनसम्म बच्चाकी आमालाई कुनामा राखिन्छ । यस समय उनले छुवाछूत गर्नुहुँदैन । एघारौं दिनमा न्वारन गर्ने चलन छ । न्वारनका दिनमा बच्चाको नामाकरण गरिन्छ र त्यसै दिनदेखि सुतक पनि उम्किन्छ । सुतक चोख्याउन घर लिपपोत गरिन्छ र गाइको गहुँत छर्केर सुध्याइन्छ । न्वारनको कार्य ज्वाइँ अथवा भान्जाबाट गराइने प्रचलन रहेको पाइन्छ। न्वारनमा आफन्तलाई खाना खुवाउने र यस्ता भोजनमा जाँडरक्सी अनिवार्य मानिन्छन् । पुरोहितले राखेको नाम प्रायः गोप्य राख्ने प्रचलन छ भने बच्चाको बोलाउने नाम घरका जेष्ठ सदस्यले राखिदिने चलन रहेको देखिन्छ (शोभा नेपाली र अन्य, अन्तर्वार्ता) ।

४.२.६. पास्नी

पास्नी भनेको अन्नप्राशन संस्कार हो। सार्की जातिमा छोरी भए पाँच महिना र छोरा भए ६ महिनामा पास्नी वा भात खुवाई गर्दछन्। अन्नप्राशन गर्दा बालकलाई नयाँ लुगा गाइदिन्छन्। पास्नीमा निमन्त्रणा गरिएका आफन्तजनलाई भोजभतेर गर्ने चलन छ। बच्चालाई निम्तालु आफन्तजनहरूले गच्छेअनुसारको उपहार दिने चलन छ।

४.२.७. ब्रतबन्ध

यस क्षेत्रमा बसोबास गर्ने सार्की जातिका मानिसहरूमा बालकको ७ देखि १० वर्षभित्र ब्रतबन्ध गरिदिने प्रचलन छ। ब्रतबन्ध गर्दा मामाका हातबाट कपाल खौरन लगाउँछन्। ब्रतबन्ध गर्दा यस जातिमा बालकलाई गाईको दाम्लामा बाँधेर कपाल काट्ने प्रचलन छ। गाईको दाम्लामा किन बाँध्ने ? भनी राखिएको जिज्ञासामा यो चलन हो भन्ने मात्र जवाफ दिन्छन्। वास्तविकता गाईको गोठमा राखेर कपाल काट्दा, गाईको गहुँतका कारणले बाह्य कीटाणुबाट कपाल काट्दा बनेका घाउहरूमा असर पुऱ्याउन नसकुन् भन्ने हो किनभने गाईको गोठ कम कीटाणुयुक्त हुन्छ र दाम्लोले बाँध्नुको कारण बच्चा नभागोस् भन्ने हुन सक्छ। यो सवाल धेरैलाई थाहा रहेनछ। उनीहरू यस कार्यलाई चलन मात्र हो भन्दछन्। धेरै मानिसहरू यसलाई आवश्यक नभएको र कतिपयले ब्रतबन्ध नगरेको पनि उनीहरू बताउँछन् (श्याम नेपाली र अन्य, अन्तर्वार्ता)। यो समाजमा ब्रतबन्ध क्षेत्री, ब्राह्मण समाजमा जस्तो अनिवार्य भने छैन।

४.२.८. विवाह

सार्की जातिमा मागी विवाह, प्रेम विवाह, जारी विवाह प्रचलनमा रहेको पाइन्छ। मागी विवाह गर्दा केटाका तर्फबाट केटीका घरमा लमी पठाउने चलन छ। तिनै लमीले नै विवाहको कुरा चलाउँछन्। केटी पक्षले उक्त प्रस्ताव मञ्जुर गरे भने केटा पक्षले रोटी रक्सी टक्र्याउने प्रचलन छ जुन प्रचलनलाई भुड्को खुवाउने भनिन्छ। त्यसपछि विवाहको तिथि किटान गरिन्छ। यस समाजमा विवाह प्रायः कलिलो उमेरमा गर्ने गरेको पाइयो। छिटो विवाह गर्नाले सानो उमेरमा बाबुआमा बनेका थुप्रै परिवार छन्। यस प्रचलनले व्यक्तिको वृत्तिविकासमा बाधा पुऱ्याएको पनि अनुभव हुनपुग्यो। यस जातिको अवस्था कमजोर हुनुमा यो प्रचलन पनि एउटा जिम्मेवार चुनौतीको रूपमा महसुस हुन पुग्यो किनकि १५-१६ वर्षको उमेरमा आमाबाबु बनेका थुप्रै परिवार यहाँ रहेछन्। मागी विवाह नै यी जातिका

बहुसङ्ख्यकले राम्रो ठानेका छन् । अन्तरजातीय विवाह समाजले सहज रूपमा स्वीकार गरेको नपाइए तापनि यदाकदा यस्तो विवाह हुने गरेको अध्ययनका क्रममा भेटियो ।

४.२.९. मृत्यु संस्कार

अन्य संस्कार जस्तै मृत्यु-संस्कार पनि सार्की जातिको एउटा प्रमुख संस्कार हो । यहाँका सार्की जातिका मानिसहरू हिन्दु धर्ममा आस्था राख्ने जाति भएकाले मृत आत्माको मोक्ष प्राप्तिका लागि मृत्यु संस्कार गर्ने परम्परा रहेको छ । मृत्यु परेको घरमा दाजुभाइहरू जम्मा हुन्छन् र लाश नदी किनारमा लगेर जलाउने प्रचलन छ । यिनीहरू आफ्नो लाश अन्य जातिलाई छुन दिँदैनन् । अन्य जाति पनि काठदाउरा लिएर घाटसम्म जान सक्दछन् तर ठूलो समुदाय भएकाले यहाँ त्यस्तो अन्य जातिको सहयोगको खाँचो नपरेको उनीहरू बताउँछन् (वसन्त नेपाली, भेटवार्ता) । मृतकका छोराहरू कपाल खौरेर सेतो कपडा पहिरिएर किरिया संस्कार गर्दछन् । छोरा नहुने मृतकका नजिकका आफन्त भाइ छोराले किरिया गर्ने प्रचलन रहेको छ । बुहारी र श्रीमती तेह्र दिन नै किरिया बस्दछन् र छोरासँगै उम्कन्छन् भने विवाहित छोरीहरूले आफ्ना आमाबाबुको पाँच दिन किरिया गर्ने प्रचलन छ । आफ्नो खलकले नुन बार्ने चलन छ । तेह्रौं दिनमा शुद्धि कार्य पुरोहितद्वारा सम्पन्न गराउँछन् । पुरोहितको काम भान्जा वा ज्वाइँबाट गराउने प्रचलन छ । यो चलन ब्राह्मण समदायसँग हुबहु मिल्दछ तर क्षत्री, ठकुरी, मगरसँग मिल्दैन । क्षत्री, ठकुरी र मगरले आफ्ना गुरूपुरोहित ब्राह्मणलाई मान्दछन् र सबै संस्कार ज्वाइँ-भान्जाबाट नगराई गुरू-पोहितबाट गराउने चलन छ । सार्की जातिमा शुद्धिका दिन मलामी र इष्टमित्रहरूलाई खाना खुवाउने चलन छ । मृत आत्माको चिर शान्ति र मोक्ष प्राप्तिका लागि पुरोहितलाई कपडा, भाँडा, अन्न र नगद आदि दान दिएर बिदा गर्ने प्रचलन रहेको स्थानीय बुढापाका बताउँछन् । यिनीहरूमा एक वर्षसम्म बरखी बार्ने चलन छ । वर्ष दिन पुगेको दिनमा वार्षिक श्राद्ध गर्ने, प्रत्येक वर्ष सोही तिथिमा श्राद्ध गर्ने र बडादशैंको सोह्र श्राद्धमा पनि सोही तिथिमा श्राद्ध गर्ने चलन छ ।

माझठाना गा.वि.स. वडा नं. १ मा पर्ने यस अध्ययन क्षेत्रमा तीन थरका सार्की जातिहरू रहेका छन् । जुन गौरीपिपल, मालनुल (मालुङ्गे) र धौलाकोटे रहेका छन् । यी तीनै थरका सार्की जातिका संस्कारमा कुनै भिन्नता छैन । यिनीहरू कुटुम्ब हुन्, एकआपसमा विवाहवारी चल्ने गर्दछ । सार्की जातिभित्र अन्य जातिमा जस्तो आपसी उचनीचको विभेद नरहेको स्थानीय मानिसहरू बताउँछन् ।

## ४.३. शैक्षिक अवस्था

समग्र माभ्फठानाको शैक्षिक अवस्थालाई हेर्दा एस.एल.सी. उत्तीर्ण सङ्ख्या २८६, प्रमाणपत्र तह उत्तीर्ण सङ्ख्या २१२, स्नातक तह उत्तीर्ण ७४ जना, स्नातकोत्तर तह उत्तीर्ण २७ र विद्यावारिधि (पीएच.डी.) गर्नेहरूको सङ्ख्या ५ जना रहेको छ (गा.वि.स. पार्श्वचित्र-२०६७) तर यस गाविसको वडा नं. १ का सार्की जातिको शैक्षिक अवस्था भने राम्रो छैन ।

शिक्षा चेतनाको माध्यम हो । शिक्षा दायित्वबोधको आधारशीला हो । शिक्षाको माध्यमबाट मानिसको अन्तरनिहित क्षमताको प्रस्फुटन गर्न सकिन्छ । जो शिक्षित छ, उसले जीवन र जगत्लाई बुभ्न सक्दछ । उसको कार्यशैली र सोचाइ उच्चकोटिको हुन्छ । अशिक्षित व्यक्ति जीवनको वास्तविकतालाई बुभ्न् नसकी कुहिराको कागभ्फैं अन्योल अवस्थाबाट जीवन गुजारा गर्न बाध्य हुन्छ । नेपालमा अशिक्षाकै कारण धेरै क्षेत्र पछौटे अवस्थामा गुज्रिरहेका छन् । सामाजिक अस्तव्यस्तता, राजनीतिक अन्योलता, आर्थिक दरिद्रता, बेरोजगारी, अन्धविश्वास अशिक्षाले सिर्जना गरेका चुनौती हुन् । नेपाली समाजमा जबसम्म शिक्षामा सबैको समान पहुँच पुग्दैन तबसम्म नेपाली समाज समतामूलक समाज बन्न सक्दैन । नेपालको शैक्षिक स्तरलाई गुणात्मक र सङ्ख्यात्मक दुवै रूपमा अगाडि बढाउनुपर्ने खाँचो अहिल पनि छँदै छ । सरसरती हेर्दा राज्यले शिक्षामा गरेको लगानी शैक्षिक बेरोजगार जनसङ्ख्या उत्पादनको थलो बनेको छ । राष्ट्रिय आवश्यकतालाई ध्यानमा राखी अनुकूल दक्ष जनशक्ति उत्पादन हुनसक्ने खालको शिक्षा नीति र त्यसको सही रूपमा कार्यान्वयन गराउनु राज्यको कटिबद्धता आजको आवश्यकता हो । शिक्षामा राज्यको लगानीका साथै मूल्याङ्कन र अनुगमन पनि प्रभावकारी बनाउन जरुरी छ ।

यस समुदायमा आर्थिक विपन्नता र चेतनाको कमी प्रमुख चुनौती रहेको अध्ययनका क्रममा पाइएको छ । सबैका लागि शिक्षाअन्तर्गत नेपाल सरकारले दलित समुदायको शैक्षिक स्थितिमा सुधार ल्याउनका लागि दलित छात्रवृत्तिको व्यवस्था गरे तापनि दलित अभिभावकहरूले आफ्ना बालबालिकाको शैक्षिकस्तर सुधारमा खासै चासो लिएको देखिन्न । विशेष गरी प्रावि तहमा अध्ययन गर्ने बहुसङ्ख्यक बालबालिकासँग किताब, कपी, कलमजस्ता अति आवश्यक शैक्षिक सामग्रीसमेत हुँदैनन् । घरमा पढ्ने वातावरणको अभावका कारण धेरै विद्यार्थीहरूले गृहकार्य नगर्ने, विद्यालयमा अनुपस्थित हुने जस्ता समस्या दलित समुदायका केटाकेटीहरूमा सामान्य देखिन्छ । यी समस्या समाधान गर्न

समुदायले विशेष ध्यान पुऱ्याउनुपर्ने हुन्छ । त्यस्तै निम्नमाध्यमिक तह उत्तीर्ण गरेपछि पढाइ छाडेर अन्य पेशामा लाग्ने गरेको सार्की जातिका किशोरकिशोरीहरूको सङ्ख्या प्रशस्तै देखिन्छ भने निम्नमाध्यमिक तहमा अध्ययनरत छात्र १६ र छात्रा १७ जना रहेका छन् तर मा.वि. तहमा यस टोलबाट जम्मा छात्र ५ जना र छात्रा २ जना मात्र छन् । यस तथ्याङ्कबाट बीचमा पढाइ छाड्नेको सङ्ख्या धेरै रहेको पुष्टि हुन्छ । यहाँका सार्की जातिका मानिसहरूमा अहिलेसम्म एस.एल.सी. उत्तीर्ण गर्ने सङ्ख्या ६ जनामात्र रहेको छ । तीमध्ये पनि १ जनाले मात्र स्नातक तह उत्तीर्ण गरेका छन् । यहाँका सार्की जातिको निरक्षता १४.५८ प्रतिशत रहेको छ । यो सामान्य हो तर जति साक्षर छन् उनीहरू पनि अति सामान्य अवस्थाका छन् । नजुक आर्थिक अवस्था भएका विद्यार्थीका लागि वर्ल्ड भिजन नामक गैरसरकारी संस्थाले कपी, कलम, ड्रेस, झोला उपलब्ध गराएर सहयोग पनि गरेको छ । यहाँका सार्की जातिको शैक्षिक अवस्थालाई निम्न तालिकाद्वारा प्रस्तुत गरिएको छ :

तालिका नं. ४.८ : माझठानाका सार्की जातिको शैक्षिक अवस्थाको विवरण

| शैक्षिक स्तर | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| निरक्षर | ठ | द्ज्ञ | द्ड | ज्ञद्धाछड |
| साक्षर | द्धठ | घण | ठठ | द्धणाज्ञण |
| पूर्वप्राथमिक तह | ट | द् | ड | द्धाज्ञठ |
| कक्षा १-५ (प्रा.वि. तह) | द्छ | ड | घघ | ज्ञठाज्ञढ |
| कक्षा ६-८ (नि.मा.वि. तह) | ज्ञट | ज्ञठ | घघ | ज्ञठाज्ञढ |
| कक्षा ९-१० (मा.वि. तह) | छ | द् | ठ | घाटछ |
| एस.एल.सी.भन्दा माथि | द् | द्ध | ट | घाज्ञघ |
| जम्मा | ज्ञण्ड | डद्ध | ज्ञढद् | ज्ञणण |

स्रोतः स्थलगत सर्वेक्षण २०६८ ।

उपर्युक्त तालिकाले सार्की जातिको कुल जनसङ्ख्या १९२ मध्ये २८ जना (१४.५८ प्रतिशत) महिला निरक्षर रहेको देखिन्छ । त्यस्तै ७७ जना अर्थात् ४०.१० प्रतिशत पुरुष साक्षर रहेका छन् । पूर्वप्राथमिक तहमा ८ जना बालिबालिका अर्थात् ४.१७ प्रतिशत रहेका छन् । प्राथमिक तहमा अध्ययनरत बालबालिकाको सङ्ख्या ३३ जना अर्थात् १७.१९ प्रतिशत र निम्नमाध्यमिक तहमा अध्ययनरत विद्यार्थी सङ्ख्या पनि ३३ जना अर्थात् १७.१९ प्रतिशत

नै रहेको पाइन्छ। कक्षा ९-१० (माध्यमिक तह) मा अध्ययन गर्ने विद्यार्थीको सङ्ख्या अत्यन्त थोरै ७ जना अर्थात् ३.६५ प्रतिशत रहेको छ। एस.एल.सी. माथि शिक्षा आर्जन गर्नेहरू ६ जना अर्थात् ३.१३ प्रतिशत रहेका छन्। हरेक वर्ष एस.एल.सी.मा सामेल हुने र उत्तीर्ण हुने सङ्ख्या राष्ट्रियस्तरमा बढेको छ तर यस समुदायबाट एस.एल.सी.मा सामेल हुने सङ्ख्या कम छ। बीचमा पढाइ छाड्ने प्रवृत्ति उच्च भएकाले यस्तो हुन पुगेको अध्ययनका क्रममा थाहा भएको छ। निम्न माध्यमिक तहसम्म अध्ययनरत विद्यार्थीमध्ये थोरैले मात्र मावि तहमा प्रवेश गर्ने गरेकाले एस.एल.सी.मा सामेल दलित विद्यार्थी सङ्ख्याको कमी हुन पुगेको छ। पढाइप्रतिको चासोको अभाव, गरिबी र पहिलेदेखि उत्पीडन र उपेक्षामा परेको समाज हुनाले वर्तमान समयमा आइपुग्दा समेत अन्य गैरदलित समुदायको तुलनामा यस जातिको शैक्षिक, आर्थिक, सामाजिक अवस्था कमजोर बन्न पुगेको छ। दलित समुदायको स्तर माथि उठाउनका निमित्त सामाजिक चेतना अभिवृद्धिमा जोड दिँदै आर्थिक रूपले विपन्न परिवारका विद्यार्थीलाई प्रत्यक्ष आर्थिक सहयोग पुग्ने कार्यक्रम ल्याउनु आवश्यक छ। गरिबीकै कारण धेरै विद्यार्थीले बीचमै पढाइ छाड्ने गरेको पाइएको छ। स्थानीय रोजगारीका क्षेत्रमा पनि पिछडिएका समुदायलाई प्राथमिकता दिनसके अझ उनीहरूमा योग्यता, क्षमता बढाउन उत्साह बढ्न सक्छ। स्थानीय निकायहरू, गैरसरकारी संघ-संस्थाहरू र सक्षम समुदाय दलित समुदायको समस्याप्रति बढी जिम्मेवार बन्ने हो भने यस्ता समस्याबाट पीडित समुदायमा सकारात्मक परिवर्तन आउन सक्छ।

# अध्याय : पाँच

# निष्कर्ष तथा सुझाव

## ५.१ निष्कर्ष

कास्की जिल्लाको सदरमुकाम पोखरादेखि १८ किमी पूर्वमा अवस्थित माझठाना गा.वि.स. छ । यस गाविसको कुल क्षेत्रपल लगभग १३ वर्ग किमी छ । कास्कीकोटमा वि.सं. १५२५ मा कुलमण्डन शाहले राज्य स्थापना गर्दा ठूलाकोट गढीमा झाँगल घले काजी थिए । कास्की राज्यको विस्तार गर्ने क्रममा शाहका समर्थक सिपाहीको आक्रमणमा परी उनको मृत्यु भएको घटना यहाँ किंवदन्तीको रूपमा पाइन्छ । यस सम्बन्धमा आधिकारिक प्रमाण नभेटिए तापनि मौखिक रूपमा बुढापाकाहरूकोभनाइ यस्तो छ- ठूलाकोट गढीको दक्षिण मोहोडा (हाल माझठाना वडा नं. ७) मा एउटा पानीको पँधेरो छ, जलाई ऐसेलु पँधेरो भनिन्छ । यही पँधेरोमा लुकी कुरेर बसेका शाह समर्थक सिपाहीहरूले झाँगलकाजीलाई आक्रमण गरी घाइते तुल्याए । घाइते अवस्थाका झाँगलकाजी भाग्दै जाँदा करिब १ किमी पश्चिममा पर्ने हालको कालिकास्थानमा पुग्दा खेद्दै गएका सिपाहीहरूले भेट्टाएर काटेर मारे । त्यसैले उक्त ठाउँलाई अहिले पनि झाँगलमारे भनिन्छ । यस तथ्यलाई पुष्टि गर्ने अर्को आधार पनि छ- ऐंसेलु पँधेराको पानीमा आफ्नो पुर्खाको रगत मिसिएको कारण बताउँदै घले थरका गुरुङहरूले अहिले पनि त्यहाँको पानी खाँदैनन् । तर यो जनबोलीमा मात्र आधारित छ । यसको आधिकारिक देखीजान्ने प्रमाण छैन केवल सुनीजान्ने प्रमाणमा मात्र सीमित छ । मौखिक स्रोतलाई आधार मान्दा यो इतिहास अप्रामाणिक झैं लाग्दैन ।

कास्की राज्यमा शाहवंशको उदयपछि ठूलाकोटका कोटवाला रानामगरहरू र जी.सी. तथा खड्का क्षत्रीहरू आलोपालो गरी हुने गरेका थिए । तिनका वंशजहरू कालिका गाविसमा अहिले पनि छँदैछन् । ठूलाकोट गढीबाट लगत्तै पूर्वमा माझठाना पर्दछ । यो ठाउँ दूरीको हिसाबले कास्की राज्यको पूर्वी सिमाना मादी नदी (फल्याङकोट) र कास्कीकोटको लगभग बीचमा पर्दछ । कास्कीकोटबाट लगभग ६ घण्टाको हिडाइमा माझठाना र माझठानाबाट झण्डै ६ घण्टाको हिँडाइमा फल्याङकोट पुग्न सकिन्छ । यसरी पूर्वी कास्कीको यो ठाउँ बीचमा पर्दछ । यो ठाउँ लमजुङ राज्यबाट हुन सक्ने आक्रमणलाई हेर्ने सामरिक महत्त्वको क्षेत्र पनि मानिन्थ्यो । त्यसैले यहाँ ठाना स्थापना गरिएको थियो । कास्की राज्यको पूर्वी क्षेत्रअन्तर्गत बीचमा पर्ने ठाना हुनाले यस ठानालाई माझठाना भनिन्थ्यो ।

यही क्षेत्र वर्तमान माझठाना गाविस हो । यहाँ चाक्लो पर्खालद्वारा घेरिएको कोटसँग चमेली देवीको मन्दिर छ । मन्दिरको पूर्वपट्टि 'हाइदास खेल्ने मैदाने गरो' नामको चाक्लो चौर रहेको छ । हाइदास खेल्नु भनेको तत्कालीन समयमा सिपाहीहरूले परेडसँगै तरबार नचाएर देखाउने कला प्रदर्शन भन्ने बुझिन्छ । तसर्थ ठूलोकोट, माझठाना जस्ता ठाउँहरू ओझेलमा परेका ऐतिहासिक स्थल हुन् । यस्ता क्षेत्रका बारेमा थप खोज-अनुसन्धान गर्न आवश्यक छ ।

माझठाना गाविसको पार्श्वचित्र-२०६७ का अनुसार यहाँको जनसङ्ख्या ४१९५ रहेको छ । यसमध्ये सार्की जातिको जनसङ्ख्या १९२ (४.५७ प्रतिशत) छ । यस गाविसमा ६ वटा प्राथमिक विद्यालय र एउटा उच्च मावि सञ्चालित छन् । यी विद्यालयहरूमा हाल ४६३ जना छात्र र ३८८ जना छात्रा गरी जम्मा ८५१ जना विद्यार्थी अध्ययनरत छन् ।

माझठाना गाविस वडा नं. १ मा बसोबास गर्ने सार्की जातिमा छोरीलाई भन्दा छोरालाई प्राथमिकता दिने प्रचलन रहेकाले परिवारको आकार ठूलो हुने गरेको पाइन्छ । ठूलो परिवार हुँदा खाना, घरबास, लत्ताकपडार शिक्षा, स्वास्थ्य आदि क्षेत्रमा प्रतिकूल असर देखिएकाले हाल यहाँका अधिकांश सार्की जातिका मानिसहरू परिवार नियोजनका स्थायी तथा अस्थाई साधनहरूप्रति आकर्षित रहेका छन् । यहाँका घरहरू ढुङ्गामाटोबाट निर्माण गरिएका र घरहरूका छाना जस्तापाताले छाइएका छन् भने केही घरहरू खरले छाइएका पनि छन् । यहाँका सबै घरमा शौचालय निर्माण गरिएका छन् ।

आफ्नो कमाइबाट वर्षभरि खान पुग्ने परिवार आधा जति मात्र रहेका छन् । पाखो भूमि धेरथोर सबैको भए तापनिखेत हुने परिवार सङ्ख्या ६ मात्र रहेका छन् । उनीहरू आफ्नो जमिनमा विभिन्न बाली लगाउने गरे तापनि खेती गर्ने विधि प्रायः पुरानै छ । त्यसैले गर्दा उत्पादन कम हुने अध्ययनका क्रममा पाइएको छ। उत्पादनका दृष्टिले सक्रिय जनसङ्ख्या ६० प्रतिशत छ तापनि आयआर्जनका अवसर कम भएकाले उनीहरूको श्रमको सदुपयोग हुन सकेको छैन । धेरै मानिसहरूको प्रमुख पेशा कृषि भए तापनि यस पेशाबाट मात्र भएको आम्दानीले जीवन धान्न अपुग भएकाले सहायक पेशाको रूपमा मजदुरी, डकर्मी, सिकर्मी, हलो जोत्ने आदि कार्य अपनाएको देखिन्छ। सार्की जातिको छालामा आधारित परम्परागत पेशाका बारेमा बुझ्न खोजिएको जिज्ञासामा उक्त पेशालाई आफ्ना अघिल्लो पुस्ताले नै गर्न छाडिसकेको र त्यो पेशाप्रति यहाँ चासो नभएको देखिन्छ। बहुसङ्ख्यक जनसङ्ख्याले एकल परिवारप्रति चाहना गरेको पाइन्छ तापनि अझै केही संयुक्त परिवार कायम छन् । वैवाहिक अवस्थालाई हेर्दा धेरैजसो किशोर-किशोरीको विवाह १५-१६

वर्षभित्रै हुने गरेको देखियो । प्रायः छिटो विवाह गर्ने प्रचलनले गर्दा पढाइ बीचमा छाड्ने र परिवारको आकार ठूलो हुने अवस्थाको सिर्जना भएको छ। अध्ययनका सिलसिलामा अन्तरजातीय विवाहप्रति चाहना कम रहेको देखियो। एक जनाले मात्र कामी जातिकी केटीसँग विवाह गरेको देखिन्छ। प्रायः मागीविवाह गर्ने प्रचलन भएकाले अन्य जातिसँग वैवाहिक सम्बन्ध कमै हुने गरेको देखिन्छ ।

आयआर्जनका अन्य स्रोतहरू कमजोर भएकाले यहाँका युवा वर्गमा वैदेशिक रोजगारप्रतिको चाहना बढेको पाइन्छ। वैदेशिक रोजगारमा गएका परिवारको आर्थिक अवस्था अन्य परिवारको भन्दा राम्रो देखिएकाले अरूको पनि आकर्षण बढेको हो ।

यहाँका सार्की समुदायको वार्षिक आम्दानीलाई हेर्दा आधाभन्दा बढीलाई आफ्नो कमाइले वर्षभरि खानसम्म पनि पुग्दैन। आयआर्जनको स्रोत नभएकाले परिवार चलाउन मुस्किल परेको दुखेसो धेरैको छ। केही परिवारको आर्थिक अवस्था राम्रो छ। वैदेशिक रोजगारमा गएका परिवार र यहीँ पनि व्यापार र नोकरी गर्ने परिवारको अवस्था आर्थिक रूपमा राम्रो रहेको छ। आयआर्जनको अवसरको अभावमा विदेश पलायनलाई महत्त्व दिने युवा सङ्ख्या प्रशस्त छ। यसले भोलिका दिनहरूमा श्रमशक्तिको कमी हुने सम्भावनालाई देखाएको छ। यो राष्ट्रका लागि चुनौती पनि हो। यो समुदायमा एक जना पनि पेन्सनवाला छैनन्। यस तथ्यले उनीहरू पहिलादेखि नै सरकारी सेवाबाट टाढा रहेको पुष्टि हुन्छ ।

यहाँका सार्कीहरूले कमै मात्रामा पशुपन्छी पालेका छन्। भैंसीहरू थोरै घरमा छन् र कतिपय घरमा भएका भैंसी अर्केका अधियाँ भएको बताउँछन् भने सबैजसो घरमा कुखुरा छन् ती पनि मासु अण्डा आफूले उपभोग गर्नका लागि मात्र हो, आम्दानीको उद्देश्यले पालिएको होइन। केही घरमा बाख्राहरू पालेका छन् तर गाई कुनै घरमा पनि पालिएका छैनन् भने सुँगुर पाल्ने प्रचलन पनि हटिसकेको देखिन्छ।

शिक्षा समाज विकासको मेरुदण्ड हो। यहाँका सार्कीहरू शैक्षिक क्षेत्रमा पछाडि परेका छन्। यस समुदायमा १४.५८ प्रतिशत जनसङ्ख्या निरक्षर देखिए भने हालसम्म एस.एल.सी. उत्तीर्ण गर्नेहरूको सङ्ख्या ६ जना मात्र रहेको छ। तीमध्ये पनि उच्च शिक्षाका लागि ३ जना मात्र अगाडि बढेको पाइएको छ। शिक्षाप्रतिको कमजोर अवस्थाको प्रमुख कारण आर्थिक अवस्था नै हो। विद्यालय शिक्षामा प्रभावकारी देखिएको नेपाल सरकारले प्रदान गर्ने छात्रवृत्ति कार्यक्रमले माथिल्लो तहमा त्यति प्रभावकारिता देखिएको छैन। दलित

विद्यार्थीका लागि 'वर्ल्ड भिजन' गैरसरकारी संस्थाले कपी, कलम, झोला र स्कूल ड्रेस उपलब्ध गराएर सहयोग पुऱ्याउँदै आएको छ ।

राजनीतितर्फ यिनीहरूको चासो उल्लेख्य देखिन्छ। आफूले चाहेको राजनीतिक दलका सभा सम्मेलनमा उपस्थित हुने गरेको देखिन्छ। रत्नशोभा उच्च मा.वि. का शिक्षक-अभिभावक संघका अध्यक्ष नरबहादुर नेपाली र विद्यालय व्यवस्थापन समितिका सदस्य मंगलबहादुर नेपाली यसै समुदायबाट रहेका छन्। वडा तथा गाउँस्तरीय छलफल र निर्णयहरूमा यस जातिको उपस्थिति सन्तोषजनक देखिएको छ। यहाँका सार्कीहरूको अन्य जातिसँगको सम्बन्ध राम्रो रहेको छ। आपसी सहयोगको आदान-प्रदान चल्ने गरेको छ। अन्य जातिसँग 'भारापर्म' र 'परेलीपात' समेत हुने गरेको छ। यो सामाजिक परिवर्तनको राम्रो नमूना हो। यहाँका मन्दिरहरूमा सार्की जातिका मानिसहरू प्रवेश गर्ने प्रचलन छैन तर यो विषयमा यहाँ विवाद पनि भएको छैन। यहाँ सार्वजनिक रूपमा प्रत्येक दशैंमा भगवतीदेवी मनकामना देवी, सौर्यकालिका र माझठाना देवीको पूजा चल्ने गर्दछ। ब्राह्मण पण्डित हुन्छन् सबै जातिलाई समान रूपमा सँगै टीका लगाइदिने परम्परा छ, यहाँ भने छोइछिटोको सवाल छैन ।

यो जातिमा प्रसूतिको समयमा अस्पताल वा स्वास्थ्यचौकीमा जाने प्रचलन छैन। आवश्यकताअनुसार स्वास्थ्य परिचारिका र गाउँका तालिमप्राप्त सुडेनीबाट सेवा लिने गरेको पाइन्छ। यसका बारेमा सार्की समुदाय संवेदनशील रहेको पाइन्छ ।

सार्कीहरू हिन्दू धर्मावलम्बी भएकाले यिनीहरूले पनि दशैं, तिहार, तीज, शिवरात्री, कृष्णजन्माष्टमी, नागपञ्चमी सरस्वती पूजाजस्ता चाडपर्वहरू मनाउने गर्दछन्। धामीझाँक्री र झारफुक जस्ता अन्धविश्वासमा अलि बढी विश्वास गरेको पाइन्छ। यिनीहरू जन्म, पास्नी, व्रतबन्ध, विवाह र अन्त्यष्टि संस्कार मनाउँछन्। अन्य हिन्दु संस्कार भएका जातिभन्दा भिन्न संस्कार केही देखिँदैन। पहिलो, फुर्सदको समयमा साँझ मादल बजाएर गीत गाउने र बस्ने चलन रहेको र अहिले आएर त्यो प्रचलन घटेको उनीहरूको भनाइ छ। उपल्लो जातिका लागि हलोजुवा, वर्षैभरिका लागि बनाइदिने र बाली भित्र्याउने समयमा खलोबाट बाली लिने प्रचलन पहिलादेखि थियो तर अहिले त्यसप्रकारको बालीघरे चलन घट्दै गएको छ। जति बेला काम गऱ्यो उत्ति नै बेला ज्याला लिने-दिने प्रचलन बढेको देखिन्छ तापनि पूर्ण रूपमा यो चलन हटेको भने छैन। यो बालीघरे प्रथा अन्य दलित समुदाय- दमाई र कामी जातिमा पनि छ। यहाँ कमाउने कामी निश्चित गरिएको हुन्छ तसर्थ वर्षको दुई पटक साउनमा र मंसिरमा बाली उठाउँछन् भने भोटोकाँठो गर्ने आफ्ना

दमाईले दशैंमा र हिउँदमा बाली उठाउने चलन रहेकोमा ज्यालामा काम गर्ने प्रचलनसँगै बाली उठाउने बालीघरे प्रथा पनि बिस्तारै हट्दै गएको छ ।

## ५.२. सुझावहरू

माझठाना गाविस वडा नं. १ मा बसोबास गर्दै आएका सार्की जातिले आफ्नो परम्परागत छालामा आधारित पेशा पूर्ण रूपमा छाडिसकेका छन् । यस पेशाप्रति अघिल्लो पुसतासमेत आकर्षित थिएन । अधिकांश सार्कीहरूले यस पेशालाई अगाडिदेखि नै नगरेको बताउँछन् । यसरी उनीहरूको जातीय पेशाप्रति चासो नहुनुमा यस पेशामा लाग्नेहरूप्रति अन्य जातिबाट हुने गरेको अपमान प्रमुख रहेको छ । अघिदेखि नै छालामा आधारित पेशा छाडिसकेकाले सीप लोप भइसकेको र यस पेशाबाट आय-आर्जन गरेर जीवन निर्वाह हुन्छ भन्ने पनि नलगोको स्थानीय युवाहरू बताउँछन् । अति आवश्यक वस्तु निर्माण गर्ने तथा सेवा प्रदान गर्ने व्यक्ति तथा समुदायप्रति घृणा गर्ने संस्कार नेपाली समाजको विडम्बना हो । उनीहरूले निर्माण गरेको वस्तु र प्रदान गरेको सेवा महत्त्वको हुने तर तिनै व्यक्ति महत्त्वहीन ठान्ने दृष्टिभ्रमकै कारण नेपाली समाजमा परम्परादेखि चल्द आएका कतिपय पेशाहरू लोप भए भने कतिपय लोपोन्मुख अवस्थामा छन् । सार्की पनि यस्तै मध्येको एक जाति हो । सार्की जातिको छालामा आधारित परम्परागत पेशालाई सम्मान गर्न जानेको भए, सीपका धनी सार्की समुदायमा छालामा आधारित उद्योग व्यवसाय चल्न सक्थे । दमाई समुदायमा तयारी पोशाक निर्माण गर्ने व्यवसाय चल्न सक्थे भने कामीका आरनहरू कृषि औजार तथा घरायसी प्रयोजनका आवश्यक भाँडा निर्माण गर्ने उद्योग बन्न सक्थे । ती पेशामा लाग्नेहरू अपमानित भएकै कारण आफ्ना ती परम्परागत पेशा छाडे । यसको परिणामस्वरूप लोप हुँदै गए । बेरोजगारी समस्या बढेर गयो । आर्थिक रूपमा राष्ट्रिय व्यापार घाटा आकाशिँदै गयो । हाम्रा कच्चा वस्तुको सही उपयोग हुन सकेन । कौडीको मूल्यमा आफ्ना कच्चा वस्तु बेच्ने र डलरमा तयारी वस्तु खरिद गर्ने प्रवृत्तिले देशको अर्थतन्त्र धराशायी बन्दै गयो । यी चुनौतीलाई सामना गर्न राज्यले युवा पुस्ताको संलग्नता बढाउन तालिमको व्यवस्था गर्ने, कामअनुसारको उचित पारिश्रमिक किटान गर्ने, तालिम प्राप्त व्यक्तिलाई व्यवसाय सञ्चालन गर्न सहुलियत दरमा ऋण तथा अनुदानको समेत व्यवस्था गर्ने जस्ता कार्य गर्न आवश्यक छ भने सामाजिक रूपमा पनि पेशाप्रति उचित सम्मान गर्ने दृष्टिकोणको विकास हुनु आवश्यक छ । यो जातिको सामाजिक तथा आर्थिक

उन्नतिका लागि निम्नलिखित कुराहरूको कार्यान्वयन गर्नु पर्ने आवश्यकता देखिन्छ :

१. यहाँ बस्ने सार्की जातिका बालबच्चाहरूलाई विद्यालयमा भर्ना शुल्क मिनाहा गरी छात्रवृत्तिहरू उपलब्ध गराउनुका साथै उच्च शिक्षाका लागि विशेष छात्रवृत्तिको व्यवस्था गर्नुपर्दछ ।

२. सरकारी सेवामा प्रवेशका लागि न्यूनतम योग्यता पुगेका दलित युवा-युवतीहरूलाई प्राविधिक शिक्षाको तालिम दिने हरेक क्षेत्रमा संलग्न गराउने व्यवस्था मिलाउनुपर्दछ ।

३. जातीय फुट ल्याउने प्रकारका नभई जातीय एकता कायम हुने गरी दलित, उत्पीडित जातिको उत्थानका लागि राष्ट्रिय नीति निर्माण हुनुपर्दछ । दलित जातिको उत्थानका लागि गठित विभिन्न संघ-संस्थाहरूलाई आवश्यक आर्थिक तथा भौतिक सहयोग राज्यस्तरबाट उपलब्ध गराइनुपर्दछ ।

४. देश विकासमा ठूलो टेवा पुऱ्याउन सक्ने युवा शक्तिको पसिनाले विदेशी भूमि उर्वर भइरहेको छ । तसर्थ यस्ता युवाशक्तिलाई देश निर्माणमा लगाउन स्वरोजगारको व्यवस्था गरिनुपर्दछ ।

५. कृषि क्षेत्रमा देखिएको परम्परागत अवैज्ञानिक तरिकालाई विस्थापन गरी वैज्ञानिक तरिकाले खेतीपाती गर्न कृषकहरूलाई तालिममा सहभागी गराई उन्नत बीउ, मल आदिको व्यवस्था गर्नुपर्दछ । उन्नत जातका पशुपालन तथा फलफूलखेती जस्ता व्यवसायमा उनीहरूलाई उत्साहित गर्नुपर्दछ । यस कार्यका लागि सहुलियत दरमा ऋृण उपलब्ध गराउनुपर्दछ ।

६. यहाँका अधिकांश सार्कीहरूको भूमि न्यून छ । निश्चित मापदण्डका आधारमा राज्यले उनीहरूलाई भूमिको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

७. यहाँ प्रौढ शिक्षा, बाल शिक्षा, महिला तथा चेलीबेटी शिक्षा कार्यक्रम सञ्चालन गरी सबैलाई साक्षर बनाउनुपर्ने देखिन्छ । साथै सीपमूलक तथा व्यावसायिक शिक्षामा पनि जोड दिँदै जानुपर्दछ ।

८. यहाँका अधिकांश परिवारहरूको आकार ठूलो रहेकाले यस समुदायमा परिवार नियोजन कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्दछ भने कलिलो उमेरमा विवाह गर्ने संस्कारलाई निरुत्साहित गर्नुपर्दछ ।

९. जातीय विभेद कम गर्नका लागि सहभोज कार्यक्रम तथा सांस्कृतिक मेलापर्वहरूमा सबैको सहभागितालाई प्राथमिकता दिनुपर्दछ भने दलितबीचको आपसी भेदभाव पनि हट्नुपर्दछ ।

१०. नेपाली समाजमा विद्यमान छुवाछूतको भावनालाई अन्त्य गर्न चेतनामूलक कार्यक्रमहरू अघि सार्नुपर्दछ । समाजमा शैक्षिक विकास गरी चेतनाबोध गर्न सकेमा विभेद कम भएर जान सक्नेछ ।

११. 'स्वास्थ्य नै जीवन हो' भन्ने कुरालाई आत्मसात गर्दै सार्की समुदायका मानिसहरूले आफू र आफ्नो परिवार, टोल तथा छरछिमेकको सरसफाइमा विशेष ध्यान दिनु आवश्यक छ ।

१२. आफ्ना छोराछोरीलाई झोला बोकाएर विद्यालय पठाउँदैमा र शुल्क तिर्दैमा मात्र अभिभावकको जिम्मेवारी पूरा हुँदैन । तसर्थ अभिभावकको तर्फबाट पनि समय-समयमा विद्यालय गएर छोराछोरीको प्रगतिबारे विद्यालय प्रशासन र सम्बन्धित शिक्षक/शिक्षिकासँग सोधपुछ गरी घरमा पनि पढ्ने समय र वातावरण सिर्जना गराइदिनुपर्ने आवश्यकता देखिन्छ ।

१३. सामाजिक तथा आर्थिक रूपले पछाडि परेका दलित जातिप्रति अन्य जातिहरूको सहानुभूति, सहयोग र सद्भावको आवश्यक छ । यस्तो वातावरण सिर्जना हुन सकेमा अन्य जातिसँग हातेमालो गरी यिनीहरू पनि अगाडि बढ्न सक्ने सम्भावना देखिन्छ । यसबाट मात्र सिङ्गो राष्ट्रको एकता मजबुत हुन सक्छ ।

उपर्युक्त तथ्यहरूको आधारमा सामाजिक समानता, शिक्षाको माध्यमबाट रुढिवादी कुरीतिको अन्त्य भई यहाँका सार्की परिवारको जीवनस्तरमा सुधार आउन सक्छ । समष्टिगत रूपमा नेपालको विकास भनेको यहाँ बसोबास गर्ने जाति-जनजातिको पछौटेपनको अन्त्य र सामाजिक एवं आर्थिक उत्थान हो । त्यसैले सामाजिक प्रतिबद्धता, मानसिक कटिबद्धता र शारीरिक अग्रसरता जरुरी छ । सरकार, समाजका सचेत वर्ग, समाजसेवी, सरकारी तथा गैरसरकारी सङ्घ-संस्थाहरू एवं स्वयं दलित उत्पीडित अवस्थामा रहेका यी जातिहरूले पनि दलित मुक्तिका लागि आवश्यक पहल गर्नुपर्दछ, जसले गर्दा सार्की जातिको आर्थिक, शैक्षिक तथा सामाजिक उत्थानका साथै समग्र राष्ट्रिय एकता र समुचित विकास हुनेछ ।

## सन्दर्भ-सूची

**(क) अन्तर्वार्ता तथा महत्त्वपूर्ण जानकारी दिने महानुभावहरू**

१. गुरुङ, इमानबहादुर (५८), अध्यक्ष, राप्रपा, माझठाना गाउँ इकाई समिति (२०६८/२/१०)।

२. तिमिल्सिना, कुलप्रसाद (४८), शिक्षक, रत्नशोभा उच्च मा.वि., माझठाना (२०६८/१/२५)

३. थापा, अम्बिका (४७), गृहिणी, माझठाना-१, कास्की (२०६८/२/१०)।

४. थापा, खिमबहादुर (५४), कर्मचारी, जनस्वास्थ्य चौकी, माझठाना (२०६८/२/२५)।

५. नेपाली, कृष्ण (१७), विद्यार्थी, रत्नशोभा उच्च मा.वि., माझठाना (२०६८/२/२९)।

६. नेपाली, कृष्णबहादुर (२९), स्थानीय बासिन्दा, माझठाना-१, कास्की (२०६८/२/२९)।

७. नेपाली, जुना (३९), स्थानीय बासिन्दा, माझठाना-१, कास्की (२०६८/२/२९)।

८. नेपाली, झगमाया (७०), स्थानीय बासिन्दा, माझठाना-१, कास्की (२०६८/२/१०)।

९. नेपाली, तर्कबहादुर (६२), स्थानीय बासिन्दा, माझठाना-१, कास्की (२०६८/२/१०)।

१०. नेपाली, धनबहादुर (४२), स्थानीय बासिन्दा, माझठाना-१, कास्की (२०६८/२/१०)।

११. नेपाली, नरबहादुर (५३), अध्यक्ष, शिक्षक-अभिभावक संघ, रत्नशोभा उच्च मा.वि., माझठाना, कास्की (२०६८/३/२८)

१२. नेपाली, पम्फा (४०), स्थानीय बासिन्दा, माझठाना-१, कास्की (२०६८/२/२९)।

१३. नेपाली, बबिता (१६), विद्यार्थी, रत्नशोभा उच्च मा.वि., माझठाना (२०६८/२/२९)।

१४. नेपाली, बसन्त (४२), स्थानीय बासिन्दा, माझठाना-१, कास्की (२०६८/२/१०)।

१५. नेपाली, बाटुली (३४), स्थानीय बासिन्दा, माझठाना-१, कास्की (२०६८/२/२९)।

१६. नेपाली, बाबुराम (६५), स्थानीय बासिन्दा, माझठाना-१, कास्की (२०६८/२/१०)।

१७. नेपाली, बुद्धिबहादुर (३९), स्थानीय बासिन्दा, माझठाना-१, कास्की (२०६८/२/१०)।

१८. नेपाली, बिबा (६४), स्थानीय बासिन्दा, माझठाना-१, कास्की (२०६८/२/१०)।

१९. नेपाली, बिमला (३४), स्थानीय बासिन्दा, माझठाना-१, कास्की (२०६८/२/१०)।

२०. नेपाली, मंगलबहादुर (५५), सदस्य, विद्यालय व्यवस्थापन समिति, रत्नशोभा उच्च मा.वि., माझठाना, कास्की (२०६८/३/२८)

२१. नेपाली, रमेश (२३), स्थानीय बासिन्दा, माझठाना-१, कास्की (२०६८/२/२९)।

२२. नेपाली, शोभा (७३), स्थानीय बासिन्दा, माझठाना-१, कास्की (२०६८/२/१०)।

२३. नेपाली, श्याम (१४), विद्यार्थी, रत्नशोभा उच्च मा.वि., माझठाना (२०६८/२/२९)।

२४. बाँस्तोला, दयाचन्द्र (६५), पुरोहित, माझठाना-१, कास्की (२०६८/२/२५)

२५. लामिछाने, होमराज (५८), किसान, माझठाना-९, कास्की (२०६८/२/२९)।

**(ख) पुस्तक तथा पत्रपत्रिका**


आहुति (२०६७), *नेपालमा वर्णव्यवस्था र वर्ग सङ्घर्ष,* ललितपुरः समता प्रकाशन।

उपाध्याय, श्रीरामप्रसाद (२०६२), *नेपालको सामाजिक, आर्थिक तथा प्रशासनिक इतिहास,* काठमाडौंः रत्न पुस्तक भण्डार।

उप्रेती, प्रेमरमण र कृष्णबहादुर थापा (२०५३), *नेपालको सङ्क्षिप्त सामाजिक, आर्थिक तथा कुटनीतिक इतिहास,* ललितपुर : साझा प्रकाशन।

कार्की, ज्ञानबहादुर (२०५३), “नेपाली समाजको सामान्य परिचय”, *हिस्टोरिया,* पोखराः इतिहास तथा संस्कृति विभाग, पृथ्वीनारायण क्याम्पस।

--------, (२०६६), “नेपाली समाजमा विद्यमान जातीय सहिष्णुतमा चुनौती”, *सामीप्य समाज विशेषाङ्क,* पोखरा : सामीप्य समाज।

-------, (२०६८), *नेपालमा जातपात तथा छुवाछूतको इतिहास,* काठमाडौं : एसिया पब्लिकेशन प्रा.लि.।

केन्द्रीय तथ्याङ्क विभाग, *पपुलेसन सेन्सस-२००१*।

के.सी., सुरेन्द्र (२०५९), *आधुनिक नेपाल,* काठमाडौंः पैरवी प्रकाशन।

क्षत्री, दिलबहादुर (२०५७), *सिद्धपीठ श्री विन्ध्यवासिनी तथा पोखराका केही मन्दिरहरू संक्षिप्त परिचय,* पोखराः श्री विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समिति।

-------, (२०६२), *प्राचीन तथा पूर्वमध्यकालीन नेपाल,* काठमाडौं : निरन्तर प्रकाशन, बागबजार ।

खतिवडा, सोमप्रसाद र पेशल दाहाल (२०५७), *नेपाली समाज र संस्कृति,* काठमाडौं : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिब्युटर्स नेपाल ।

गुरुङ, जगमान (२०४५), "शाह वंशको उदय", *अभिलाषा युवा विशेषाङ्क,* पोखरा ।

दाहाल, पेशल (२०५४), *नेपालको इतिहास,* काठमाडौं : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिब्युटर्स ।

निरौला, खगेन्द्र (२०५३), *नेपाल परिचय,* काठमाडौं : रत्नपुस्तक भण्डार नेपाल ।

पाण्डे, मधुसुधन (२०६४), *नेपालका दलितहरू,* काठमाडौं : पैरवी प्रकाशन ।

पौडेल, चन्द्रकान्त (२०५९), *कास्कीकोटको ऐतिहासिक अध्ययन,* पोखराः पृथ्वीनारायण क्याम्पस (त्रि.वि.) इतिहास तथा संस्कृति विभाग, स्नातकोत्तर तह द्वितीय वर्षको छैटौं पत्रको प्रयोजनका लागि प्रस्तुत शोधपत्र ।

प्याकुरेल, सुशील (सं.) (२०५३), *नेपालमा जातीय छुवाछूत,* काठमाडौं : अनौपचारिक सेवा केन्द्र, इन्सेक ।

प्रश्रित, मोदनाथ (२०५८), *मानवताको कलङ्क : जातपात र छुवाछूत प्रथा,* तम्घासः किरण पुस्तकालय ।

बज्राचार्य, धनबज्र (२०१९), *इतिहास संशोधन प्रमाण प्रमेय,* ललितपुर : जगदम्बा प्रकाशन ।

यादव, पिताम्बरलाल (२०५०), *नेपालको राजनीतिक इतिहास,* विहार : विजयकुमार ठेचो, आनन्दपुर ।

शर्मा, जनकलाल (२०५८), *हाम्रो समाज एक अध्ययन,* ललितपुर : साझा प्रकाशन ।

शर्मा कँडेल, देवीप्रसाद (२०५४), *आधुनिक नेपालको इतिहास,* काठमाडौं : रत्नपुस्तक भण्डार ।

सुवेदी, राजाराम (२०६०), *कास्की राज्यको इतिहास,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

**पत्रपत्रिका तथा दस्तावेजहरू**

डेमोग्राफिक ट्रेन्ड, जनरल रेकर्ड इन कास्की, २००९ ।

दलित उत्पीडित समुदायको विस्तृत विवरणसम्बन्धी पार्श्वचित्र (प्रोफाइल) २०६६, कास्की ।

माभ्कठाना गाविसको विस्तृत विवरणसम्बन्धी पार्श्वचित्र (प्रोफाइल) २०६७ ।

## परिशिष्ट १

## प्रश्नावली

१. सामान्य परिचय

घरमुलीको नाम, थर : पेशा : उमेर :

ठेगाना : धर्म : लिङ्गः

पारिवारिक विवरणः

| क्र.सं. | नाम | उमेर | लिङ्ग | शैक्षिक योग्यता | पेशा |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

२. तपाईंको आफ्नै घर छ/छैन ?

३. परिवारिक बनोट - (क) एकल (ख) संयुक्त

४. घरको किसिम - (क) पक्की (ख) पक्की कच्ची (ग) कच्ची

५. तपाईंको घरमा विद्युत् जडान गर्नुभएको छ ?

(क) छ (ख) छैन

६. तपाईं यस गा.वि.स. मा बसोबास गरेको कति पुस्ता भयो ?

७. तपाईं छोरा वा छोरी के जन्मदा खुशी हुनुहुन्छ ?

(क) छोरा (ख) छोरी (ग) दुवै

८. तपाईं समाचार सुन्ने वा पढ्ने गर्नुहुन्छ ?

(क) गर्छु (ख) गर्दिन

९. तपाईंको घर वरिपरि करेसाबारी छ/छैन ?

१०. तपाईंको घरबाहेक जग्गा छ/छैन ?

यदि छ भने - खेत (रोपनी/हल)

वारी/पाखो (रोपनी/हल)

११. तपाईंको आफ्नो जग्गाबाट भएको उत्पादनले तपाईंको परिवारमा कति समय खान पुग्दछ ?

१२. शौचालय बनाउनुभएको छ ? यदि छ भने-

(क) पक्की (ख) कच्ची

१३. तपाईंको वार्षिक आम्दानी कति हुन्छ ? रूपैया -..................

१४. तपाईंका आम्दानीका स्रोत के-के हुन् ?

१५. तपाईंका स्कूल जाने उमेरका सबै छोराछोरी स्कूल जान्छन् ?

(क) जाँदैनन् (ख) केही जान्छन् (ग) सबै जान्छन्

१६. तपाईंको घरमा -

(क) पढलेख गर्न नजान्ने (ख) पढलेख गर्न मात्र जान्ने

(ग) एस.एल.सी. पास (घ) +२ पास

(ङ) स्नातकसम्म पास (च) स्नातकोत्तर पास

१७. तपाईंले महिलालाई सुत्केरी कहाँ गराउनुहुन्छ ?

(क) घरमा (ख) स्वास्थ्यकेन्द्रमा

१८. बिरामी हुँदा उपचार कहाँ गराउनहुन्छ ?

(क) घरमै झारफुक गरिन्छ (ख) अस्पतालमा लगिन्छ

१९. तपाईंहरूले आफ्नो परम्परागत छालामा आधारित पेशा छाड्नुभयो किन ?

२०. तपाईंलाई अरू जातिले सार्कीभन्दा कस्तो मान्नुहुन्छ ?

२१. छोइछिटो हाल्ने प्रचलनलाई तपाईं के ठान्नुहुन्छ ?

(क) ठीकै (ख) हेपाहा प्रवृत्ति

(ग) सामन्ती सोच (घ) अन्धविश्वास

२२. समाजमा जातीय भेदभाव किन भयो होला ?

(क) अन्धविश्वासका कारण (ख) कामको विभाजनका कारण

(ग) वर्णव्यवस्थाका कारण (घ) धर्मको अपव्याख्याको कारण

(ङ) सामाजिक वहिष्कारका कारण

२३. नेपाली समाजमा दलित/उत्पीडित जाति नै प्रायः विपन्न हुनुको कारण के होला ?

(क) पछौटेपन (ख) अवसरबाट वञ्चित (ग) लगानीको अभाव

२४. सार्की जाति कसरी भएको होला भन्ने सन्दर्भमा तपाईंलाई केही थाहा छ ?

२५. तपाईं अन्य दलित वा गैरदलित जातिसँग वैवाहिक सम्बन्ध कायम गर्नुमा के ठान्नुहुन्छ ?

(क) राम्रो (ख) नराम्रो (ग) ठीकै

(घ) गैरदलितसँग र आफूभन्दा तल्लो ठानिएको दलितसँग बेठीक

(ङ) सबै दलितसँग ठीक

२६. परिवार नियोजनप्रति तपाईंको धारणा के छ ?

(क) आवश्यक छ (ख) आवश्यक छैन (ग) थाहा छैन

२७. गाउँमा हुने भेला/छलफल तथा निर्णयमा तपाईंको भूमिका कस्तो रहन्छ ?

(क) कम संलग्नता (ख) समान संलग्नता (ग) संलग्नता छैन

२८. तपाईंको अनुभवमा छुवाछूतको भावना कुन जातिमा बढी पाउनुहुन्छ ?

(क) ब्राह्मण (ख) क्षेत्री (ग) गुरुङ

२९. अन्त्यमा केही भन्न चाहनुहुन्छ कि ?

## परिशिष्टः २

नेपालको जातिगत जनसङ्ख्यात्मक विवरण- इ.सं. २००१ (वि.सं. २०५८)

| क.सं | जाति | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| 1 | क्षत्री | 35,93,496 | 15.80 |
| 2 | ब्राह्मण (पहाड) | 28,96,477 | 12.74 |
| 3 | मगर | 16,22,421 | 7.14 |
| 4 | थारू | 15,33,879 | 6.75 |
| 5 | तामाङ | 12,82,304 | 5.64 |
| 6 | नेवार | 12,45,232 | 5.48 |
| 7 | मुस्लिम | 9,71,056 | 4.27 |
| 8 | कामी | 8,95,954 | 3.94 |
| 9 | यादव | 8,95,423 | 3.94 |
| 10 | राई | 6,35,151 | 2.79 |
| 11 | गुरुङ | 5,43,571 | 2.39 |
| 12 | दमाई/ढोली | 3,90,305 | 1.72 |
| 13 | लिम्बू | 3,59,379 | 1.58 |
| 14 | ठकुरी | 3,34,120 | 1.47 |
| 15 | सार्की | 3,18,989 | 1.40 |
| 16 | तेली | 3,04,536 | 1.34 |
| 17 | चमार/हरिजन/राम | 2,69,661 | 1.19 |
| 18 | कोइरी | 2,51,274 | 1.11 |
| 19 | कुर्मी | 2,12,842 | 0.94 |
| 20 | संन्यासी | 1,99,127 | 0.88 |
| 21 | धानुक | 1,88,150 | 0.83 |
| 22 | मुसहर | 1,72,434 | 0.76 |
| 23 | दुसाद/पासवान/पासी | 1,58,525 | 0.70 |
| 24 | शेर्पा | 1,72,434 | 0.76 |
| 25 | सोनार | 1,45,088 | 0.64 |

| | | | |
|---|---|---|---|
| 26 | केवट | 1,36,953 | 0.60 |
| 27 | ब्राह्मण (तराई) | 1,34,496 | 0.59 |
| 28 | बनिया | 1,26,971 | 0.56 |
| 29 | घर्ती/भुजेल | 1,17,568 | 0.52 |
| 30 | मल्लाहा | 1,15,968 | 0.51 |
| 31 | कलवार | 1,15,606 | 0.51 |
| 32 | कुमाल | 93,389 | 0.41 |
| 33 | हजाम/ठाकुर | 98,169 | 0.43 |
| 34 | कानू | 95,826 | 0.42 |
| 35 | राजवंशी | 95,812 | 0.42 |
| 36 | सुनुवार | 95,524 | 0.42 |
| 37 | सुधी | 89,846 | 0.40 |
| 38 | लोहार | 82,367 | 0.36 |
| 39 | टट्मा | 76,512 | 0.34 |
| 40 | खत्वे | 74,972 | 0.33 |
| 41 | धोवी | 73,413 | 0.32 |
| 42 | माझी | 72,614 | 0.32 |
| 43 | नुनिया | 66,873 | 0.29 |
| 44 | कुम्हार | 54,413 | 0.24 |
| 45 | दनुवार | 53,229 | 0.23 |
| 46 | चेपाङ (प्रजा) | 52,237 | 0.23 |
| 47 | हल्वाई | 50,585 | 0.22 |
| 48 | राजपूत | 48,454 | 0.21 |
| 49 | कायस्थ | 46,701 | 0.21 |
| 50 | बदाही | 45,975 | 0.20 |
| 51 | मारवाडी | 43,971 | 0.19 |
| 52 | सन्थाल/सतार | 42,698 | 0.19 |
| 53 | धागर/झाँगर | 41,764 | 0.18 |


| | | | |
|---|---|---|---|
| 54 | बाँतर | 35,839 | 0.16 |
| 55 | बाराय | 35,434 | 0.16 |
| 56 | कहार | 34,531 | 0.15 |
| 57 | गंगाई | 31,318 | 0.14 |
| 58 | लोधा | 24,738 | 0.11 |
| 59 | राजभार | 24,263 | 0.11 |
| 60 | थामी | 22,999 | 0.10 |
| 61 | धिमाल | 19,537 | 0.09 |
| 62 | भोटे | 19,261 | 0.08 |
| 63 | बिन्द/बिन्दा | 18,720 | 0.08 |
| 64 | भेदिया/गदेरी | 17,729 | 0.08 |
| 65 | नुराङ | 17,522 | 0.08 |
| 66 | याक्खा | 17,003 | 0.07 |
| 67 | दरै | 14,589 | 0.06 |
| 68 | ताजपुरिया | 13,250 | 0.06 |
| 69 | थकाली | 12,973 | 0.06 |
| 70 | चिडिमार | 12,296 | 0.05 |
| 71 | पाहारी | 11,505 | 0.05 |
| 72 | माली | 11,390 | 0.05 |
| 73 | बङ्गाली | 9,860 | 0.04 |
| 74 | छन्तेल | 9,814 | 0.04 |
| 75 | डोम | 8,931 | 0.04 |
| 76 | कमर | 8,761 | 0.04 |
| 77 | बोटे | 7,969 | 0.04 |
| 78 | ब्राह्मु/बारामु | 7,383 | 0.03 |
| 79 | गाइने | 5,887 | 0.03 |
| 80 | जिरेल | 5,316 | 0.02 |
| 81 | आदिवासी/जनजाति | 5,259 | 0.02 |

| | | | |
|---|---|---|---|
| 82 | दुरा | 5,169 | 0.02 |
| 83 | चुरौटे | 4,893 | 0.02 |
| 84 | बादी | 4,442 | 0.02 |
| 85 | मेचे | 3,763 | 0.02 |
| 86 | लेप्चा | 3,660 | 0.02 |
| 87 | हल्खोर | 3,621 | 0.02 |
| 88 | पन्जाबी/सिख | 3,054 | 0.01 |
| 89 | किसान | 2,876 | 0.01 |
| 90 | राजी | 2,399 | 0.01 |
| 91 | ब्याँसी | 2,103 | 0.01 |
| 92 | हायू | 1,821 | 0.01 |
| 93 | कोचे | 1,429 | 0.01 |
| 94 | धुनिया | 1,231 | 0.01 |
| 95 | वालुङ | 1,148 | 0.01 |
| 96 | जैन | 1,015 | 0.00 |
| 97 | मुन्डा | 660 | 0.00 |
| 98 | राउटे | 658 | 0.00 |
| 99 | हेल्मो | 579 | 0.00 |
| 100 | पत्थरकट्टा/कुशवाडिया | 552 | 0.00 |
| 101 | कुसुण्डा | 164 | 0.00 |
| 102 | दलित (नखुलेको) | 1,73,401 | 0.76 |
| 103 | जाति जनजाति नखुलेको | 2,31,641 | 1.02 |

(स्रोत : पपुलेसन सेन्सस, केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौं २००१, पृ.७२-७३) ।


परिशिष्ट : ३

कास्की जिल्लाको नक्सा



परिशिष्ट : ४

अध्ययन क्षेत्र (माझठाना) को नक्सा



परिशिष्ट : ५

अध्ययन क्षेत्रसँग सम्बन्धित फोटाहरू



माझठाना-१, डाँडागाउँ (सार्कीथर) ।



स्थानीय सार्की जातिको बस्तीमा शौचालयको व्यवस्था ।



शिशु स्याहार तथा सामुदायिक भवन, माझठाना-१, डाँडागाउँ ।





